
संख्या ३, असोज २०५६

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन



# सम्पादकीय

महिला तथा बालबालिका बेचबिखन बिरुद्धको सहकर्मी समूह (एटविन) द्वारा अर्ध-वार्षिक रुपमा प्रकाशित हुँदै आएको "ओसारपसार" को तेश्रो अङ्क तपाईहरुको हातमा आइपुगेको छ । अघिल्ला दुई अङ्कमा जस्तै यस अङ्कमा पनि चेलिबेटी बेचबिखन सम्बन्धमा बिशेष लेखरचना एवं सत्य घटनाहरू समावेश गरिएका छन् ।


अहिले विश्वका कतिपय मुलुकहरू हिंसा, प्रतिहिंसाका कारण संकटग्रस्त स्थितिबाट गुज्रिरहेका छन् । यही नियति हाम्रो मुलुकले पनि भोगिरहेको छ । हिंसा र प्रतिहिंसाका घटनाक्रमहरूले देश आक्रान्त बनेको छ । यस्ता युद्धहरू हुँदा महिला तथा बालबालिकाहरू बढी पीडित हुने गरेको कुरा हामी कसैका सामु लुकेको छैन । अन्यत्र जस्तै नेपालमा पनि द्वन्द्वकै कारण सुरक्षित गाँसबासको खोजीमा गाउँबाट बाहिरिनुपर्दा, युद्धको कारण आफ्नो अविभावकको मृत्यु हुँदा आत्मनिर्णय गर्न गाह्रो परिरहेको अवस्थामा, अपराधिक मानसिकता भएका व्यक्तिहरूद्वारा महिला तथा बालबालिकाहरुलाई आफ्नो जालमा पारी ओसारपसार/बेच बिखनको शिकार बनाउने संभावना प्रवल देखिरहेको छ । त्यसकारण यस सवालमा काम गर्ने संघ-संस्था/व्यक्तिहरूको यसतर्फ ध्यान जानु जरुरी छ ।

द्वन्द्वकै कारण थुप्रै सामाजिक गतिविधिहरु ओझेलमा परेका छन् । सामाजिक गतिविधिहरुलाई पनि सीमित गर्नुपर्ने स्थिति सिर्जना भएको छ । यस्तो परिस्थितिका बाबजुद पनि एटविनले आफ्नो अभियानलाई निरन्तरता दिइरहेको छ । यसले केही क्षेत्रीय र राष्ट्रियस्तरमा सदस्य संस्थाहरूबीच धारणागत स्पष्टता सम्बन्धी कार्यशाला गोष्ठीहरू सम्पन्न गरेको छ भने सम्बन्धित निकायमा छलफल र अन्तरक्रियाको कार्यलाई पनि निरन्तरता दिइरहेको छ ।

एटविनले ११औं सार्क शिखर सम्मेलनबाट पारित महिला तथा बालबालिकाको यौन शोषणका लागि हुने ओसारपसार/बेचबिखन बिरुद्धको सार्क क्षेत्रस्तरीय महासन्धीप्रति आफ्नो धारणा स्पष्ट रूपमा राख्दै आएको छ । ओसार-पसारको यो अङ्कमा सार्क महासन्धी र संयुक्त राष्ट्रसंघद्वारा पारित बेचबिखनको लागि हुने संगठित अपराधसम्बन्धी उपलेख, २००० लाई नेपालीमा अनुवाद गरी समावेश गरिएको छ । पाठकवृन्दलाई यो अङ्क कस्तो लाग्छ, रचनात्मक प्रतिक्रिया पाएमा अनुगृहित हुने थियौं ।

# ओसारपसार

संख्या ३, असोज, २०५९




**सम्पादक मण्डल:**
भगवती नेपाल
सन्ध्या श्रेष्ठ
सुजिता शाक्य
ईन्दिरा फुँयाल
विमला ज्ञवाली

**प्रकाशन सहयोग:**
अक्सफाम जि.वि. नेपाल

**आवरण तथा लेआउट**
ग्राफिक वर्कशप
बागबजार, काठमाडौं
फोन : २४२०७२

**मुद्रक:**
कान्तिपुर अफसेट प्रेस
बागबजार, काठमाडौं
२२४४३९

**प्रकाशक:**
महिला तथा बालबालिका
बेचबिखनविरुद्ध सहकर्मी समूह
(एटविन)
पो.ब.नं. २१०८०, काठमाडौं नेपाल
फोन : ४६९१७१
इमेल : aatwin@wlink.com.np

## विषयसूचि

अग्रलेख:
**मानव बेचबिखन सन्दर्भ : व्यवसायिक यौनशोषणको निम्ति महिला र बालबालिकाको बेचबिखन** – गौरी प्रधान ........ २

विशेष लेख:
**महिला तथा बालबालिका ओसारपसार/बेचबिखन विरुद्ध राजनीतिक विश्लेषणको अपरिहार्यता** – भगवती नेपाल ........ ८

कानून:
**बेचबिखन तथा ओसारपसार विरुद्धको वैधानिक अवस्थितिः एक विश्लेषण** – भोलानाथ ढुङ्गाना ........ १२

साक्षात्कार:
**सरकारको अन्तिम लक्ष्य समाजमा आधारित पुनर्स्थापना नै हो** – प्रतापकुमार पाठक ........ २०

**पुनर्स्थापना कल्याणकारी नभई अधिकारमुखी हुनुपर्दछ** –शक्ति समूह ........ २३

जीवनकथा:
**व्यथै व्यथाको जिन्दगी** – विपना श्रेष्ठ ........ २५

दस्तावेज:
**देहव्यापारका लागि महिला तथा बालबालिकाको ओसारपसार निषेध गर्न तथा यस विरुद्ध लड्नका लागि सार्क महासन्धि (नेपाली अनुवाद)** ........ २७

**मानव, विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखनलाई रोक्न, दबाउन तथा सजाय गर्न अन्तरदेशीय रूपमा हुने संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पुरक उपलेख–२००० (नेपाली अनुवाद)** ..... ३२

संस्था परिचय:
**इन्हुरेड इन्टरनेशनल** ........ ३८

गतिविधि:
**एटवीनका गतिविधिहरू** ........ ३९

## एटविनको सूचना

**यस पत्रिकामा प्रकाशित लेख तथा रचनाहरू लेखकका निजी विचार हुन् । यसले लेखकको पदीय हैसियतको प्रतिनिधित्व गर्नेछैन । त्यससँग प्रकाशकको सहमति अनिवार्य छैन ।**

**अनुसन्धान, समाचार प्रयोजन वा उद्धरणको लागि बाहेक यस पत्रिकामा प्रकाशित रचनाहरू प्रकाशकको अनुमति विना पुनर्प्रकाशन गर्न पाइने छैन । गरिएमा प्रतिलिपि अधिकार ऐनको प्रतिकूल मानिनेछ ।**

# मानव बेचबिखन

## सन्दर्भः व्यवसायिक यौनशोषणको निम्ति महिला र बालबालिकाको बेचबिखन

**-गौरी प्रधान**
अध्यक्ष-सिविन



हामी प्रत्येक वर्ष अगष्ट २३ तारिखको दिन "दासता उन्मूलन" भएको सम्झना स्वरूप विभिन्न कार्यक्रमहरू गरी मनाउने गर्दछौं । हामीले पनि यस परम्परालाई नेपालमा अगाडि बढाइरहेका छौं । संसारको हरेक कुनाकाप्चामा दासता विरूद्ध कुनै न कुनै अभियान चलि नै रहेको छ । तर के संसारबाट साँच्चिकै दासता उन्मूलन भएको हो त ? वास्तवमा होइन । दासताको रूप र रंगहरू फेरिइएका हुन् । संसारमा दिनानुदिन मानव बेचबिखनजस्तो दासतायुक्त कुराहरू बढिरहेका छन् । एउटा तथ्याङ्कअनुसार दासतापूर्ण परिस्थितिमा काम गर्न र बाँच्न बाध्य मानिसहरूको संख्या संसारमा २ करोड ७० लाख पुगेको अनुमान गरिएको छ (स्रोतः Anti-Slavery Society) । तिनीहरू हिंसा, बल र बलपूर्वक नियन्त्रणको परिस्थितिबीच काम गर्न बाध्य भएका छन् ।

आइ.एल.ओ.ले गरेको अनुमानअनुसार संसारमा झण्डै ८ करोड बालबालिकाहरू जोखिमपूर्ण परिस्थितिमा काम गर्न बाध्य छन् । उनीहरू शोषण, हिंसा र उत्पीडनको जातोमुनी पिसिएका छन् । गरिवी, अशिक्षा र वाध्यताको कारण एक ठाउँबाट अर्को ठाउ ओसार(पसार गरिएका, जबरजस्ति बेचिएका, लोभ-लालसामा फसाइएका वा झुक्याइएका लाखौं बालबालिकाहरू खेतबारीमा, कारखानामा, यौन ब्यवसायमा, माछापालन ब्यवसायमा, ढुंगाखानी र ईट्टाभट्टा इत्यादिमा काम गर्न वाध्य छन् । बालबालिका र महिलाहरूको बेचविखन अहिलेको संसारमा सबभन्दा ठूलो दासयुक्त श्रमको रूपमा लिइएको छ । भनिन्छ, दासयुगको चरमोत्कर्ष पुगेको बेलामा भन्दा अहिले मानव बेचविखनको स्थिति १० दोब्बरले बृद्धि भएको छ ।

बालबालिका र महिला विरूद्धको अपराध वास्तवमा अपराध जगतभित्रको एउटा ठूलो अंश हो । भन्नुको अर्थ संसारमा हुने गरिने अपराधहरू सवभन्दा वेसी महिला र बालबालिकाहरू विरूद्ध नै केन्द्रित रहेको देखिन्छ । यसको मूल कारण संसारको शक्ति संरचना भित्र बालबालिका र महिलाहरूको स्थिति सवभन्दा कमजोर रहनु र उनीहरूको विरूद्ध भेदभाव र शोषण हुनु हो ।

आज संसारमा प्रत्येक वर्ष एक करोडको संख्यामा महिला र बालबालिकाहरू वेचिएका छन् । यसरी बेचिइएकाहरूको संख्या संसारमा १० करोड भन्दा वेसी पुगिसकेको छ । हाम्रो देशकै सन्दर्भमा भन्ने हो भने, ब्यवसायिक यौन शोषणको निम्ति मात्रै करीव १,५०,००० देखि २,००,००० सम्म हाम्रा चेलिवेटीहरू भारतीय देहब्यापारका मन्डीहरूमा बेचिएका कुराहरू आम चर्चाको विषय बन्न पुगेको छ । यस बाहेक श्रमशोषणको निम्ति बेचिएका बालबालिका र महिलाहरूको कुरा गर्ने हो भने उपरोक्त तथ्यांकको स्वरूपमा अझै ठूलो अन्तर देखिने छ । हाम्रो आफ्नै देशभित्र पनि जीविकाको निम्ति हज्जारौं बालबालिका र युवाहरू

शोषणमूलक श्रममा बेचिएका छन्, शोषित भएका छन्।

व्यवसायिक यौन शोषणको निम्ति नेपाली चेलीवेटीहरूको वेचविखनको क्रम धेरै अगाडि देखि नै सुरू भएको हो। मुम्वई, कोलकत्ता, दिल्ली जस्ता महानगरहरूमा खासगरी सैनिक ब्यारेकहरू र सैनिक आधार इलाकाहरू वरिपरि देहब्यापारको रंगलिला शुरू भएको धेरै अगाडि देखि नै हो । तर पनि इतिहासमा सुगौली सन्धि भए पछि यता जव देखि गोर्खाली सैनिकहरूले ब्रिटिश-भारत सेनामा भर्ति हुन थाले, त्यस बेला देखि नेपाली महिलाहरू माथि पनि उनीहरूको गिद्धे दृष्टि शुरू भएको हो।

ब्रिटिश गोराहरूको मनोरञ्जनको निम्ति बनाइएका ठाउंहरूमा भारतीय र गोर्खाली सैनिकहरूको निम्ति प्रवेश निषेध थियो । त्यस ठाउंमा जर्मनी लगायत कतिपय देशहरूबाट हरेर लिएर आएका गोरा महिलाहरूलाई पनि ती सैनिक ब्यारेकका केन्द्रमा राख्ने गरिन्थ्यो । मुम्बई र कोलकत्ता जस्ता ठाउंहरू अहिले आएर देहब्यापार र ब्यवसायीक यौन शोषणको केन्द्र रहनुको पछाडि पनि वास्तवमा ती क्षेत्रहरू धेरै पहिले देखि नै सैनिक आधार क्षेत्र रहनुले नै हो । यस कुराको पुष्टीको निम्ति थाइल्याण्डको पटाया (Pattaya) र फिलिपिन्सको सुविक अहिले पनि अन्तर्राष्ट्रिय यौन पर्यटन (Sex Tourism) को ज्वलन्त उदाहरण बनेका छन् । ती क्षेत्रहरू विगतमा अमेरीकी साम्राज्यवादी सैनिक आधार क्षेत्रका रूपमा रहेका थिए।

भारतीय देहब्यापारहरूमा बेचविखन भएका नेपाली चेलीवेटीहरूको विषयमा अध्ययन गर्दा माथि उल्लेख गरिए भैं ब्रिटिश सेनामा नेपालीहरू भारतीय गोर्खालीहरूले सेनाको काम थालेपछि त्यस्को सम्पर्क शुरूवात भएका देखिन्छ । तर उपरोक्त कुरालाई अगाडि बढाउनमा वि.सं. २००७ सालको क्रान्ति पछाडि भारत पलायन भएका राणाशाही र तिनका भाइ-भारदारहरूले पनि भूमिका निर्वाह गरेको देखिन्छ । खासगरी कोलकत्ता, मुम्बई, लखनउ, सिमला इत्यादि ठाउंहरूमा आफ्ना दरवार बनाएर बसेका राणाशाहीहरूले आफ्नो "शाही परम्परा" अनुसार नेपालका पहाडी मूलका महिलाहरूलाई भारतमा आफूसंगै प्रवेश गराएको देखिन्छ र आफ्ना समकक्षका भारतीय राजा, महाराजा र नवावहरूको निम्ति नेपाली सुन्दरीहरूलाई उपहार स्वरूप प्रदान गरेका कुराहरू पनि अनुसन्धानको क्रममा थाहा भएको छ। यसरी भारतमा राणा र बाबुसाहेवहरूको दरवार र महलमा काम गरिसकेका महिला र पुरूषहरू मार्फत विभिन्न कुराहरूको आकर्षणमा नेपाली महिलाहरूको बेचविखन शुरू भएको हो भन्ने कुरालाई पनि अस्वीकार गर्न सकिन्न।

भारतीय देह ब्यापार मन्डीहरूमा नेपाली चेलीबेटीहरूको स्थिति के कस्तो रहेको छ ? भन्ने वारेमा विगत १०-१२ वर्षको वीच विभिन्न अध्ययनहरू भएका छन्। समय-समयमा भएका विभिन्न अध्ययनहरू अनुसार सायद भारतमा त्यस्तो देहब्यापारको केन्द्र नहोला जहाँ नेपाली चेलीवेटीहरू नबेचिएका हुन्। सन् १९९६ मा महाराष्ट्रको उच्च न्यायालयको आदेशमा त्यहाँको सरकारले मुम्बईका कोठीहरूबाट १८ वर्षमुनिका सम्पूर्ण बालबालिकालाई मुक्त गर्ने सन्दर्भमा ५४७ जना चेलीवेटीहरूलाई उद्धार गऱ्यो । तर त्यसमध्ये २३८ जना चेलीबेटीहरू नेपाली रहेको पाइयो । उनीहरूको उद्धार र उनीहरूका हक-अधिकार संरक्षण र प्रवर्द्धनमा जागरूक नेपाली संस्थाहरूले महत्वपूर्ण योगदान दिएको थिए । तर यहां उठाउन खोजेको मूल कुरा भनेको चाहिं भारतीय देहबजारमा नेपाली चेलीवेटीमाथि भइरहेको अमानवीय यातना र दूर्व्यवहार हुन् ।

नेपाली चेलीवेटीहरूको ओसार-पसार र वेचविखनको सन्दर्भमा गरिएका अध्ययन अनुसन्धानहरूले वास्तवमा ९५५ भन्दा वेसी नेपाली चेलीवेटीहरू जबरजस्ती बेचिइएका र असाध्य थोरै संख्यामा मात्रै तीनीहरू स्वेच्छाले काम गरिरहेको पाइयो । त्यसरी विभिन्न जालभेल र बल प्रयोग गरी बेचिएका चेलीवेटीहरूलाई देहव्यापारमा लगाउन असाध्य अमानवीय यातना दिइने गरिएको पनि थाहा भएको छ । आफूलाई संसारकै सवभन्दा ठूलो प्रजातन्त्र (Largest Democracy of the World) भएको घोषणा गर्ने देश भारतमा हरेक दिन दशौं हजारका संख्यामा चेलीवेटीहरू विरूद्ध जवरदस्ती देहव्यापारको निम्ति यातना दिइने

**आफूलाई संसारकै सवभन्दा ठूलो प्रजातन्त्र (Largest Democracy of the World) भएको घोषणा गर्ने देश भारतमा हरेक दिन दशौं हजारका संख्यामा चेलीवेटीहरू विरूद्ध जवरजस्ती देहब्यापारको निम्ति यातना दिइने कुरा प्रजातन्त्र र मानवअधिकार कै निम्ति सरमको कुरा बन्न पुगेको छ ।**

कुरा प्रजातन्त्र र मानवअधिकारकै निम्ति सरमको कुरा बन्न पुगेको छ ।

जहाँसम्म मानव बेचबिखनको सवाल छ, यो समस्या सबभन्दा बेसी महिला र बालबालिकाहरूको विरूद्ध केन्द्रित रहेको छ । उनीहरूमा विद्यमान अज्ञानता, विवशता र गरिबीलाई प्रयोग गरी निहित स्वार्थका मानिसहरू उनीहरूलाई यौन बजार र श्रम बजारमा बेचेर धनी हुन खोजिरहेका छन् ।

संसारमा आज महिला र बालबालिकाको वेचविखनको विरूद्द तीब्र संघर्षहरू चलिरहेको छ । मानव बेचविखन, खासगरी बालबालिका र महिलाहरूको ओसार-पसारको रोकथामको विषयलाई लिएर संसारमा विभिन्न खाले अन्तराष्ट्रिय प्रयत्नहरू भएका छन् । नयाँ-नयाँ अन्तराष्ट्रिय महासन्धि र कानुनहरू तर्जुमा भएका छन् । राज्यहरूले तिनीहरूलाई सशक्तढंगले व्यवहारमा उतार्ने प्रतिवद्धताहरू गरेका छन् । तर ब्यबहारमा, त्यसको प्रभावकारी कार्यान्वयन हुनसकेको छैन । समाजमा यसखाले अपराध विरूद्ध लड्ने जागरूकता हुनुपर्दछ । राज्य संयन्त्रहरूलाई यस प्रक्रियामा सदैव कृयाशील बनाउनु पर्दछ । त्यसैको आधारमा देश-देशमा राष्ट्रिय कानुनहरू बनेका छन् । तर व्यवहारमा त्यसको सहि ढंगले प्रयोग हुनसकेको छैन । ती अन्तर्राष्ट्रिय कानून र प्रतिबद्धताहरूको सन्देश जनसमुदायमा पुग्नसकेको छैन । सरकारहरू जनहितको कार्यमा भन्दा राजनैतिक स्वार्थहरूमा केन्द्रित हुने हुँदा उनीहरूले आफ्ना प्रतिवद्धताहरूलाई व्यवहारमा रूपान्तरण गर्न सकेको छैन । तसर्थ अहिलेको आवश्यकता भनेको सरकारी संयन्त्रहरूको प्रगतिशील रूपान्तरण पनि हो । त्यस क्रममा सरकारी क्षेत्रमा विद्यमान नातावाद, घुसखोरी, भ्रष्टाचार र राजनीतिकरणको विरूद्ध त्यहाँका असल मानिसहरू, नागरिक समाज र जागरूक जन-संगठनहरू मिलेर गतिशील र प्रभावकारी कार्यक्रमहरू चलाउनु पर्दछ ।



मानव बेचविखन मानवअधिकारको उल्लंघन सम्बन्धी एक अन्तर्राष्ट्रिय मुद्दा हो । मानव बेचविखन सम्बन्धी सबैजसो विषयहरू खासगरी व्यावसायिक यौनशोषणको निम्ति महिला र बालबालिकाहरूको बेचबिखन आज भोलि विश्वव्यापी सरोकार बन्न गएको छ । लाखौं र करोडौंको संख्यामा विभिन्न खाले जालझेलका साथ बेचिएका बालबालिका र महिलाहरूलाई जोगाउन यसको विरूद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै क्षेत्रमा जागरूक अभियानहरू अगाडि बढिरहेका छन् ।

बालबालिका र महिलाहरूको बेचबिखनको रोकथाम र नियन्त्रण गर्न र बेचिएकाहरूको उपचार, सशक्तिकरण र सामाजिक पुनएर्कीकरणको निम्ति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयत्नहरू भइरहेका छन्। यस विषयलाई लिएर सन् १९९६मा स्वीडेनको राजधानी स्टकहोममा "बालबालिकाहरूको व्यवसायिक यौनशोषण विरूद्धको अन्तर्राष्ट्रिय सम्मेलन" सम्पन्न भएको थियो । सन् १९९६ मा सम्पन्न भएको सम्मेलनले "स्टकहोम घोषणा-पत्र" जारी गरी सरकारहरूबाट त्यसको कार्यान्वयनको निम्ति अनुमोदनप्रति प्राप्त भएको थियो । सन् २००१ मा जापानको योकोहामामा विगत ५ वर्षको उपलब्धि र चुनौतीहरूलाई समीक्षा गर्दै यस क्षेत्रमा नयाँ कार्ययोजनाहरू तर्जुमा गरेको थियो ।

महिला र बालबालिकाहरूमा केन्द्रित मानव वेचविखनको सवाल हाम्रो देशमा मात्रै नभएर सिंगो दक्षिण एशियामा नै चुनौतिपूर्ण

बनिरहेको छ । यही वास्तविकतालाई ध्यानमा राख्दै नेपालमा सम्पन्न भएको सार्कको एघारौं शिखर सम्मेलनको दौरान देह ब्यापारको निम्ति बालबालिका र महिलाहरूको वेचविखन र ओसार पसार सम्बन्धी क्षेत्रीय महासन्धि पारित भएको थियो । र त्यसको कार्यान्वयनको विषयलाई लिएर निकट भविष्यमा नै नेपालमा मन्त्रिस्तरीय बैठक सम्पन्न (Aug, 2002) हुन गइरहेको छ । यस विषयलाई लिएर नेपालमा पनि नागरिक समाजको तर्फबाट विभिन्न गैरसरकारी संस्थाहरू क्रियाशील भइरहेका छन् ।

बालबालिका र महिला मुक्तिको निम्ति नागरिक समाजको भूमिका असाध्य महत्वपूर्ण छ । नेपालमा बालबालिका र महिला हक-अधिकारको संरक्षण र प्रवर्द्धनको निम्ति नागरिक समाजका संघ-संस्था र समुदायहरूले निर्वाह गरेका भूमिका सराहनीय छ । तर यस क्रममा संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूले निर्वाह गरेका कार्यक्रमहरू गम्भीर र दिगो विकासलाई प्रोत्साहन दिनेभन्दा "ग्लामोराइज्ड" कार्यक्रममा बेसी लगानी भइरहेको कुराहरू पर्यवेक्षकहरूले टिप्पणी गरेका छन् । यसवाहेक "देशी-विदेशी कन्सल्ट्याण्ट" हरू मिलेर महिला र बालबालिका विरूद्ध भइरहेका बेचविखनको सवाललाई आफ्नो ठेकेदारी प्रथा बनाउने जुन काम देशमा भइराखेको छ त्यसलाई दुरूत्साहन गर्नु पनि जरूरी छ । तसर्थ अव ती संस्थाहरूले गर्दै आएका "तारे होटल कार्यक्रमहरू" लाई जनस्तरीय कार्यक्रममा रूपान्तरण गर्नुपर्ने चुनौती विद्यमान रहेको छ ।

मानव वेचविखन एक गम्भीर सामाजिक अपराध हो । यो विषय बेचिएका मानिसहरू खासगरी महिला र बालबालिकाको अधिकार संरक्षणसँग सम्बन्धित विषय पनि हो । धेरै वर्ष अगाडि दासयुगको अन्त्य भइसकेको भए तापनि त्यसको अवशेषहरू अझै पनि सक्रिय रहिरहेको छ । मानिसलाई बेचबिखन गर्ने र तिनीहरूलाई व्यवसायिक मुनाफाको माध्यम बनाउनु सिंगै मानवजातिकै निम्ति कलङ्क सावित भएको छ । तसर्थ राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनको भावना विपरित आज संसारमा जुनखाले महिला र बालबालिकाको वेचविखन जारी छ त्यसको मूल जराको रूपमा विद्यमान गरीवी, शोषणमूलक आर्थिक-सामाजिक सम्बन्ध र शक्ति संरचनामा रहेको असन्तुलन र भेदभाव पूर्णरूपले अन्त्य हुनैपर्दछ ।

हाम्रै देशको सन्दर्भमा भन्नुपर्दा पनि मानव बेचविखन खासगरी देहव्यापारको निम्ति बालबालिकाको ओसार-पसार र बेचविखन एक परम्परागत समस्या हो । समय र परिस्थितिअनुसार यसको प्रवृत्ति र प्रकृतिमा फेर बदल भइरहेका छन् तर महिला र बालबालिकाहरूको ओसार-पसार र बेचविखन भने रोकिएको छैन ।

वि.सं. २०४६ सालमा सम्पन्न ऐतिहासिक जनआन्दोलनपछि हाम्रो देशमा पनि यस विषयमा व्यापक सामाजिक चेतना जागृत भएको छ । यसको विरूद्ध राजनैतिक प्रतिबद्धता र सामाजिक परिचालनहरू पनि शुरू भएको छ । नेपाल प्रहरीले महिला र बालबालिका विरूद्धको अभियानलाई प्राथमिकताको विषय बनाएको छ । सरकारले यस विषयमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू जाहेर गरेको छ । तर अहिले गरेका प्रतिबद्धताहरू कसरी व्यवहारमा रूपान्तरण गर्ने भन्ने विषयमा सरकार असमञ्जसमा परेको देखिन्छ । कानुनहरू तर्जुमा भएका छन्, तर व्यवहारमा प्रभावकारी छैनन् । सरकारको विभिन्न निकायहरूको वीचमा समन्वय छैन । नीति र कानुनहरू कार्यान्वयन गर्ने संरचनाहरू सम्बन्धित विषय वस्तुवारे स्पष्ट छैन । कार्यक्रमहरू हचुवाको भरमा तर्जुमा हुन्छन् । तीनका कुनै पनि दीर्घकालीन दृष्टिकोण र दिगोपन छैन ।

सरकारले गरेका कार्यक्रमहरूको तुलनामा नागरिक समाज, खासगरी गैरसरकारी क्षेत्रमा भएका गतिविधिहरू अलि जागरूक देखिएका छन्, तापनि माथि भनिएका कतिपय कमजोरीहरूको शिकार तिनीहरू पनि भएका छन् । त्यसको बावजुद पनि चेलिवेटी र बालबालिकाहरूको बेचविखनको विरूद्धमा आज समुदायमा कसैले काम गरिरहेका छन् भने ती गैर सरकारी संस्थाहरू नै हुन् । समस्या समाधानको विषयमा चाहीं रोकथाममूलक हुन या उपचारात्मक या पुनस्थापनात्मक ती सवै क्षेत्रहरूमा कुनै न कुनै रूपले गैससहरू

**यस क्रममा संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूले निर्वाह गरेका कार्यक्रमहरू गम्भीर र दिगो विकासलाई प्रोत्साहन दिनेभन्दा "ग्लामोराइज्ड" कार्यक्रममा बेसी लगानी भइरहेको कुराहरू पर्यवेक्षकहरूले टिप्पणी गरेका छन्।**

**मानव बेचबिखनको कुरा गर्दा मानिसहरू उसको गरिबीलाई दोष दिन्छन्, तर गरिबी भन्ने कुरा त्यस प्रसंगको एउटा पक्ष मात्रै हो, महत्त्वपूर्ण कुरा त सामाजिक संरचनाभित्र शक्ति र स्रोतको असन्तुलन र अन्यायपूर्ण बाँडफाँड नै हो।**

संलग्न छन्। यदि हामीले उनीहरूका गतिविधिहरूमा गतिशिलता ल्याउन सक्यौं, सरकारको तर्फबाट समन्वय र सहयोग गर्न सक्यौं भने भविष्यमा यो अभियान अझै प्रभावकारी बन्न सक्ने छ।

मानव बेचविखन मानव विरूद्धको अपराध हो। तर यो अपराधको संरक्षण र प्रवर्द्धन भने सामाजिक शोषण, भेदभाव र अन्यायहरूमा आधारित हाम्रो आर्थिक सामाजिक संरचनाले नै गरिरहेको छ। जबसम्म संसारमा महिला र पुरुषबीचको सामाजिक असमानताको अन्त्य हुन सक्दैन वा जबसम्म समाजमा पुरुषको हैकममुखी संरचना विद्यमान रहिरहन्छ वा जबसम्म महिला र बालबालिकाहरूको सामाजिक स्वरूप प्रतिष्ठापूर्ण बन्न सक्दैन, यो समस्या कुनै न कुनै रूपमा रहिरहन्छ। मानव बेचबिखनको कुरा गर्दा मानिसहरू उसको गरिबीलाई दोष दिन्छन्, तर गरिबी भन्ने कुरा त्यस प्रसंगको एउटा पक्ष मात्रै हो, महत्त्वपूर्ण कुरा त सामाजिक संरचनाभित्र शक्ति र स्रोतको असन्तुलन र अन्यायपूर्ण बाँडफाँड नै हो।

बालबालिका र महिलाहरूको बेचबिखनको सवाल एक अन्तर्राष्ट्रिय समस्या हो। यो एउटा देशभित्र मात्र सीमित छैन वा सिमाना जोडिएका दुई मुलुकहरूमा मात्र केन्द्रित छैन। यो समस्या सारा संसारभरि नै कुनै न कुनै रूपमा व्याप्त रहेको छ। तसर्थ यसको समाधानको निम्ति देशभित्र राज्य संयन्त्र संवेदनशील र क्रियाशील हुनुपरेको छ भने सिमाना जोडिएका देशहरूबीच दुईपक्षीय कुराकानीको माध्यमबाट हल निकाल्नुपर्दछ भने, आवश्यकताअनुसार क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रयास अगाडि सारी मानव बेचबिखनविरूद्ध विश्वव्यापी अभियान संचालन गर्नुपर्दछ।

**कानुन र व्यवहार :**

मानव बेचबिखन, खासगरी बालबालिका र महिलाहरूको ओसार-पसार र बेचविखनको विषय सिंगो संसारमा नै राजनैतिक महत्त्वको मानवअधिकार विषयको रूपमा उठिरहेको छ। यो समस्या महिला र बालबालिका विरूद्ध परिलक्षित अपराधहरूमा सबभन्दा निकृष्ट समस्याको रूपमा खडा भएको छ। तसर्थ यसखाले अपराधको दमन र निर्मूलको निम्ति आज सिंगो विश्वमा विभिन्न प्रयत्नहरू भएका छन्। यस सम्बन्धमा विभिन्न खाले अन्तर्राष्ट्रिय कानुनहरू बनेका छन्, पुराना अवधारणामा संशोधन भएका छन् र नयाँ नयाँ सोच र दृष्टिकोणहरूको विकास भएका छन्। त्यसखाले अन्तर्राष्ट्रिय कानुन, महासन्धि र अवधारणाहरू अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय स्तरमा बनेका छन् र ती अन्तर्राष्ट्रिय कानुनहरूको क्षेत्रीय, राष्ट्रिय र स्थानीय कार्यान्वयनहरूको सम्बन्धमा विभिन्न नीति, ऐन र कानुनहरू बनेका छन्। तर अहिलेको संसारको सबभन्दा ठूलो चुनौती भन्नु नै तिनीहरूको व्यवहारिक रूपान्तरण हो।

सामान्यतया राज्यको प्रवृत्ति भनेको अन्तर्राष्ट्रिय प्रतिष्ठाको निम्ति अन्तर्राष्ट्रिय महत्वको महासन्धिहरूलाई अनुमोदन गर्ने तर तिनीहरूलाई व्यवहारमा उतार्न भने राजनैतिक इच्छाशक्ति प्रदर्शनी गर्न गाह्रो मान्ने खालको हुन गएको छ। हाम्रै देशको सन्दर्भमा भन्नुपर्दा पनि नेपालको सकारात्मक पक्ष भनेको मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूलाई असाध्य उत्साहित ढंगले अनुमोदन गर्ने तर त्यसको कार्यान्वयन प्रक्रियामा भने खासै ध्यान नदिने पक्ष हाबी रहेको छ।

बालबालिका र महिलाहरूको ओसार पसार र बेचबिखनको विषयमा कुरा गर्दा विगत एक दशकमा नेपालमा महत्त्वपूर्ण कार्यहरू भएका छन्। यो विषय कुनै समस्याग्रस्त क्षेत्रमा मात्र नभई सिंगो देशमा नै एक जागरुक अभियानको रूपमा बढिरहेको छ। यस विषयलाई लिएर राष्ट्रियस्तरमा पनि थुप्रै छलफल र वहसहरू हुनाको साथै यस विषयमा राष्ट्रिय नीतिहरू तर्जुमा भइसकेको छ। यतिञ्जेल नेपालले बालबालिका र महिलाहरूको ओसार-पसार र बेचबिखनको विरूद्ध व्यवस्था भएका अन्तर्राष्ट्रिय कानुन र महासन्धिहरूमा (क) जबरजस्ती गरिने वेश्यावृत्तिको दमनसम्बन्धी महासन्धि (ख) महिला विरूद्ध हुने सवै प्रकारको भेदभाव विरूद्धको महासन्धि (१९७९) (ग) बालअधिकार सम्बन्धी महासन्धि (१९८९) (घ) शसस्त्र संघर्षमा बालबालिकाको संलग्नता र बालबालिकाको वेचविखन, वेश्यावृत्ति र बाल अश्लिल प्रकाशन विषयमा बालअधिकार

सम्बन्धी सन्धिपत्र (२००१) (छ) निकृष्ट प्रकारको बालश्रम निर्मूलन सम्बन्धी महासन्धि (आइ.एल.ओ. महासन्धि नं. १८२) आदिलाई नेपाल सरकारले अनुमोदन गरिसकेको छ ।

यस बाहेक गत वर्ष (२००१) मा नेपालमा सम्पन्न सार्क सम्मेलनको दौरान पारित भएका दुई महत्त्वपूर्ण महासन्धिहरू मध्ये एक "वेश्यावृत्तिको निम्ति बालबालिकाको बेचविखन र ओसार-पसार सम्बन्धी क्षेत्रीय महासन्धि" मा नेपालको तर्फबाट हस्ताक्षर भइसकेको भएतापनि त्यसको अनुमोदन हुन बाँकी छ । यसै सन्दर्भमा नेपालमा विद्यमान ऐन कानुनले बालबालिका वेचविखन र ओसार पसार सम्बन्धी विषयवस्तुमा स्पष्टता कायम गर्न नसकेको र त्यसको कार्यान्वयनमा विविध खालको चुनौतिहरू विद्यमान रहेको हुँदा यस सम्बन्धमा व्यवस्था गर्न जीउ मास्ने बेच्ने कार्य नियन्त्रण विधेयक तर्जुमा भएको हो । उपरोक्त विधेयकले जीउ मास्ने बेच्ने कार्यलाई निषेध गर्दै यसको नयाँ परिभाषा अगाडि सारेको छ । जस अनुसार मानिसको खरिद विक्रि गर्ने कार्य, बेश्यावृत्ति गरेमा वा गर्न लगाएमा, बालक वा होस् ठेगाना नभएको व्यक्तिलाई लगाएमा वा वेश्यागमन गरेमा त्यस्तो कार्यलाई जीउ मास्ने बेच्ने कार्यको रूपमा परिभाषित गरेको छ । उपरोक्त परिभाषा पहिलेको भन्दा फराकिलो भएको देखिएतापनि यसले वेश्यावृत्तिको निम्ति हुन सक्ने सबै खालको सम्भावनाहरूलाई समेटेको देखिदैन ।

यस बाहेक उपरोक्त प्रस्तावित ऐनको कार्यान्वयनको सम्बन्धमा कुरा गर्दा दण्ड सजायको विषयवस्तुहरू कडा देखिएतापनि त्यस्को कार्यान्वयन पक्ष फितलो हुन पुग्यो भने त्यस्को प्रभावकारिता स्वतः कमजोर हुन जानेछ । जे होस्, प्रस्तावित ऐनमा उल्लेखित कुराहरूमा क्षतिपूर्तिको रकम पीडित पक्षलाई दिनु पर्ने, जीउ मास्ने बेच्ने सम्बन्धी विषयमा सुराकी दिनेलाई पुरस्कार, जीउ मास्ने बेच्ने नियन्त्रण समितिको ब्यवस्था, पुनर्स्थापना केन्द्रको स्थापना र सामाजिक एकीकरणको ब्यवस्था यसको सकारात्मक पक्षहरू हुन् । ●

**विधेयकले जीउ मास्ने बेच्ने कार्यलाई निषेध गर्दै यसको नयाँ परिभाषा अगाडि सारेको छ । जस अनुसार मानिसको खरिद विक्रि गर्ने कार्य, बेश्यावृत्ति गरेमा वा गर्न लगाएमा, बालक वा होस् ठेगाना नभएको व्यक्तिलाई लगाएमा वा वेश्यागमन गरेमा त्यस्तो कार्यलाई जीउ मास्ने बेच्ने कार्यको रूपमा परिभाषित गरेको छ ।**

**जीवन कथा**

# हराएका छोरीहरू

मानबहादुर गोलेको भाइकी साली भारततिर बस्दछिन् । उनले गाउँका केही युवतीहरूलाई उतै भारततिर रोजगारीमा लगाइदिएकी पनि थिइन् ।

रोजगारी र पैसाकै लालचमा एक दिन मानबहादुरले आफ्नी १६ वर्षकी र साथीकी १८ वर्षिया छोरीलाई उनै भाइकी सालीमार्फत सर्कसमा काम दिलाउन लिएर गए । छोरी पुऱ्याउन लागेको खर्च रु. १६००।- सर्कस मालिकले दियो । यसरी मानबहादुर छोरीहरुलाई तीन बर्ष लागि त्यहीं छाडेर आए ।

बेला-बेलामा चिठी पत्र र टेलिफोन गर्ने सहमति भएको भए तापनि २ वर्षसम्म छोरीहरूको कुनै खुट खबर आएन । यताबाट टेलिफोन गर्दा पनि छोरीहरु भेटिएनन् । मानबहादुर खोजी गर्न भारततिर पनि गए तर छोरीहरूको पत्तो लागेन ।

मानबहादुरका यी सबै कुराहरूलाई गाउँलेहरूले शङ्काको घेरामा पार्दै लगे । केही संस्थाहरूको पनि सहयोगमा मानबहादुर विरुद्ध छोरीबेटी बेचविखनको अभियोग लगाई उदयपुर जिल्ला प्रहरी कार्यालयमा उजुरी पऱ्यो ।

पक्राउ परेका मानबहादुरले एक हप्ताभित्र छोरीहरू ल्याउने शर्तमा उनलाई छोडियो । मानबहादुरले छोरीहरू त भेट्न सकेनन् सकेनन् रोजगारी दिलाउने भाईकी सालीलाई पनि भेटेनन् । तर सर्कसमा पुऱ्याउन सघाउने विदेशी दलाल लालचनलाई भने विभिन्न बहाना बनाएर गाईघाटमा ल्याई जिप्रकामा बुझाए । प्रहरीले मानबहादुरलाई पनि छोडेन ।

यसरी यी दुइजना थुनिएपछि मानबहादुरका भाइलाई छोरीहरूको खोजीमा पठाइयो । उनले पनि केही खुटखबर ल्याउन सकेनन् । पछि मानबहादुरलाई नै एक हप्ताका लागि पुनः छोरीहरू खोज्न पठाइयो । यसपाली भने मानबहादुर उतैतिरबाट फरार भए । पछि लालचनलाई पनि छोडियो । यस घटनालाई कोही पनि सहज रूपमा मान्न तयार छैनन् । यसरी यी दुई छोरीहरू बर्षौदेखि हराएका हरायै छन् । ●

साभार.

**रिपोर्ट, महिला तथा बालबालिका बेचबिखन विरुद्ध मध्यमश्चिमाञ्चल स्तरीय धारणा स्पष्टता गोष्ठी २६-२८ को प्रतिवेदन, एटविन, मंसिर २०५८ नेपालगंज ।**

विशेष लेख

# महिला तथा बालबालिका ओसारपसार/बेचबिखन विरूद्ध राजनितिक बिश्लेषणको अपरिहार्यता

–भगवती नेपाल,
संयोजक एटविन



समाज परिवर्तनशील छ । यो परिवर्तन भइरहन्छ र भइरहनु पनि पर्दछ । समाज परिवर्तन हुन व्यक्तिको सोच, दृष्टिकोण, धारणा र व्यवहार परिवर्तनको आवश्यकता पर्दछ । इतिहासले पनि यही कुराको पुष्टि गर्दछ । नेपालमा धेरै राजनीतिक र सामाजिक परिवर्तनहरू भएका छन् । समाजमा आउने सकारात्मक परिवर्तन संगै विकृति र यसका तरिकामा पनि परिवर्तन आउने गर्छन् । समाजको विकास र गतिशिलता संगै अपराधको तरिका र शैलीमा पनि परिवर्तन आउने गर्छ । यही प्रभाव बेचबिखन तथा ओसार-पसारको अपराधमा पनि देखा परेको छ । ओसार-पसारका परम्परागत तौर-तरिकाहरूमा धेरै फरक आइसकेको छ । तर एउटा जटिलता के कुरामा रहेको छ भने यो अपराधको इतिहास, व्यापकता, कारण, प्रयोजन, तरिका एवं संख्यात्मक तथा गुणात्मक परिवर्तनबारे प्रमाणित नै गर्न सकिने आधारहरू फेला पार्न सकिएको छैन । यस सम्बन्धी तथ्यगत अध्ययनको खाचो कायमै छ । तापनि थोरै र अस्पष्ट नै भए पनि ओसार-पसार/बेचबिखन सम्बन्धमा वि.सं. १८६५ देखि हालसम्म बनेका नियम कानुनहरूको अध्ययन गर्दा यसको प्रकृति, प्रक्रिया र दायराहरूमा परिवर्तन आइरहेको तथ्य स्पष्ट हुन्छ ।[1] ती कानूनहरूले अवधारणागत स्पष्टता देखाउन नसके पनि अन्य कुराहरूमा भने केही फरकपना भेट्टाउन सकिन्छ ।

नेपाली समाजको लागि यो अपराधको सवाल नयाँ र नौलो होइन । यो एउटा सामाजिक समस्या मात्र नभई शक्तिशालीहरूद्वारा शक्तिहीनहरू माथि गरिने योजनाबद्ध र संगठित अपराध हो । जब "शक्तिशाली"हरूको र "शक्तिहीन" को सवाल उठ्दछ, त्यहाँ राजनैतिक शासन व्यवस्था र संचालक, आर्थिक, सामाजिक संरचना र व्यवहारबीच यसको अन्तर्सम्बन्ध निश्चितै रूपमा रहेको हुन्छ । ओसार-पसारको यो सवाल यी उल्लेखित विषयहरूसँग प्रत्यक्ष सरोकार रहेको बिषय हो ।

मानव ओसार-पसार/बेचबिखन अन्त्यको लागि भएका प्रयासहरू विरूद्धको अभियानमा लाग्ने व्यक्तिहरू र संस्थाहरूको समूह, उनीहरूको कार्य र यसको प्रभाव, दिन-प्रतिदिन घटिरहेका घटनाहरूको प्रकृति, स्वरूप र दायरा, प्रभावित व्यक्तिहरू प्रति परिवार, समाज र राज्यले गर्दै आएको व्यवहार हेर्दा अब यो सवाललाई राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा विश्लेषण गरेर मात्र अगाडि बढ्नु जरूरी देखिएको छ । यहाँ कामको अनुभवको आधारमा राजनैतिक सम्बन्ध र यसलाई सो अनुरूप बिश्लेषण गर्नुपर्ने केही पक्षहरूको बारेमा उल्लेख गर्ने जमर्को गरिएको छ ।

**कानुन निर्माणको प्रक्रिया र बनेका कानुनहरूको आधार**

देशको ऐनकानुन कस्तो बन्दछ भन्ने कुरा कानुन निर्माण गर्ने ठाउँमा रहेका नीतिनिर्माताहरूको दृष्टिकोण, ऐन कानुनहरूको श्रोत, राष्ट्रिय र अन्तराष्ट्रिय परिवेश, सम्बन्धित बिषयको अवस्था र जटिलताका आधारमा भर पर्दछ । नेपालको मानव बेचबिबखन/ओसार-पसार सम्बन्धी ऐन कानुनहरूको अध्ययनले पनि यही पुष्टि गर्दछ ।

नेपालमा दासप्रथाको समयमा दास-दासी किनबेच हुने गरेका कुरा त इतिहासको पानाबाट स्पष्ट हुन्छ नै साथसाथै शासकहरूले यस सम्बन्धी ऐन कानुन निर्माण गरेको कुरा पनि स्पष्टै छ । जस्तै- नेपालको कानुनी इतिहासको कोसे ढुङ्गा मानिएको बि.सं. १९१० को मूलुकी ऐन आउनु पूर्व नै बि.सं. १८६५ मा मानिसको किनबेच गर्न नपाइने सम्बन्धी रूक्का जारी गरिएको थियो भन्ने अभिलेखहरूबाट थाहा पाइन्छ । चन्द्र शमसेरले

बि.सं. १९८१ मा दासप्रथा उन्मूलन गरिएको घोषणा र यसै सम्बन्धमा दास तथा कमारा-कमारी राख्ने तथा बेच्ने कार्यलाई निषेध गर्ने कानुन बि.सं. १९८९ मा नै जारी भएको पाइन्छ ।[2] तिनै पूर्ववत् प्रावधानहरूलाई केही फेरबदल गर्दै बि.सं. २०२० को नयाँ मूलुकी ऐन अन्तर्गत 'जीउ मास्नेबेच्नेको महल' कायम गरिएको पाइन्छ । बि.सं २०४३ सालमा आएर जीउ मास्नेबेच्ने (कार्य नियन्त्रण) ऐन बनाई कार्यान्वयनमा ल्याइएको छ । जुन अद्यापि बहाल रहेको छ । त्यसैगरी हाल आएर सरकारले तयार गरेको जीउ मास्नेबेच्ने नयाँ ओसार-पसार (कार्य नियन्त्रण) विधेयक २०५९ प्रतिनिधिसभाबाट पास भई राष्ट्रियसभामा पुगेपछि भएको प्रतिनिधिसभाको बिघटनका कारण निष्क्रिय भएको छ । यो क्रमबाट के थाहा पाउन सकिन्छ भने राज्यसत्ता संचालन प्रक्रियामा आउने उतार-चढावले यस सवाललाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर परिरहेको हुन्छ । यो त भयो ऐन कानुन निर्माणका क्रमबद्ध घटनाक्रम र व्यवहारक्रमका कुरा । यतिले मात्र राजनैतिक विश्लेषण किन ? भन्ने प्रष्ट नहुन सक्छ । त्यसकारण यी अभिलेखभित्र के कस्ता व्यवस्था उल्लेख गरिएका छन् र त्यति बेलाको अन्तराष्ट्रिय परिवेश कस्तो थियो त ? त्यो पनि हेर्न जरूरी हुन्छ । त्यसैले अब गरौं यो भित्रका राजनीतिक कुरा ।

माथिका तथ्यहरूबाट बि.सं. १८६५ भन्दा धेरै अगाडिदेखि मानव बेचबिखन हुने गर्दथ्यो भन्ने कुरा स्पष्ट हुन्छ । तर देशभित्र मात्र कि देशबाहिर पनि भन्ने स्पष्ट भने हुँदैन । अन्तर्राष्ट्रिय क्षेत्रमा ओसार-पसार (Traffic) को शुरूवात सन १९०० तिर गोरा दास व्यापार (White Slave Trade) सँगै भएको हो ।[3] थाहा पाउनैपर्ने कुरा चाहिँ के छ भने त्यही समयताका भारतमा अंग्रेजहरूले शासन गरेको र शासन गर्न आउने गोरा पुरुषहरूले आफ्नो यौन सन्तुष्टि पुरा गर्न भारतकै पिछड्याइएका जात र समुदायका महिलाहरू प्रयोग गर्ने गरेका थिए । तर पछि यी महिलाहरूबाट जन्मने बच्चा न काला न गोरा भए । गोराहरूले आफ्नो रङ्गको राजनीतिलाई बचाइराख्न बेलायतबाटै गोरा महिला ल्याउने गरेको त्यसरी ल्याएका महिलाहरूलाई घरेलु कामका साथै यौन दासी बनाउने गरेका, त्यसै गरी एक कोलोनीबाट अर्को कोलोनीमा काम गर्ने मान्छे आयात गर्ने गरेका थिए भन्ने भनाइ सुन्नमा पाइन्छ । त्यसै बेलातिर नेपालका शासकहरूद्वारा आफ्नो सत्ता टिकाइराख्न र अंग्रेजहरूले आक्रमण नगरुन् भनेर हिमाली भेगका हट्टा-कट्टा महिलाहरू "हिमकन्या" भनेर चढाउने गरेका थिए भन्ने भनाइ अहिले पनि बुढापाकाहरूबाट सुन्न पाइन्छ । यसका साथै सन् १९०४ मा बनेको 'गोरा दास व्यापार सम्बन्धी अभिसन्धी' बाट पनि थाहा पाउन सकिन्छ कि त्यतिबेला पनि सत्ता र शक्तिको खेलमा पिछड्याइएका समुदायमाथि "उच्च" ठान्नेहरूले राजनीतिक नाममा खेलवाड र शोषण गर्ने गरेका थिए । त्यति बेलाको हेर्नुपर्ने राजनीतिक पक्ष के हो भने भारतमा गोराहरूले शासन गरेको उनीहरूले आफ्नो काममा लगाउन र यौन सन्तुष्टि पूरा गर्न बेलायतबाटै गोरा महिला झिकाएको र यौन रोगबाट बच्न गोरा दास व्यापार सम्बन्धी' कानुन बनाएको तर त्यही समयमा भारतीय महिलाहरूलाई पनि यौन सन्तुष्टिको लागि प्रयोग गर्ने गरिएको भएतापनि उनीहरूको लागि कुनै किसिमको कानुनको आवश्यकता उनीहरूले देखेनन् । त्यसैगरी नेपालबाट पनि महिला पठाउने गरेको कुरा आउनु र त्यही समय ताका नेपालमा पनि मानिस बेचबिखन गर्न नपाइने सम्बन्धी रूक्का जारी हुनुले यसको सेरोफेरोमा सत्ता र शक्तिको आडमा मानव ओसार-पसार/बेचबिखन सम्बन्धी सांगठनिक र योजनाबद्ध रूपमा अपराध हुने गर्दथ्यो भन्ने कुराको अनुमानलाई पुष्टि गर्ने आधार बन्न सक्दछ ।

**लामो छलफल पश्चात एघारौं शिखर सम्मेलनमा पारित भई सबै राष्ट्रहरूले हस्ताक्षर गरी सकेका छन् अव यो अनुमोदन भई कार्यान्वयनमा आउन मात्र बाँकी छ । यस सन्धिमा पनि नागरिक समाजका थुप्रै सुझाव सरोकारहरूको सुनुवाई भने भएको छैन । त्यही सुनुवाई नभएको कारण सन्धिमा परिमार्जन गर्नु पर्ने र थप गर्नु पर्ने थुप्रै कुराहरू रहेको छन् ।**

त्यसैले यो भित्रको राजनीतिक स्वार्थ र सवाल के छ ? भनी बिश्लेषण गर्नु जरूरी छ । त्यसैगरी दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को नवौं शिखर सम्मेलन (माले घोषणा पत्र) देखि नागरिक समाजको सुझावलाई आत्मसात गरी बेचबिखन तथा ओसार-पसार छलफलको औपचारिक बिषयवस्तु बन्यो । लामो छलफल पश्चात एघारौं शिखर सम्मेलनमा पारित भई सबै राष्ट्रहरूले हस्ताक्षर गरी सकेका छन् अव यो अनुमोदन भई कार्यान्वयनमा आउन मात्र बाँकी छ । यस सन्धिमा पनि नागरिक समाजका थुप्रै सुझाव सरोकारहरूको सुनुवाई भने भएको छैन । त्यही सुनुवाई नभएको कारण सन्धिमा परिमार्जन गर्नु पर्ने र थप गर्नु पर्ने थुप्रै कुराहरू रहेको छन् । यसैको सेरोफेरोमा प्रतिनिधि सभाले पास गरेको नेपालको 'जीउ मास्ने तथा ओसार-पसार (निषेध) विधेयक, २०५९' पनि त्यस्तै अपुरो र अव्यवहारिक भएको नागरिक समाजको ठहर रहेको छ । यस कारण पनि नीति निर्माण प्रक्रियामा कहाँनेर र कुन राजनीतिक पाटोले के खेल खेलिरहेको छ भनेर अध्ययन गरी अगाडि बढ्नु जरूरी देखिन्छ ।

**कानुनी प्रक्रियामा जाँदाको अबस्थालाई नियाल्दा,**

सरकारी संरचनाको न्याय र सुरक्षा सम्बन्धी कुनै पनि निकायबाट हुने निर्णय अथवा फैसला भनेको

अन्यायमा परेका व्यक्ति वा समूहको हितको लागि हुनु पर्दछ। तर यो मुद्दाको प्रकृति र न्याय सम्बन्धी प्रकृयालाई हेर्दा पीडितको पक्षमा भएको जस्तो देखिए तापनि यथार्थमा त्यस्तो पाईदैन। यो सवाल आज सम्म पनि राजनीतिक सवाल बन्न सकेको छैन। तर बेला-बेलामा घटेका घटना अथवा मुद्दाहरू भने राजनीतिकरण भईरहेको पाइन्छ। उदाहरणको लागि सिन्धुपाल्चोकमा चर्चित दलाल सिमला र रन्जीत पक्राउ परेको बेलामा राजनैतिक इवीसमेतको अधारमा सो घटनामा संलग्न अपराधीहरूलाई कारवाही गर्न सहयोगको निमित्त लागिपरेका एकजना स्थानीय व्यक्तिको नियोजित हत्या गरिएको थियो। त्यस्तै गरी सिन्धुपाल्चोकमै प्रहरीले गरिरहेको छानविन, अनुसन्धानको कामलाई राजनीतिक कार्यकर्ताहरूले "आफ्ना मान्छेहरूलाई हस्तक्षेप नगर्नु, हामी सत्य-तथ्य आफै पत्ता लगाउँछौं" भन्दै अनुसन्धानको काममा राजनीतिको आडमा हस्तक्षेप गरिएको गुनासो त्यति बेला उक्त अनुसन्धानमा संलग्न प्रहरी अधिकारीले गरेका थिए। राजनैतिक रूपमा पक्षपाती रहेको समाजले पनि आफु बिरूद्धको अपराधबारे बोलेको, त्यसलाई कानूनी प्रक्रियामा लगेको कुरालाई पनि सकारात्मक रूपमा हेर्न सकेको छैन। मोरङ्ग जिल्ला अदालतमा परेको बेचबिखन सम्बन्धी एक मुद्दामा प्रतिवादीले होइन भन्ने प्रमाण पुऱ्याउन जग्गा पास गर्दा साक्षी बसेको कागज मालपोतबाट ल्याई पेश गरेको घटनालाई न्यायाधीशले आफ्नो अनुभव बताउने क्रममा व्यक्त गर्नुभएको थियो। पछि बुझ्दै जाँदा उक्त प्रेषित कागज पनि नक्कली ठहरिएको थियो। सिन्धुपाल्चोककै एकजना बहिनीलाई आफ्नी आमाको मृत्युको बेला आफ्नो सामाजिक संस्कार अनुसार छोरीले गर्नुपर्ने कर्तब्य गर्नबाट पनि बन्चित गरिएको एउटा घटनाले दलगत राजनीतिले ग्रस्त सामाजिक राजनीतिले पनि यो सवाललाई जेलिरहेको कुरा बुझ्न सकिन्छ। यो एउटा संगठित अपराधको रूपमा विकसित भइरहेको छ। हाम्रो मुलुककै सन्दर्भलाई जोडेर यो उदाहरणलाई हेर्दा पनि यो पुष्टि हुन्छ। यी घटनाहरू त केवल सांकेतिक उदाहरण मात्र हुन्। गाउँदेखि राष्ट्रिय तह हुँदै क्षेत्रीय/अन्तर्राष्ट्रियस्तरसम्मका दलालहरूको योजना र राजनैतिक आवरणका व्यक्तिहरूको सहयोगको सेरोफेरोमा बेचबिखन वा ओसार-पसारको अपराध भइरहेको छ। त्यसलाई धेरै कारणले कानूनको दायरामा ल्याउन सकिराखिएको छैन। तसर्थ पनि के भन्न सकिन्छ भने यस सवाललाई राजनीतिक सवाल बनाई राजनैतिकरूपमा बिश्लेषण गरेर योजना बनाइएको खण्डमा मात्र कानून प्रष्ट बन्न सक्छ अनि प्रष्ट कानूनको निष्पक्ष कार्यान्वयनबाट मात्र समस्याको सही समाधान हुनसक्छ। नत्र रूप रङ्ग हेर-फेर हुनसक्ला तर समाधान निस्कन सक्दैन।

**सिन्धुपाल्चोककै एकजना बहिनीलाई आफ्नी आमाको मृत्युको बेला आफ्नो सामाजिक संस्कार अनुसार छोरीले गर्नुपर्ने कर्तब्य गर्नबाट पनि बन्चित गरिएको एउटा घटनाले दलगत राजनीतिले ग्रस्त सामाजिक राजनीतिले पनि यो सवाललाई जेलिरहेको कुरा बुझ्न सकिन्छ। यो एउटा संगठित अपराधको रूपमा विकसित भइरहेको छ।**

**यस सवालमा काम गर्ने संघ-संस्थाको उदय र काम गर्ने प्रक्रियालाई नियाल्दा,**

नेपालको इतिहासमा यो अपराधको श्रृङ्खला धेरै लामो भए पनि यसको विरूद्धमा नागरिक समाजले संगठित आवाज उठाउन थालेको मुश्किलले दुई दशक मात्र हुँदैछ। हुन त त्यो भन्दा पहिला पनि कामहरू भएको हुन सक्छ तर २०४० सालको दशकभन्दा पछि खासगरी जन आन्दोलनपछि मात्र यस विरूद्ध नागरिक समाजको सक्रियता बढेको हो। मेरो आफ्नै अनुभवको कुरा गर्ने हो भने आफ्नो कामको क्रममा सिन्धुपाल्चोकको अवस्थालाई आधार बनाएर २०४४ सालमा मिना पौडेलले यस सवालको बारेमा एउटा लेख लेख्दा सत्ताधारी मान्छेहरूमा खैलाबैला मच्चिएको कुरा बढी याद आउँछ। सोही लेखलाई लिएर तत्कालीन सत्ताका स्थानीय ताबेदारहरूले केन्द्रका नेताको आडमा लेखकलाई "मार्न" भनेर सर्वसाधारण व्यक्तिलाई सिकाएर पठाएको घटनाले हामीलाई अहिले पनि बेला-बेलामा झस्क्याउने गर्दछ। यसबाट के अनुमान गर्न सकिन्छ भने त्यतिबेलासम्म नागरिक समाज यस सवालमा चनाखो भएको थिएन अथवा बोल्न सक्ने अवस्थामा थिएन।

बहुदलीय व्यवस्थाको आगमन पश्चात् राज्यले थुप्रै अन्तराष्ट्रिय सन्धि-सम्झौताहरू अनुमोदन गर्दै गयो। यसै बेलादेखि संघ-संस्थाहरू स्थापना हुने र यस सवाललाई आफ्नो कामको विषय बनाउने कार्य शुरु भएको हो। यो शुरूवातले चौंथो बिश्व महिला सम्मेलन (बेईजिङ्ग सम्मेलन) पछि बिस्तारै गति लियो। अहिले त जति पनि संघ-संस्थाहरू स्थापना भएका छन्, शायद उनीहरूमध्ये प्रायः संघ-संस्थाहरूले "बेचबिखन बिरूद्ध काम गर्ने" उद्धेश्य लिएकै हुन्छन्। तर जुन रूपमा संघ-संस्थाहरूको बृद्धि भएको छ सो रूपमा सवैमा सवालबारे धारणागत स्पष्टता छैन। क्रियाशील मध्येका पनि कतिपय संस्थाहरूले ओसार-पसारलाई मानवअधिकारभन्दा कल्याणकारी दृष्टिबाट हेर्दछन्। यहाँ पनि राजनैतिकरूपमा आफू प्रभावित चिन्तन वा बिचारधारा तथा आफुले समर्थन गरेको दलीय दृष्टिकोणले उनीहरूको आफ्नो दृष्टिकोणलाई प्रभावित पारिरहेको देखिन्छ। बेचबिखन तथा ओसार-पसार सम्बन्धी अमेरिकी विधेयकको चर्चा पश्चात् यस सवालमा लगानी गर्ने र स्वीकार्ने

संस्थाहरूको संख्या चरमचुलीमा पुगेको छ । यसो हुनुमा पनि राजनैतिक कारण हावी छ ।

संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिअन्तर्गत खडा गरिएको महिलाहरूको अधिकार तथा उनीहरू विरूद्ध हुने हिंसाबारे अध्ययन गर्ने प्रतिवेदक (Rapporteur) **राधिका कुमारास्वामी**ले बङ्गलादेश, भारत र नेपालमा अध्ययन गर्दा महिलाहरूको ओसार-पसार वा बेचबिखनलाई महिलाहरूको मानव अधिकारको उल्लङ्घन भएको निष्कर्ष[५]सहित आफ्नो प्रतिवेदन दिएपछि कल्याणकारी सोचवालाहरूले पनि यस सवाललाई अधिकारवादी दृष्टिकोणबाट हेरिनुपर्छ भनेर बोलीमा परिवर्तन गर्न थालेको पाइन्छ । तर धेरैजसो संस्थाहरूले यौनशोषणको लागि हुने बेचबिखन/ओसार-पसार विरूद्ध मात्र काम गरेको भेटिन्छ । एकातिर अपराधिक गिरोहको संगठन अपराध गर्न नियोजित र एकजुट भएर लागिरहेका छन्, जुन संगठन पत्ता लगाएर कानूनको फन्दामा ल्याउन पत्ता लगाउन र सो गिरोहका विरूद्धमा काम गर्न सकिरहेको पाइएको छैन, भने अर्कोतिर एउटा संस्थाले गरिरहेको काम सफल-असफल के भएको छ भनेर हेर्ने, सफल पक्षलाई निरन्तरता दिने र असफल पक्षलाई हटाउँदै नयाँ सोच र विचार ल्याउने र एकीकृत अभियानमा जुट्नसकेको पनि त्यति पाईदैन ।

तसर्थ अपराधीहरू संगठित, तर यस बिरूद्धका अभियानकारीहरू अस्तव्यस्त ? अनि आन्दोलन कसरी सफल हुनसक्छ ? उदाहरणको लागि सार्क सन्धिको निमित्त गरिएका प्रयासका कामलाई लिन सकिन्छ । सर्वप्रथम यो सवाललाई सार्कको औपचारिक छलफलको बिषय बनाउनको लागि प्रथमतः अवधारणा-पत्र बनाउने र त्यसको लागि सम्मेलन भएको स्थानमा सफल लविङ गर्नको लागि रेसिस्टेन्ट र दक्षिण एसियाली महिला मानवअधिकार परिषदले महत्त्वपूर्ण भूमिका खेलेको थियो । जुन कार्य माल्दिभ्समा सम्पन्न नवौं सार्क शिखर सम्मेलन, १९९७ को समयमा भएको थियो । यही सम्मेलनले ओसार-पसारको समस्या सिंगो सार्क क्षेत्रको समस्या हो अतः यस बिरूद्ध सदस्य राष्ट्रहरूको संगठित प्रयास हुनुपर्छ भनेर स्वीकार गरेको थियो । यही पृष्ठभूमिमा आधारित भएर बर्तमान सार्क अभिसन्धी पारित भएको हो। जुन कुरालाई नेपालमा सर्वप्रथम वहसको रूपमा ल्याउने काम **एटविन**ले गरेको थियो ।[६] १९९७ मा तयार गरिएको सो अवधारणा-पत्र माथि १९९९ अगष्ट २१ र २२ मा बंगलादेशको **ताङ्गाइमा** छलफल गरी एक मस्यौदा अवधारणा पारित गरी लगत्तै हुन गइरहेको सार्क प्राविधिक समितिको बैठकमा सुझावको लागि पेश गरिएको थियो । त्यस्तै सन १९९९ कै सेप्टेम्बर ३ र ४ मा **मुम्बई**मा भएको कार्यक्रममा भारतको नीरगौरव फाउन्डेसन (Neergaurav Foundation)ले सार्कको प्रस्तावित सन्धिको सरकारी मस्यौदाको बैकल्पिक मस्यौदासमेत तयार गरेको थियो ।[७] सोही सवालहरूमा रेसिस्टेन्ट र सानफेक को संयुक्त आयेजनामा श्रीलंकामा प्रथम जनसार्क (Ist SAARC Peoples Forum) सम्पन्न भएको थियो । यसैको दोश्रो सम्मेलन नेपालमा राष्ट्रियस्तरका नेटवर्कहरू **एटविन र नाफोस**को सह-आयोजनामा सम्पन्न भएको थियो । सम्मेलनले **मुक्तिपानी घोषणा-पत्र** (Mukti Pani Declaration) जारी गरेको थियो । त्यसैगरी एघारौं सार्क शिखर सम्मेलनको पूर्वसन्ध्यामा ती जन-सार्क सम्मेलनको पुरक बैठकले जन-सम्मेलनका घोषणापत्रहरू सार्क सचिवालयमा पेस गरेको थियो । प्रेषित सुझावहरूलाई राज्यहरूले आत्मसात गरेनन् । तैपनि एघारौ सार्क सम्मेलनमा सन्धि पारित भयो । सम्मेलन सम्पन्न भइसकेपछि जुन ५, २००२ मा **महिला कानुन र विकास मञ्च**ले एक भेला गरी पुनः संशोधनको लागि सुझाव तयार गरी सहभागी सबै संस्थाहरूको हस्ताक्षर गरी जुन २८, २००२ मा सार्क सचिवालयमा बुझाएको थियो । वर्तमान सार्क सन्धिमा परिमार्जन गरिनुपर्दछ त्यो कुरामा कसैको पनि विमति हुने छैन, तर सबैको संगठित अभियान सम्मेलनअघि हुन सकेको भए निश्चितै रूपमा बढी प्रभावकारी हुन सक्थ्यो होला । त्यस्तै पछाडिका यी कार्यहरू पनि केवल कुनै प्रतिस्पर्धाको निमित्त भन्दा साँच्चिकै सवालमा संवेदनशील भएर संगठित अभियान बन्नसक्दा बढी कामलाग्दो हुन सक्थ्यो । यस्ता कुराले काम गर्ने मान्छेलाई कता-कता झस्क्याउन सक्छ र झस्किनु पनि पर्छ । साथै माथि उल्लेखित सबै पक्षको राजनैतिक पक्ष चाहि के छ त ? विश्लेषणको जरूरत पर्दछ । अब पनि यस सवालमा काम गर्ने व्यक्ति, संस्थाहरूले यसको राजनीतिक पाटो नकेलाई अगाडि जाने हो भने मानव बेचबिखन/ओसारपसार जस्तो संगठित अपराधको अन्त्य हुन सक्दैन ।

**सन्दर्भ सामग्रीहरू:**


१. महिला अङ्क १ पेज महिला आत्मनिर्भरता केन्द्रको प्रकाशन, २०५८

२. ऐ ऐ पेज ।

3. What is Trafficking ? Page 26 Human Rights and Trafficking in Persons: A hand book, GAATW- 2000.

४. एटविन रिपोर्ट, पुवाञ्चल क्षेत्रीय कार्यशाला गोष्ठि २०५९

5. See. Integration of the human rights of women and the gender perspective violence against women: Report of the Special Rapporteur on violence against women, its causes and consequences, ms. Radhika Coomaraswamy, in accordance with commission on human rights resolution 2000/45

६. दक्षिण एशियामा महिला तथा बालबालिका ओसार पसार तथा बेचबिखन बिरुद्ध राष्ट्रिय कार्यशाला गोष्ठिको प्रतिवेदन, एटविन २०५६ ।

7. The Government Draft of SAARC Convention Against Trafficking : Critiquied and Alternative Draft Proposed. BY : Neergaurav Foundation, India 1999

# बेचबिखन तथा ओसार–पसार विरूद्धको वैधानिक अवस्थिति: एक बिश्लेषण

◆ भोलानाथ ढुङ्गाना, अधिवक्ता



**सभ्यता र सामाजिक मर्यादाको दृष्टिकोणले सम्मानजनक नमानिने यौन व्यबसायमाथि बैधानिक नियन्त्रण गरिने उपाय खोज्नुभन्दा अगाडि जीउनुका अरू उपाय नभेटिएपछि बाध्य भएर स्वेच्छापूर्वक उक्त पेशा अगाल्नेहरूलाई विकल्पमा अरू कामको व्यवस्था गरिदिनु पर्ने राज्यको अनिवार्य दायित्वलाई राज्यले पालना गर्नुपर्दछ ।**

**पृष्ठभूमि,**

प्राचीनकालदेखि नै बिभिन्न रूप र रङ्गमा हुने गरेको मानिसहरूको बेचबिखनको अपराध बिकसित नयाँ परिवेशसँगै अझ व्यापक ढङ्गले डरलाग्दो रूपमा बढ्दै गइरहेको छ । यस अपराधको जालमा विशेष गरी महिला तथा बालबालिकाहरू परिरहेका छन् । यसो भनेर पुरुष वा अन्य बेचिएका छैनन् भन्ने होइन तर पनि हालको प्रमुख चासो र समस्या भनेको महिला तथा बालबालिकाहरूको बेचबिखन नै हो । दिनानु दिन नयाँ-नयाँ रूप र रङ्गमा, स्वदेशभित्रै वा विदेशमा लगेर बिभिन्न उद्देश्य र प्रयोजनको लागि भइरहेको बेचबिखनको समस्या झन विकराल बन्दै गइरहेको छ । यद्यपि बेचबिखन हाल मात्र भइरहेको भने होइन ।

विश्व परिववेशमा हेर्दा १७औं-१८औं शताव्दी देखिनै यो अपराधको शुरूवात भएको अनुमान गरिन्छ । खासगरी उपनिवेशकारी राष्ट्रका गोरा शासकहरूले आफ्नो भोगविलासको तृप्ति पूरा गर्नको निमित्त काला जाती र कतिपय विपन्न तथा कमजोर गोरा जातीकै पनि महिलाहरूलाई आफ्ना भारदारी/दलालहरूमार्फत ओसारपसार गर्ने गराउने गरेको र यो क्रम बिस्तारै सैनिक ईलाकाहरूमा सोही प्रयोजनकोलागि युवा महिलाहरूको ओसारपसार बढ्दै गएको पाईन्छ । ओसार पसार वा बेचबिखन (Traffic) भन्ने शब्दको प्रथम प्रयोग भने सन १९०४ मा गोरा दास व्यापार (White Slave Trade) सन्धिमा भएको पाईन्छ । मध्यमवर्गीय गोराहरू तथा गोरा शासकहरूको यौन तृप्ति पूरा गर्नको निमित्त निम्न वर्गिय गोरा महिलाहरूलाई युरोप बाट अरव तथा अन्य पश्चिमी क्षेत्रतर्फ लगिन्थ्यो । जब त्यसरी लगिएका महिलाहरूमाथि शोषण भएको कुरा उनीहरू बाटै उठ्न थाल्यो तव त्यसलाई नियन्त्रण गर्ने नाममा सन् १९०४ मा उक्त सन्धिको निर्माण गरिएको हो ।[1]

नेपालमा आदिम कालदेखि नै बिभिन्न धर्म, परम्परा, संस्कृतिका नाममा र आडमा महिला तथा बालबालिकाहरूलाई मन्दिरहरूमा चढाउने आदि कार्यकालागि उनीहरूको एक ठाउँबाट अर्को ठाउँमा ओसार-पसार गर्ने वा धार्मिक वा अन्य स्वार्थको निमित्त प्रयोग गरिन्थ्यो भन्ने कुराहरूलाई बिभिन्न किसिमका प्रथाहरू जस्तै–झुमा, देउकी आदिको चलनहरूले पनि प्रष्ट पार्दछ ।

नेपालको कानुनी इतिहासको कोशेढुङ्गा मानिएको वि. सं १९१० को मुलुकी ऐन आउनु पूर्व वि.सं. १८६५ मा मानिसहरू बेचबिखन गर्न नपाईने सम्बन्धी रूक्का जारी गरिएको थियो भन्ने ऐतिहासिक अभिलेखहरूवाट यो अपराध पृथ्वीनारायण शाहको शासनकालदेखि नै कायम थियो भनी बुझ्न सकिन्छ । राणा शासनका एक मुख्य हस्ती चन्द्र शमसेरले वि. सं. १९८१ मा दास प्रथा उन्मूलन भएको घोषणा गरेपछि यसै सम्बन्धमा वि.सं. १९८९ मा दास तथा कमारा कमारी राख्ने तथा बेच्ने कार्यलाई निषेध गर्ने कानुन जारी गरेको पाइन्छ । यसरी गम्भीर एवं अमानवीय यस अपराधको ऐतिहासिक पृष्ठभूमि धेरै लामो रहेको देखिन्छ भने यसलाई नियन्त्रण वा उन्मूलन गर्नकोलागि राज्यका तर्फबाट पनि विभिन्न नियम, कानुन एवं आदेशहरू जारी गरिएका

थिए भन्ने तथ्य प्रष्ट हुन्छ ।

**बिषय प्रवेश,**

बेचबिखन वा ओसार पसारको अपराधको संजाल एक देशमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा नै फैलिएको छ । तर यस अपराधमा संलग्न अपराधीहरू जुन रूपमा बिना ढुलमुल स्पष्ट भएर आफ्नो आपराधिक कार्यतर्फ जुटिरहेका छन् त्यसको विपरित बेचबिखनको बिरूद्धमा लाग्नेहरूको बीचमा भने सधैं विवाद रहेको छ । खासगरी यो अन्तर्बिरोध भनेको यसलाई हेर्ने दृष्टिकोण नै हो ।

मानिसहरूको बेचबिखन बिभिन्न उद्देश्य र प्रयोजनको लागि देश भित्र वा बाहिर भईनैरहेको छ । तर कतिपयले यसलाई बेश्यावृत्ति संग मात्र जोडेर हेर्ने गरेका छन । उक्त मत अनुसार महिला तथा बालबालिकाहरूको बेचबिखन बेश्यावृत्तिको निमित्त हुने गर्दछ । बेश्यावृत्तिकैलागि नेपाली चेलीबेटीलाई अनेकौ बाहना र तरिकाबाट बिदेशी भूमिमा लगि बेचिने[२] बिचारहरू व्यक्त भएका पाईन्छन् । यस्तो मत राख्नेहरूले बेश्यावृत्तिमाथि नियन्त्रण गरिएको खण्डमा बेचबिखनको स्वत: नियन्त्रण हुन्छ भन्ने मान्यता राख्दछन् । सरकारले पनि यसै मान्यता अनुरूप आफ्ना नीतिहरू अगाडि ल्याएको छ । तर यो सवाललाई बेश्यावृत्ति भन्दा भिन्न राखेर हेरिनु पर्छ भन्ने धारणा अझ बलियो ढङ्गले उठिरहेको छ ।

सामान्यतया मानव बेचबिखन र ओसारपसारको कुरा गर्दा धेरैले यौन व्यवसायको विषयमा आफूलाई केन्द्रित गरेको पाईन्छ, बलपूर्वक हुने गरिने यौन व्यवसायमा प्रत्येक वर्ष हजारौं संख्यामा हाम्रा चेलिबेटिहरू बेचिएको कारणले मानिसहरूमा यस्तो सोच बिकास हुनु स्वाभाविकै हो तर मानव बेचबिखन यौन व्यवसायमा मात्र सीमित छैन । यसमा दास युक्त कार्य, बालश्रम शोषण, घरेलु श्रम, बलपूर्वक मगन्ते बनाउने कार्य, बलपूर्वक गरिने बिवाह, बाल बिवाह इत्यादि कुराहरू पर्दछन् ।[३] नेपालमा मात्र होईन अन्यत्र पनि यो विवाद देखिएको छ ।

त्यसैगरी बेचबिखन हाल महिला र बालबालिकामा मात्र सीमित नरहेर पुरुषहरूको बेचबिखनले पनि बिकराल रूप लिदैछ । आकर्षक आम्दानी हुने, नोकरीको प्रलोभनमा कम विकसित देशहरूबाट बढी विकसित देशहरूमा ओसारपसार गर्ने र निम्न वेतनमा काम लगाउन बिक्री गर्ने कार्यमा अन्तर्राष्ट्रिय गिरोह नै सक्रिय रहेको छ ।[४] निश्चय नै बिश्वव्यापीरूपमा बलात यौन व्यापार तथा शोषणको निमित्त महिलाहरूको बेचबिखन बढी मात्रामा भइरहेको छ । नेपालमा पनि यो प्रयोजनकोलागि बढी मात्रामा ओसारपसार भइरहेको छ । यी दुईको बीचमा अन्तर्सम्बन्ध भए पनि बेश्यवृत्तिलाई लक्षित रूपमा नै हेरिनु उचित हुदैन । बिभिन्न घरेलु कार्य, अङ्ग प्रत्यारोपण, सर्कसमा खेलाउन, झुक्याई बलजफ्ती बिवाहकोलागि, माग्ने बनाउन, बिना मूल्य वा न्यून मूल्यमा श्रम शोषण गर्नका निमित्त स्वदेशभित्र र बाहिर भइरहेको ओसार-पसारलाई बेवास्ता गरिनुहुँदैन ।

तसर्थ उल्लेखित बिभिन्न प्रयोजन र उद्धेश्यकोलागि देश भित्रै वा बाहिर गरिने कुनै पनि व्यक्तिको स्वेच्छा बिरूद्ध मानव अधिकारको हनन हुने गरी गरिने ओसार पसार वा शोषणलाई बेचबिखनको अपराधको दायरा भित्र राखेर हेरिनु पर्दछ । अर्थात यो सवाललाई मानव अधिकारको गम्भीर उल्लङ्घनको रूपमा हेरिनु पर्दछ । सोही अनुसारको स्पष्ट र फराकिलो दृष्टिकोण बाट बिषयवस्तुलाई हेरेर नीति नियमको तर्जुमा हुनु पर्दछ किनकि धारणागत रूपमा अस्पष्ट भएर चालिएको कदमले समस्याको जग हल्लाउन सक्दैन ।

**संबैधानिक दृष्टिकोण,**

यस अघिका संविधानहरूमा मानव बेचबिखन वा शोषण विरूद्धको हकलाई स्पष्ट संबैधानिक सुनिश्चितता प्रदान गरिएको थिएन । तर वर्तमान संविधानले यसलाई उपचार पाउने उपाय सहितको मौलिक हकको रूपमा सुनिश्चित गरिदिएको छ । संविधानले शोषण बिरूद्धको हक अन्तर्गत मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाधा बनाउन, वा कुनै किसिमले निजको इच्छा बिरूद्ध काम गराउन निषेध गरिएको छ । त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ[५] संविधानले एक होइन हरेक कुनै पनि ढङ्गले कुनै प्रयोजनकोलागि हुने मानिसको बेचबिखनलाई तथा कुनै पनि किसिमको

**नेपाली तथा भारतीय दलालहरूको संलग्नता रहेको मानिन्छ । नेपालमा अपराध घटाएर भारतमा लुकेर रहेका अपराधी हुन् वा भारतमा नै बसेर नेपालका नागरिकहरूको बिरूद्धमा अपराधिक गतिबिधि संचालन गर्नेहरू हुन् उनीहरूलाई कानुनको दायरामा ल्याई सजाय दिनको निमित्त दुई देशबीचको सुपुर्दगी सन्धिको दरिलो कार्यान्वयन हुनु आवश्यक हुन्छ ।**

शोषणलाई बन्देज लगाएको छ । जसका बिरूद्धमा नागरिकहरूमा मौलिक हकको श्रृजना गरिदिएको छ । साथै संविधानले कसैको स्वेच्छाको कामलाई भने रोक लगाएको छैन तर यसरी स्वेच्छिक काम गर्दा धारा १२ (२) (क) मा व्यवस्था गरिएको कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताको प्रतिबन्धात्मक अवस्थाको सीमालाई ख्याल गर्नु पर्ने हुन्छ । संबैधानिक प्रत्याभूति प्राप्त यस हकको पूर्णतः व्यवहारिक कार्यान्वियनको लागि राज्यले बिभिन्न कानुनहरूको निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्छ । जुन संविधानको भावनाअनुरूप हुनुपर्दछ ।

**मुलुकी ऐन २०२० को जीउ मास्नेबेच्नेको महल,**

यसले बेचबिखनको परिभाषा दिएको छैन । न त यसले के कस्तो काम गरेको खण्डमा बेचबिखन हुने हो भन्ने स्पष्टता नै दिएको छ । साथै मुलुकी ऐनको यो व्यवस्था हेर्दा बेचबिखन हुनको लागि विदेश नै पुऱ्याएको हुनु पर्ने भन्ने कुरा बुझ्न सकिन्छ । यस महलको दफा १ ले 'कसैले कुनै मानिसलाई विक्रि गर्ने उद्देश्यले ललाई फकाई नेपाल सरहद वाहिर लैजान वा लगि विक्रि गर्न हुँदैन' भन्ने व्यवस्था गरेको छ । दफा २ ले 'कसैले १५ वर्ष नपुगेका नावालग वा कुनै उमेर पुगेको भए पनि मगज विग्रेको मानिसलाई कानूनी संरक्षकको मंजुरी बेगर उसको संरक्षकत्वबाट छुटाउन वा छुटाउनको निमित्त ललाउन फकाउन हुँदैन' भनी एकातिर संरक्षकवाट छुटाउनु नै बेचबिखन हो भन्ने आशय जनाउन खोजेको छ भने अर्को तिर संरक्षकको मंजुरी भएको खण्डमा बेचबिखन नगरेको मानिने हो कि भन्ने जिज्ञासा पनि साथै उब्जाई रहन्छ । दफा ३ ले 'कसैले कसैलाई कमारा कमारी बनाउन, दास तुल्याउन वा बाँधा बनाउन हुँदैन' भन्ने व्यवस्था समेत गरेको छ । यस अन्तर्गतका अपराध गर्ने लाई बढीमा वीस वर्ष देखि कम्तिमा तीन वर्षसम्म कैद सजाय हुने व्यवस्था यस कानुनले गरेको छ । वि. सं १९१० को मुलुकी ऐनमा भएको जीउ मास्ने बेच्ने सम्बन्धी कानुनको व्यवस्थामा केही सुधार भई आएको यो महल विशेष ऐनको रूपमा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ आए पछि प्रायः निष्कृय रहेको छ ।

**नेपाल र भारतबीच सन् १९५० मा सम्पन्न "शान्ति तथा मैत्री" सन्धिअनुसार एक अर्को राष्ट्रका नागरिकहरू दुवै तर्फ सुरक्षित राजगारीको लागि कानूनी अधिकार प्राप्त छन, तर यसको कार्यान्वयन व्यवहारिकरूपमा देखिदैन ।**

**जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३**

मुलुकी ऐनमा भएको "जीउ मास्ने बेच्नेको महल"को व्यवस्था मात्र बेचबिखन नियन्त्रण गर्न पूर्ण र प्रभावकारी नभएको महशुश गरी सरकारले यो ऐन निर्माण गरेको हो । तर यसले पनि बेचबिखन वा ओसार-पसारको परिभाषा गर्न सकेको छैन । ऐनको दफा ४ ले केही कामहरू गर्न निषेध गरेको छ । त्यसैलाई कतिपयले बेचबिखनको परिभाषा ठान्ने गरेको पनि पाईन्छ । तर त्यो त निषेधित कार्य मात्र हो, अवधारणागत परिभाषा होईन । यसरी ऐनले बेचबिखन हुनकोलागि प्रथमतः मानिसलाई विदेशमा नै पुऱ्याएको हुनु पर्ने कुरालाई जोड दिएको छ भने अर्का तिर कुनै पनि तरिकाले हुने बेश्यावृत्ति संग जोडेर बेचबिखन वा ओसार पसारलाई हेरिएको छ ।

ऐनमा वाह्य क्षेत्राधिकार, प्रतिवादीमाथि प्रमाणको भार जस्ता केही सकारात्मक व्यवस्थाहरू पनि रहेका छन् । यस अपराधको उजुरी जोसुकैले गर्न सक्ने प्रावधान भए पनि पीडित बाहेक अरूको जाहेरी व्यवहारतः अपवादमा बाहेक स्वीकार नै गरिदैंन भनेपनि हुन्छ । स्वीकार गरियो भने पनि त्यसलाई अत्यन्त हल्का ढङ्गले लिएर अनुसन्धान अगाडि बढाईन्छ । पीडित आफैंले जाहेरी गर्दा पनि उसलाई प्रहरी देखि अदालत सम्म वयान लिने प्रमाणित गराउने, पुनः वयान लिने आदि झण्झट दिइनाले मानसिक रूपमा अत्याधिक यातना पुग्न जान्छ । यो अपराध सरकारवादी हुने भएकोले यसको अनुसन्धान, तहकिकात र अभियोग दायर सरकारी पक्ष बाट हुन्छ । एकातिर अनुसन्धानका कामहरू नै सम्वेदनशील भएर गरिएको हुादैन भने अभियोगकर्ता सरकार स्वयंले कतिपय अवस्थामा मुद्दा फिर्ता लिइदिने, तल्लो तहमा असफल हुने वित्तिकै पुनरावेदन गर्नका लागि पहल नगर्ने र यस्ता सवालमा पीडित पक्ष/व्यक्ति संग कुनैपनि किसिमको सल्लाह र सहमति नलिइदिनाले पीडित झन पीडित भइरहेको हुन्छ ।

एकातिर यी व्यवहारिक समस्या छन् भने अर्कातिर सैद्धान्तिक वा सारभूत रूपमा

ऐनले बेचबिखनको परिभाषा गरेको छैन । ऐनले महिलाहरूको स्वतन्त्र हिंडडुल, महिलाहरूको ओसार पसार लाई वेश्यावृतिको प्रसंग सांग जोड्न खोजेको छ । साथै बेचबिखन नै वेश्यावृतिकोलागि हुने गरेको छ र हुन्छ भन्ने दृष्टिकोण राखेको छ । यो धारणा अहिलेको परिवेश र मानवअधिकारको दृष्टिमा समेत समय सापेक्ष र न्याय सम्मत मान्न सकिदैन ।

**न्यायिक सक्रियता,**

बेचबिखनको अपराधको घटना घटेको अनुपातमा कमै मात्र मुद्दाहरू अदालत सम्म आईपुग्छन । अदालत सम्म पुगेका अधिकांश मुद्दाहरू पनि असफल भइरहेका छन् । अधिकांश मुद्दाहरू असफल हुनुको कारणकोरूपमा विद्यमान ऐनमा भएका सैद्धान्तिक तथा व्यवहारिक अस्पष्टता र कमजोरीहरू मुख्य कारक रहेका छन । जुन कुरा अदालतद्वारा प्रतिपादित नजीरहरूले पनि पुष्टि गर्दछ ।

यसका अलावा अनुसन्धानको क्रममा हुने कमजोरीहरू, पर्याप्त र भरपर्दो प्रमाणको अभाव, अपराधिक मनसाय प्रमाणित गर्न हुने अप्ठेरो, साक्षी तथा गवाहहरू अदालत समक्ष उपस्थित भई बयान दिन नसक्नु, उनीहरूले दिएको बयान आपसमा बाझिनु आदि विविध कारण प्रमुख रूपमा रहेका छन । हुनत बेचबिखन जस्तो अपराधमा अन्य अपराधहरूमा जस्तो कुनै पहिचानमूलक अवस्थिति रहँदैन । तर सोही पर्याप्त प्रमाण र अपराधिक मनसाय प्रमाणित गर्न नसकिएको कारण नै मुद्दा हार्ने मुख्य कारणको रूपमा रहेको यथार्थता प्रतिपादित नजीरहरूको अध्ययनबाट थाहा पाइन्छ ।

श्री ५ को सरकार विरूद्ध हविव मियाँ को मुद्दामा 'जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन को दफा ४ को कसुर हुनकोलागि मानिसलाई बिदेशमा लग्नु मात्र पर्याप्त हुँदैन, बेचबिखन गर्ने उद्देश्यले लगेको भन्ने पनि देखिनु अनिवार्य हुने'[६] भन्दै अपराधिक मनसायको अभाव देखाई मुद्दा हराइएको छ । श्री ५ को सरकार विरूद्ध कुमार विश्वकर्मा समेतको मुद्दामा 'बिक्रि गर्ने नियतले बिदेश लगेको भन्ने छ तर बिक्री गरेको भन्ने नदेखिने, बिक्रि गर्न नपाउदै अभियुक्तहरू पक्राउ परेको नदेखिएको, धनमाल लिई होटलमा छोडी गएको भन्नेमात्र मिसिलबाट देखिने अवस्थामा प्रहरी प्रतिवेदन दावी अनुसार अभियुक्तहरूले जीउ मास्ने बेच्नेको १ नं. को कसुर गरेको भन्न नसकिने"[७] भन्दै मुद्दाको असफलताको कारणमा समयमा नै अभियुक्त पक्राउ गर्न नसक्नु देखिएको छ । श्री ५को सरकार बिरूद्ध सुरज भन्ने सुरेश कार्की समेत भएको अर्को मुद्दामा जाहेरवालाले अदालतमा गएर वयान दिन नसकेको कारणले मुद्दा हारेको स्थिति पुष्टि गर्दै 'मुद्दाको गवाहको रूपमा रहेकी पीडित पक्ष स्वयं जाहेरवाली समेत अदालतमा आई आफ्नो जाहेरी समर्थन गर्न सकेको छैन । यस्तो स्थितिमा बिना कुनै ठोस सवुद प्रमाण प्रतिवादीहरूलाई कसुरदार ठहर्‍याउन नसकिने'[८] भनी निर्णय भएको पाइन्छ ।

**प्रस्तावित बेचबिखन सम्बन्धी विधेयक**

विद्यमान अवस्थामा कृयाशील ऐनहरू बेचबिखन नियन्त्रणकालागि सापेक्ष र प्रभावकारी नभएको कुरा सर्वत्र उठ्न थाले पछि सरकारले पनि यस सम्बन्धमा नाया कानुनको प्रस्ताव तयार गरी संसदमा पेश गरेको थियो । उक्त विधेयकप्रति नागरिक समाजका तर्फबाट थुप्रै असहमतिका स्वरहरू उठे । विद्यमान ऐनहरूमा बेचबिखनको परिभाषा उल्लेख नगरिएको तथा अन्य थुप्रै समस्या देखा परिरहेको सन्दर्भमा वर्तमान प्रस्तावित विधेयकले पनि बेचबिखनको परिभाषा भने गरेको छैन ।

"जीउ मास्ने जस्तो अमानविय कार्य गर्न रोक लगाई अनैतिक यौनजन्य कार्यनियन्त्रण गर्न तथा त्यस्ता कार्य बाट पीडित व्यक्तिको पुनर्स्थापना गरी सर्वसाधारण जनताको सदाचार, नैतिकता कायम राख्न प्रचलित कानुनलाई एकीकृत गरी समयानुकुल बनाउन वान्छनीय भएकाले"[९] भनी प्रस्तावनामा नै वेश्यावृत्ति र बेचबिखनलाई एउटै दृष्टिकोणबाट हेर्ने गरी आएको प्रस्तावित विधेयकमाथि व्यापक बिरोध र बहस पछि 'ओसार-पसार' भन्ने शब्द पनि थपेर संशोधन गरियो ।

प्रतिनिधिसभामा पेश भइसकेपछि नागरिक समाजको सक्रियतामा सांसदहरूद्धारा प्रस्तुत गरिएका संशोधनका बुँदाहरूलाई समेत समेटेर जनसंख्या तथा सामाजिक

**बेचबिखन प्रभावित व्यक्तिहरूले आफु फसेको नारकीय क्षेत्रबाट मुक्त भएर अन्य काम गरी भारतमा नै बस्न चाहेको खण्डमा विधिले दिए पनि व्यवहारमा उनीहरूले न्याय पाउनसकेका छैनन् ।**

समितिले दिएको प्रतिवेदनलाई सामेल गरेर प्रतिनिधि सभाद्धारा पारित यस विधेयकले केही नया कुराहरू ल्याएको छ। व्यापक दवाव पछि गरिएको संशोधनले ओसार पसारको परिभाषा गरेको छ, जसलाई बिधेयकले ल्याएको नौलो र थप अवधारणा मान्नु पर्छ । साथै विधेयकले विदेशमा मात्र नभएर स्वदेश भित्रै हुने बेचबिखनलाई पनि समेट्ने कोशिस गरेको छ।

यसबाहेक साक्षी तथा गवाहहरूको सुरक्षा अवधारणा, बन्द इजलासमा मुद्दाको सुनुवाई गरिने व्यवस्था, क्षतिपूर्ति तथा पुनर्स्थापनाको व्यवस्था, पीडितको अनुचित नाम प्रचारमा रोक, सार्वजनिक पदमा बस्ने व्यक्तिको अपराधमा संलग्नता रहेमा हुने परिणाम आदि व्यवस्थालाई समेट्न खोजेको छ।[१०]

**सवाल पहिचानको पक्ष** (Identification of Issue)

प्रस्तावित कानुनको प्रस्तावना र त्यस भित्र रहेका प्रावधानहरूको अध्ययन गर्दा यसको नाम र काम बिल्कुलै फरक पाईन्छ। यसको मूल प्रहार भनेको बेश्यावृत्तिमाथि पूर्णत नियन्त्रण कायम राख्नु रहेको छ। जव बेश्यवृत्तिमाथि रोक लगाईन्छ तव बेचबिखन तथा ओसार-पसारको अपराध स्वतः नियन्त्रणमा आउँछ भन्ने मान्यता विधेयकले राखेको छ। यसो गर्दा एकातिर अन्य प्रयोजनको निमित्तहुने मानिसहरूको बेचबिखन कानुनको परिधिभित्र नसमेटिने सम्भावना बढ्दछ भने अर्कातिर बाध्यतावश यौन व्यवसायमा संलग्न रहेका र रहन बाध्य बनाइएका निर्दोष व्यक्तिहरू स्वतः अपराधको दायराभित्र समेटिनेछन।

सभ्यता र सामाजिक मर्यादाको दृष्टिकोणले सम्मानजनक नमानिने यौन व्यबसायमाथि बैधानिक नियन्त्रण गरिने उपाय खोज्नुभन्दा अगाडि जीउनुका अरू उपाय नभेटिए पछि बाध्य भएर स्वेच्छापूर्वक उक्त पेशा अगांल्नेहरूलाई विकल्पमा अरू कामको व्यवस्था गरिदिनु पर्ने राज्यको अनिवार्य दायित्वलाई राज्यले पालना गर्नुपर्दछ। साथ साथै अर्को व्यक्तिको बाध्यतामा परेर सो काम गर्नेहरूलाई राज्यले जवर्जस्तमा पार्ने व्यक्ति संगै उल्टो पीडितलाई पनि अपराधी घोषित गर्नु पक्कै पनि न्यायसम्मत मान्न सकिदैन। तसर्थ बेश्यावृत्तिलाई कानुनीरूपमा बन्देज लगाउनु पर्छ वा पर्दैन भनेर राज्य र नागरिक समाजले छुट्टै बहसको थालनी गरेर सो बारेमा निर्णय लिनुको विकल्प बेचबिखन भन्नु नै "वेश्यावृत्ति" मात्र हो भनी अर्थ लगाउनु र तदअनुरूपको कानून निर्माण गरिनु वास्तविक समस्या समाधानको लागि उपयुक्त उपाय होइन।

**क्षेत्राधिकारको प्रसङ्ग** (Jurisdiction)

विद्यमान ऐनले जीउ मास्ने बेच्ने अपराधको कसुर अन्तर्गत फौजदारी न्यायालयको अधिकार क्षेत्रलाई विस्तृत बनाएको छ। ऐनको दफा २ मा[११] ऐनको बर्हिक्षेत्रीय प्रयोग अन्तर्गत कसैले यो ऐन अन्तर्गत सजाय हुने कसुर नेपाल अधिराज्य बाहिर बसेर गरेको भएता पनि यसै ऐन अन्तर्गत राज्यले मुद्दा चलाउने र सजाय गर्न सक्ने गरि अधिकार क्षेत्रको विशेष व्यवस्था गरेको छ। हालको विधेयकले पनि त्यस्तो अपराध गर्ने अपराधी नेपाली वा गैरनेपाली जो सुकै भएपनि कारवाही चलाउन सकिन गरी क्षेत्राधिकार तोकिएको छ। तर कानुनमा भएको वाहृय क्षेत्राधिकारको व्यवस्थाको व्यवहारिक कार्यान्वयनको पक्ष अहिलेसम्म प्रभावकारी हुन सकेको छैन।

नेपालका अधिकांश महिला तथा बालबालिकाहरूको बेचबिखनको बाहृय गन्तव्यको देश भारत हो। जसमा नेपाली तथा भारतीय दलालहरूको संलग्नता रहेको मानिन्छ। नेपालमा अपराध घटाएर भारतमा लुकेर रहेका अपराधी हुन् वा भारतमा नै बसेर नेपालका नागरिकहरूको बिरूद्धमा अपराधिक गतिबिधि संचालन गर्ने हरू हुन् उनीहरूलाई कानुनको दायरामा ल्याई सजाय दिनको निमित्त दुई देशबीचको सुपुर्दगी सन्धिको दरिलो कार्यान्वयन हुनु आवश्यक हुन्छ। तर यसकालागि भारतले देखाउने उदासिनता बाधक रहेको छ। अहिले सम्म एक जना पनि त्यस्ता अपराधीहरूलाई कारवाही गरिएको उदाहरण भेटिएको छैन। त्यसो त नेपाल सरकारको स्पष्ट अडान र क्रियाशिलताको अभाव पनि त्यत्तिकै ठूलो कारककोरूपमा रहेको छ। नयाँ बन्न गइरहेको यस कानुनले पनि बेहर्नुपर्ने समस्या

यही नै हो । जबसम्म यी कठिनाईहरूको कुटनैतिक समाधान खोजिदैन तबसम्म यसको व्यवहारिक कार्यान्वयन हुन सक्दैन ।

**गोपनीयता र सुरक्षा, (Secrecy and Security) :**

अभियुक्तहरूले आफुले गरेको अपराधको पोल अनुसन्धानको क्रममा वा न्यायालयमा नखुलोस भन्नकोलागी मुद्दा सगं सम्बन्धीत साक्षी तथा गवाहहरूलाई बिभिन्न किसिमको धम्कीहरू दिने गरेकोले अपराधको तथ्य खुल्न नसक्दा शंकाको सुविधा अभियुक्तले पाउने प्राकृतिक न्यायको अधिकारको आडमा अभियुक्तहरूले सफाई पाएको उदाहरण अदालती निर्णयहरू बाट देख्न सकिन्छ । साक्षी तथा गवाहको सुरक्षा सम्बन्धी यो समस्यालाई प्रस्तावित विधेयकले केही ध्यान पुऱ्याएको देखिन्छ । विधेयकले यस अन्तर्गतको अपराधको उजुरी जोसुकैले गर्न पाउने र उजुरकर्ताले माग गरेको खण्डमा प्रहरीले निजको नाम गोप्य राख्नु पर्ने व्यवस्था गरेको छ ।

त्यसैगरी कुनै व्यक्तिले प्रहरीमा उजुरी गरेको वा अड्डा अदालतमा बयान दिएको वा साक्षी भई वकपत्र गरेको आधारमा कसैबाट प्रतिशोधात्मक कारवाहीमा पर्न सक्ने कारण देखाएर प्रहरीमा अनुरोध गरेमा प्रहरीले त्यस्तो व्यक्तिको सुरक्षा प्रवन्ध गर्नु पर्ने व्यवस्था गरेको छ । त्यसैगरी हाल बेचबिखनमा परेका व्यक्तिहरूको नाम तथा तस्वीर बिभिन्न माध्यमबाट सार्वजनिक गरिने क्रम बढ्दै गईरहेको र यसले पीडितको सामान्य जीवन जिउने आशामा ठेस लागिरहेको अवस्थामा अव मर्का पर्ने व्यक्तिको स्वीकृती नलिई चरित्रमा प्रतिकुल हुनेगरी कुनै पनि किसिमका संचारका माध्यमहरूले लेख्न वा प्रसारण गर्न रोक लगाएको छ । जस्को सहि कार्यान्वयन हुन सकेको खण्डमा सुरक्षा अभावले गर्दा गवाह वा साक्षीले अदालतमा गएर आफ्नो कुरा नराखेका कारण मुद्दा हार्नु परेका घटनाहरूमा र पीडितको गोपनियताको हकमा परेको समस्याहरूमा केही कमी आउन सक्छ । यस सन्दर्भमा बन्द इजलाश सम्बन्धी अवधकारणालाई पनि सकारात्मक मान्नुपर्दछ।

**स्वविवेकीय अधिकार (Discreationary Power)**

प्राय: फौजदारी कानुनहरूमा गरिएझैं यसमा प्रहरीलाई "मनासिव कारण" को स्वविवेकीय आधार देखाएर विना पुर्जि खानतलासी, पक्राउ आदिको अधिकार प्रदान गरिएको छ । यो व्यवस्था संविधानले प्रत्याभूत गरेको विना कारण पक्राउ पूर्जि कसैलाई पनि गिरफ्तार नगरिने सम्बन्धी फौजदारी न्यायको हकको प्रतिकुल रहेको छ । जसको अन्यत्र झैं उल्लङ्घन भएको खण्डमा प्रहरीलाई शङ्कालागेको जुन सुकै विपरित लिङ्गका जोडी वा समूहहरू "बेश्यावृत्ति हुन लागेको आशङ्का" मा निगरानीमा पर्न सक्छन्। त्यस्तै यो विधेयकले पनि अभियुक्तलाई थुनामा राखेर कारवाही गर्ने वा धरौटी वा तारेखमा छोड्ने भन्ने स्वविवेकीय अधिकार तथा सजायमा बृहद स्वविवेक प्रयोग गर्न पाईने अधिकार न्यायधिशमा छोडेको छ । जस्को प्रयोगको अधारमा हुने फैसलाहरूले पीडित पक्षको भावनाको प्रतिनिधित्व गर्छ वा गर्दैन त्यो पनि स्वविवेकमा नै भरपर्नुपर्ने हुन्छ।

**पीडित पक्षको प्रतिनिधित्व Representation Of Victim in Justice)**

सामान्यतया फौजदारी अपराधको अभियोक्ता (वादी) सरकार हुने गर्दछ । यो विधेयक अन्तर्गतको अपराध पनि श्री ५ को सरकार वादी हुने छ । यस्ता मुद्दाहरूको अनुसन्धान, दायरी, मुद्दा फिर्ता आदि कुनै पनि अवस्थामा पीडित पक्षको भावना र मनसायलाई हेरिदैन । बेचबिखनको अपराधमा संलग्न अपराधीहरूको पाहुच माथिल्लोस्तरको राजनीतिक तथा प्रशासनिक नेतृत्वसम्म रहेको हुन्छ भनिन्छ । मुद्दाको अनुसन्धान देखि फिर्ता लिने सम्म यीनै पहुँचवालाहरूको हात रहन्छ, त्यो अवस्थामा उक्त मुद्दा सम्बन्धमा बीचमा कुनै निर्णय लिंदा त्यसले पार्ने सामाजिक असरको साथै पीडितको ईच्छालाई पनि आत्मसात गरिन्छ भन्ने कुराको निश्चितता कुनै कानुनले दिदैन, यसले पनि त्यो खाली ठाउ (Gap) भर्न सकेको छैन । सरकारी मुद्दा सम्बन्धी ऐनमा भएको व्यवस्थालाई पर्याप्त मान्न मिल्दैन ।

त्यस्तै अपराधमा संलग्न सार्वजनिक जवाफदेहिताको पद ओगटेको व्यक्तिलाई थप सजायको व्यवस्था त गरिएको छ तर कुनै

राजनैतिक व्यक्ति वा समूहको संलग्नताकोबारेमा कुनै व्यवस्था छैन ।

अर्को तर्फ बेचबिखनमा परेका व्यक्तिहरूलाई उद्धार वा मुक्त गर्ने समयमा उनीहरूको भावना र इच्छाको कदर गरिएको पाईदैन । नेपालबाट अन्तर्देशिय बेचबिखनको गन्तव्य र पारवहन राज्य प्रायः भारत हो । भारतले ती पीडित व्यक्तिहरूमाथि कहिल्यै जवाफदेही व्यवहार गरेको भेटिँदैन । नेपालले पनि भारत सरकारलाई यस सम्बन्धमा ठोस दबाब दिन सकेको छैन ।

नेपाल र भारतबीच सन् १९५० मा सम्पन्न "शान्ती तथा मैत्री" सन्धिअनुसार एक अर्को राष्ट्रका नागरिकहरू दुवै तर्फ सुरक्षित राजगारीको लागि कानूनी अधिकार प्राप्त छन, तर यसको कार्यान्वयन व्यवहारिकरूपमा देखिदैन । बेचबिखन प्रभावित व्यक्तिहरूले आफु फसेको नारकीय क्षेत्रबाट मुक्त भएर अन्य काम गरी भारतमा नै बस्न चाहेको खण्डमा विधिले दिए पनि व्यवहारमा उनीहरूले न्याय पाउनसकेका छैनन् ।

यस अतिरिक्त विधेयकले प्रतिवादीमा प्रमाणको भार रहने, बेचबिखन गरी प्राप्त गरेको सम्पत्ति जफत, उजुरकर्तालाई पुरस्कार, पीडितलाई क्षतिपूर्ति, जीउ मास्नेबेच्ने कार्य नियन्त्रण समिति, बन्द इजलाश सम्बन्धी अवधारणा, पुनर्स्थापना केन्द्र एवं कोषको व्यवस्था, गरेको छ जस्को सफल कार्यान्वयन हुन सकेको खण्डमा राम्रो मान्नुपर्दछ ।

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा प्रवेश पाउने बित्तिकै भएको प्रतिनिधि सभाको बिघटनले विधेयकलाई अप्ठेरोमा पारिदिएको छ । अव यसको पुनः प्रवेश कुनरूपमा हुने हो, अनिश्चित नै रहेको छ । तर यो खाली समयदेखि नै यसको कमजोर पक्षहरूकों बारेमा व्यापक बहस र अभियानहरू संचालन गरी यसमा केही परिमार्जन गराउन सकेमा राजनैतिक तरलताको कारण उत्पन्न परिस्थितिको सही उपयोग हुन सक्छ ।

**क्षेत्रीय तथा अन्तर्राष्ट्रीय व्यवस्थाको परिपालना,**

मानव बेचबिखन तथा ओसारपसारको समस्या दक्षिण एशियाको साझा समस्या हो भन्ने कुरामा सहमत हुँदै हालै नेपालमा सम्पन्न एघारौं सार्क सम्मेलनले बेश्यावृत्ति तथा यौन व्यापारको निमित्त हुने महिलाहरूको अवैध ओसारपसार सम्बन्धी महासन्धि पारित गरेको छ । अवधारणगतरूपमा बेश्यावृत्तिमाथि केन्द्रीकृत भई आएको यस सन्धिले बेचबिखन तथा ओसारपसारका सवै रूपहरूलाई समेट्न नसकेपनि साझा सवालकोरूपमा लिएर यस बिरूद्ध संयुक्त अभियान वा कदम चाल्न सार्क राष्ट्रहरू सहमत भएका छन । राष्ट्रहरूका बीच छुट्टै सुपुर्दगी सन्धि नभएको खण्डमा र भए पनि यसलाई आधार बनाएर अपराधीहरूको आदान प्रदान गर्नसकिने प्रावधान सन्धिमा रहेको छ ।

त्यस्तै यस अपराधलाई आफ्नो देशको फौजदारी राष्ट्रिय कानुनमा सूचिकृत गरेर नियन्त्रणको उचित व्यवस्था मिलाउने, अपराधीलाई सजाय दिनकोलागि आपसी कानुनी सहायताका प्रावधानहरू रहेका छन् । हाल सम्म सार्कका कुनै पनि राष्ट्रले अनुमोदन नगरेको यस सन्धिको छिटो अनुमोदन गरी सही कार्यान्वयनमा ल्याउदै कमजोरीहरू सुधारको निमित्त निरन्तर अभियानरत रहनु आवश्यक छ ।

अन्तर्राष्ट्रिय स्तरमा बेचबिखन तथा ओसार पसारलाई निषेध गर्न थुप्रै प्रावधानहरू रहेका छन । बेश्यावृत्तिकोलागि हुने महिलाहरूको ओसार पसारको दमन गर्ने सम्बन्धी सन १९४९ को सन्धि र बिषेष गरी महिला तथा बालबालिकाहरूको ओसार पसार सम्बन्धी अर्न्तदेशीय संगठित अपराध उन्मूलन सम्बन्धी राष्ट्रसंघीय उपलेख, २००० यस सवालसँगै विशेषरूपले केन्द्रीकृत गरी बनेका सन्धिहरू हुन् । नेपालले अघिल्लो सन्धिमा सहमति जनाइसकेको छ भने दोस्रोमा जनाएको छैन । बेचबिखनको सवाललाई स्पष्टसँग समेटिएको यस उपलेखलाई अनुमोदन गरी कार्यान्वयनमा ल्याउनु उपयुक्त हुन्छ ।

यसबाहेक मानव अधिकारको बिश्वव्यापी घोषणा पत्र १९४८, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी राष्ट्र संघिय अभिसन्धि १९६५, आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी राष्ट्र संघीय अभिसन्धि १९६५, महिला बिरूद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन विषयक सन्धि, १९७९, बालअधिकार सम्बन्धी

महासन्धि १९८९ तथा अन्य सम्बन्धित धेरै दस्तावेजहरूले कुनै पनि तरिकाले, कुनै पनि प्रयोजनकोलागि हुने शोषण तथा ओसारपसारलाई मानवअधिकारको उल्लघंन मानेको छ । नेपालले उल्लेखित मानव अधिकारसँग सम्बन्धित दस्तावेजहरूलाई अनुमोदन गरिसकेको अवस्थामा यसको क्रमशः कार्यान्वयन गर्नु राज्यको अनिवार्य कर्तव्य हुन्छ, तर सन्धि हस्ताक्षरमा अगाडि रहेको नेपालमा कार्यान्वयनको स्थिति भने अत्यन्त नाजुक रहेको छ ।

**अन्त्यमा,**

बेचबिखनको अपराधको इतिहासको भ्ग्ण्डै संगै शुरू भएको यसको कानुनी इतिहासको क्रम अपराधको व्यापकताको अनुपातमा प्रभावकारी हुन सकेको छैन । यसको मुख्य कारण भएका कानुनहरूको सही कार्यान्वयनमा देखिएको अत्यन्त सिथिल अवस्था र कानुनहरूमा देखिएको सवाललाई हेर्ने अस्पष्ट दृष्टिकोण एवं अपर्याप्त प्रावधान हुन । यसै पृष्ठभूमिमा आउन लागेको कानुन पनि इतिहास पछ्याउने निरन्तरता भन्दा फरक हुन सकेन भने कुनै अर्थ रहने छैन । यसले अपराधको परिवर्तित रूप, उद्धेश्य र प्रयोजनहरूलाई समेत बिश्लेषण गर्दै अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई पनि समेट्दै कानुनको निर्माण र कार्यान्वयन गरिनु पर्दछ । तसर्थ अपराधिको मात्र होइन पीडितका आँखाबाट समेत सवाललाई हेरिनुपर्दछ ।

**References:**


1. Human Rights and Trafficking in Persons: a Hand Book P. 26 GLOBEL ALLIANCE AGAINST TRAFFICKING IN PERSONS, 2001

२. गोविन्दप्रसाद थापा, बेलिबेटी बेचबिखन तथा बाल यौन शोषणः वर्तमान चुनौती तथा समाधानका उपायहरू विषयक कार्यशाला गोष्ठिमा प्रस्तुत कार्यपत्र, ०५६

३. गौरी प्रधान, मानव बेचबिखन : सन्दर्भ महिला र बालबालिका, पेज ५ महिला अङ्क १, महिला आत्मनिर्भरता केन्द्र २०५८

४. महिला, पेज अङ्क १ २०५८ महिलाआत्मनिर्भरता केन्द्रको प्रकाशन

५. नेपाल अधिराज्यको संविधान, २०४७, धारा २०

६. सर्वोच्च अदालत बुलेटिन २०४९ वर्ष १, अंक १० पृष्ठ ३

७. ने.का.प. २०४५ भाग ३ अङ्क १० पृष्ठ १०१५ नि.नं .३६०४

८. ने.का.प. २०४८ भाग ३ अङ्क १० पृष्ठ ६१८ नि.नं. ४३८५

९. जीउ मास्नेबेच्ने तथा ओसार-पसार कार्य-निषेध) विधेयक, २०५९ को प्रस्तावना

१०. हेर्नुहोस्, प्रस्तावित जीउ मास्नेबेच्ने तथा ओसार-पसार कार्य (निषेध) विधेयक, २०५९।

११. जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा २ ।



विजया दशमी तथा दीपावली २०५९ को शुभ उपलक्ष्यमा समस्त नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**महिला आत्मनिर्भरता केन्द्र**

मेलम्ची, सिन्धुपाल्चोक
फोन : ०११-६२३५३, ०११-६३००९
इमेल : mank@hons.com.np

# सरकारको अन्तिम लक्ष्य समाजमा आधारित पुनर्स्थापना नै हो ।

**–प्रतापकुमार पाठक**
**सह-सचिव, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय**
**कार्यक्रम निर्देशक, जीत**

(ओसारपसारको यस अंकमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सह-सचिव तथा चेलिबेटी ओसार-पसार तथा बेच-बिखन विरूद्ध संयुक्त कार्यक्रम (जित) का राष्ट्रिय कार्यक्रम निर्देशक श्री प्रतापकुमार पाठकसँग चेलिबेटी बिखनको सेरोफेरोमा रही गरिएको सात्क्षाकार प्रस्तुत गरेका छौं । सं.)

**एटविनः–** चेलिबेटी बेचबिखनमा परेका व्यक्तिहरूको उद्धार तथा पुनर्स्थापनाको लागि सरकारले के कस्ता कार्यक्रमहरू संचालन गरिरहेको छ ?

**पाठक :–** अहिले सम्म सरकारले नै पुनर्स्थापनाको छुट्टै कार्यक्रम संचालन गरेको छैन । केही गैर सरकारी संघ संस्थाहरूले स्थापना गरेका पुनर्स्थापना गृहहरू मात्र छन् । हाल चेलिबेटी बेचबिखन हुने २६ जिल्लाका जोखिममा पर्न सक्ने महिलाहरूलाई ल्याएर तालिम दिने जस्ता काम गरेर रोकथामको पक्षमालागि रहेका छौं । यस कममा अहिले नुवाकोटमा जीत कार्यक्रम अन्तर्गत हामीले एउटा आश्रयको (Shelter) निर्माण गर्दैछौं । यो महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र जिल्ला विकास समितिको सहकार्यमा हुनेछ । त्यो गृह नमूनागृहको रूपमा हुनेछ ।

**एटविनः** विभिन्न पुनर्स्थापना गृहमा ल्याएर राखिएकाहरूलाई शशक्तिकरण गर्नका लागि तालिम, सीप र ज्ञानका कार्यक्रमहरू के के भइरहेका छन् ?

**पाठक :** अहिले सम्म जानकारीमा आए अनुसार गैरसरकारी संस्थाहरूमा त यस्ता कार्यक्रमहरू Package नै छ । खासगरी उनीहरूको मनोवैज्ञानिक क्षमता र सीप अभिवृद्धि गरेर समाजमा उनीहरूलाई स्वावलम्बी तरिकाले बाँच्नसक्ने किसिमको कार्यक्रम संचालन गरिहेका छन् ।

**एटविनः–** कतिपय अवस्थामा पुनर्स्थापना गरेर पीडामा परेकाहरूलाई उद्धार गरेर तिनीहरूलाई गृहमा राख्ने मात्र कामहरू भई रहेको छ, परिवारमा उचित पुनर्मिलन गराउने कामहरू कम भएका छन् भन्ने कुराहरू आइरहेको छ यो खालको कुरा कत्तिको सही हो ?

**पाठकः–** यो एकदमै सही हो वास्तवमा आश्रयमा आधारित पुनर्स्थापना (Shelter based Rehabilitation) जति सरल हुन्छ समुदायमा आधारित पुनर्स्थापना (Community base Rehabilitation) एकदमै गाऱ्हो हुन्छ किनभने यो सामाजिक सांस्कृतिक मूल्य, मान्यतासँग गाँसिएको विषय हो । एकपल्ट समाजबाट टाढिइसकेपछि त्यो समाजमा पुनर्मिलन गाऱ्हो कुरा हो । तर हाम्रो अन्तिम लक्ष्य भनेको समाजमा आधारित पुर्नस्थापना नै हो । आश्रयमा आधारित पुनर्मिलन अन्तर्गत केन्द्रमा राखिन्छ, यसका न्यूनतमस्तर पनि कायम गर्नुपर्दछ । त्यो न्यूनतम स्तरभित्र समय पनि पर्दछ । एउटा निश्चित समयपछि उनीहरूलाई समाज मै पुनर्स्थापना गर्ने दायित्व चाहिं सरकार र त्यस्ता संघ-संस्थाहरूले पनि लिनुपर्दछ । यसको लागि रणनीतिक रूपले अगाडि बढ्नुपर्दछ ।

**एटविनः–** पुनर्स्थापित व्यक्तिहरू फेरि बाहिर निस्केर जोखिममा पर्नसक्ने स्थितिको सम्भाव्यतालाई यहाँले कसरी हेरिरहनु भएको छ ?

**पाठकः–** वास्तवमा हामीहरू रणनीतिक रूपले अगाडि बढ्न नसकेको हुनाले यो कुरो आएको हो । एउटा कुरो, हाम्रो न्यूनतम स्तर

निर्धारित छैन । पुनर्स्थापनाका न्यूनतम आधारभूत कुराहरू के के हुन् ? जबसम्म त्यो पूरा गर्दैनौं फेरि पहिलेकै अवस्थामा फर्कने सम्भावना उनीहरूमा रहिरहन्छ । ती पुनर्स्थापना गृहहरू न्यूनतम मानव अधिकारको मापदण्ड कायम हुनुपर्दछ भन्ने कुराको प्रत्याभूतिको लागि सरकार र नागरिक समाज मिलेर प्रयास भैरहेको छ । यदि हामिले न्यूनतम आधारभूत कुराहरू निर्धारण गर्न सक्यौं भने त्यसबाट पार भएको मानिसहरू समाजमा पुनर्स्थापित हुनका लागि सजिलो हुन्छ । अहिलेको अवस्था भने हामीसँग धेरै कमी-कमजोरीहरू छन् र सुधार गरेर जानुपर्ने कुराहरू धेरै छन् ।

**एटविनः**– गैरसरकारी संस्थाहरूले गरी रहेको कामहरूलाई सरकारको तर्फवाट सुपरिवेक्षण (Monitoring) गर्ने कामहरू कतिको भइरहेको छ जस्तो लाग्छ यहाँलाई ?

**पाठक** :– सुपरिवेक्षण (Monitoring) र मूल्यांकन (Evaluation) कमजोर पक्षको रूपमा रहेको छ । सुपरिवेक्षण गर्नको लागी त्यसको न्यूनतमस्तर हुनुपर्दछ । केको आधारमा हामीहरूले सुपरिवेक्षण गर्ने । सुपरिवेक्षण गर्दा सुपरिवेक्षणका मापदण्डहरू (Monitoring Standards), सुपरिवेक्षण प्रविधिहरू (Monitoring Mechanisms), स्थापित गर्नुपर्ने आवश्यकता रहेको छ । खासगरी निरीक्षणको क्रम चाहि हाम्रो जारी छ । हामीले गएर हेरेका छौं । त्यसलाई पनि पद्धतिको आधारमा नराखेसम्म सशक्त हुन सक्दैन । यसको लागि पुनर्स्थापना केन्द्र कस्तो हुनुपर्दछ भन्ने निर्देशिका (Guideline) चाहिँ हुनुपर्दछ ।

**एटविनः**– अहिलेसम्म पुनर्स्थापना सम्बन्धमा कुनै स्पष्ट खालको नीति छैन हैन त ?

**पाठक** :– छैन ।

**एटविन** :– सरकारले छिट्टै पुनर्स्थापना सम्बन्धी नीति ल्याउँदैछ भन्ने सुनिंदैछ । त्यो नीतिको प्रारूप कस्तो खालको होला ?

**पाठक** :– हामीले ऐनको संशोधनमा प्रस्ताव गरेका छौं । पुनर्स्थापनासम्बन्धी ऐनको व्यवस्था हुनु पर्दछ भन्ने कुरा अहिले हामीले ऐनमै राखेका छौं । जुन जीउ मास्ने बेच्ने नियन्त्रण सम्बन्धी ऐन छ, त्यस अन्तर्गत नै पुनर्स्थापना सम्बन्धी अवधारणा समावेश गरेका छौं । त्यो हुना साथै पुनर्स्थापना केन्द्रको कानुनी हैसियत (Legal status) पनि हुन्छ । त्यसपछि धेरै कुरा कानुनले नै निर्धारण गर्दछ । त्यसलाई कुनै पुनर्स्थापना केन्द्रमा कार्य संचालनका विधि कस्तो हुने, त्यसमा ब्यवहारका न्यूनतम मापदण्डहरू के-के हुने ? त्यो गरेन भने सुपरिवेक्षण कसरी गर्ने त्यसमा जिम्मेवारी को कसको हुने, त्यो सबै जिम्मेवारी स्पष्ट हुनको लागि पनि हामी अहिले नागरिक समाज साग बसेर यो कुरा अगाडि बढाइरहेका छौं । मलाई आशा छ ऐन पनि अब संसद निर्माण भएपछि पास हुन्छ । त्यो ऐन पास भएको सँगसँगै यो पुनर्स्थापना गृहसम्बन्धी व्यवस्था पनि हामी ल्याउँछौं ।

**एटविनः**– अहिले संसद पनि नभइरहेको अवस्थामा जीउ मास्नेबेच्ने नियन्त्रण सम्बन्धी विधेयक पुनर्जीवित गराउनु पर्दछ । त्यसको लागि केही समय त लाग्छ त्यसको लागि तत्कालीक रूपमा केही नीतिहरू आएका छन् या आउँछन् ?

**पाठक** :– यसमा हामी नीतिका रूपमा जान सक्छौं । कानुन नै बनाउन सक्दैनौं । नीतिलाई जबसम्म कानुनले सहयोग पुऱ्याउँदैन कार्यन्वयन गर्न गाऱ्हो हुन्छ । त्यसकारण कानुन मै राख्नुपर्दछ ।

**एटविनः**– पुनर्स्थापनाका निमित्त पूर्वाधार के हुनुपर्दछ भन्ने लाग्दछ ?

**पाठक** :– न्यूनतम पूर्वाधार नै सवभन्दा पहिलो कुरा हो । जो त्यस्तो अपराधिक कार्यको शिकार भएका छन् उनीहरूको मानसिक स्तर चाहिँ ठीक पार्नु पर्दछ । त्यसकारण सबैभन्दा पहिले उनीहरूलाई मनोविमर्शका सेवाहरू र स्वास्थ्य सम्बन्धी सेवाहरू चाहिन्छ । दोश्रो भनेको मानसिक र ब्यावसायिक क्षमता विकास गर्ने खालका पूर्वाधारहरू चाहिन्छन् । तेश्रो, उनीहरूले गरेको उपभोग र उत्पादन गर्न सक्ने पूर्वाधार चाहिन्छ । त्यति भएपछि उनीहरू समाजमा स्वावलम्बी भएर बाँच्न सक्ने भए कि भएनन् भनेर परीक्षणको ब्यवस्था गरेपछि मात्रै न्यूनतम पूर्वाधार भएको भनेर हामी मान्न सक्छौं । यी चार तहका कुराहरू अति आवश्यक कुराहरू हुन् ।

**एटविन** :– पुनर्स्थापनाका लागी न्यूनतम मानव अधिकारका मापदण्डहरू के

के हुनुपर्दछ जस्तो लाग्छ ?

**पाठक** :- यसको लागी हामीले एउटा निर्देशिका नै तयार गरेका छौं । त्यो अन्तराष्ट्रिय सिद्धान्तमा नै आधारित छ । अन्तराष्ट्रिय मानव अधिकारका संयन्त्रहरू (International Human Right Instrument) भन्दा बाहिर जाने कुरै हुँदैन । उनीहरूसँग सर्म्पक भएदेखि लिएर उनीहरूले केन्द्र नछाडेसम्मको अवस्थामा उनीहरूको नैसर्गिक अधिकारको संरक्षण हुने गरी गर्ने हो। मानव अधिकारको विश्वव्यापी व्यवस्था त एउटै नै छ जहाँ पनि । त्यसमा तलमाथि नहुने गरी हामीले व्यवहार गर्ने हो ।

**एटविन**:- पीडितको पुनर्स्थापना र उद्धारका बेला गरिने व्यवहारहरू अधिकारको रूपमा होइन बरू एक खालको कल्याणको रूपमा भइरहेको छ, भन्ने पीडित पक्षको तर्फबाट गुनासाहरू आइरहेका छन् । यस सन्दर्भमा यो विषय अधिकारकै विषय हैन र?

**पाठक** :- यो अधिकार र कल्याणको विषय अहिले ठूलो सवाल (Issue) को रूपमा आइरहेको छ । हुन त अधिकार स्थापनाका लागि शुरूआत त हामीले कल्याणबाटै गनुपर्ने हुन्छ किनकि अधिकार उपभोग गर्न नसक्ने अवस्थामा कल्याणकै माध्यमद्वारा गर्नुपर्ने हुन्छ । कल्याण एउटा माध्यम मात्र बन्नु पर्दछ अन्तिम लक्ष त उसको अधिकारको संरक्षण नै हो । तथापि उनीहरूलाई राज्यले या संस्थाले कल्याण गरेको मनस्थितिमा भने त्यो संस्था बस्नु हुँदैन । त्यसको लागी त्यो संस्थाका जिम्मेवार मानिसहरूको क्षमता विकासको कुरो नै पहिलो हुन्छ । उनीहरूको सचेतनामा वृद्धि गर्ने मानव अधिकारप्रतिको संवेदनामा वृद्धि गर्ने । त्यससँग सम्बन्धित व्यावसायिक क्षमताका लागि संस्थाहरूमा काम गर्ने अधिकारी, पदाधिकारीहरूको क्षमता वृद्धि गर्ने ।

●


**कुनै पनि व्यक्ति बेचबिखन तथा ओसारपसार जस्तो अपराधको जालमा जानेर परेका होइनन्, उनीहरु त अपराधिक व्यक्ति वा गिरोहको षडयन्त्रका शिकार भएका मात्र हुन् । त्यस्तो अपराधमा संलग्न अपराधीहरूलाई सामाजिक तथा कानूनी सजाय दिनु हाम्रो कर्तव्य हो भने त्यस्तो अपराधबाट पीडित तथा प्रभावित व्यक्तिहरूलाई सामाजिक तथा कानूनी न्याय र समान अवसर दिनु सबैको अनिवार्य दायित्व हो । सामाजिक तथा पारिवारिक पुनर्मिलन, उद्धार एवं अधिकारमुखी पुनर्स्थापना उनीहरूको अधिकार हो ।**

***विजया दशमी तथा दीपावली २०५९***

*को शुभअवसरमा हामी समस्त नेपालीहरूमा यही सन्देशसहित मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

**शक्ति समूह**

**पो.ब.नं. १९४८८ काठमाडौं**

**फोन : ४६९१७१**

**इमेल : shakti@samuha.wlink.com.np**

# पुनर्स्थापना कल्याणकारी नभई अधिकारमुखी हुनुपर्दछ : शक्ति समूह

**शक्ति समूह बेचबिखनबाट प्रभावित एवं जोखिममा पर्नसक्ने महिलाहरूद्वारा २०५४ सालमा स्थापित सामाजिक संस्था हो । स्थापनाकालदेखि नै महिला तथा बालबालिका बेचबिखन विरुद्धमा निरन्तर क्रियाशील शक्ति समूहले स्थापनाको छोटो अवधिमा नै आफ्नो छुट्टै पहिचान बनाइसकेको छ । एटविनको सदस्य संस्था समेत रहेको शक्तिसमूहसँग बेचबिखनबाट प्रभावित महिला तथा बालबालिकाहरूको पुनर्स्थापनाका विविध पक्षबारे ओसारपसारका लागि विमला ज्ञवालीले गर्नुभएको कुराकानीको सारसंक्षेप–**

**प्रश्न** :– शक्ति समूहको स्थापनाका सन्दर्भमा केही भनीदिनु हुन्छ कि ?

**शक्ति समूह** :– शक्ति समूह भनेको बेचबिखनबाट प्रभावित, भएका र बेचबिखन हुनबाट बचेका व्यक्तिहरूको एउटा समूह हो । शक्ति समूहको गठन २०५४ सालमा भएको हो। यसले वैधानिक रूपमा मान्यता २०५७ सालमा आएर पाएको हो । यस समूहले बेचबिखनबाट पीडित महिलाहरूको हक हितको लागि र महिला तथा बालबालिका बेचबिखन विरूद्ध विशेष आवाज उठाउदै आएको छ ।

**प्रश्न** :– बेचविखनबाट प्रभावितहरूको पुनर्स्थापना सम्वन्धी विभिन्न दृष्टिकोणहरू आइरहेका छन् यस सम्बन्धमा शक्तिसमूहको के कस्तो दृष्टिकोण रहेको छ ?

**शक्ति समुह** :– हाल विभिन्न संघ संस्थाहरूले बेचबिखनबाट प्रभावित महिला तथा बालबालिकाहरूको पुनर्स्थापना गरिरहेका छन् । त्यो पुनर्स्थापना आ–आफ्नै दृष्टिकोण र तरिकाले हुँदै आएका छन् । बेचबिखनबाट प्रभावित महिलाहरूलाई पुनर्स्थापना गर्नु भनेको एकदमै राम्रो कुरा हो । तर उनीहरूलाई ३ महिनाको सिलाई, बुनाई र अन्य सामान्य तालिम दिएर वा त्यसै केही समयपछि घर पठाइन्छ । त्यसो मात्र नभएर उनीहरुलाई सशक्तिकरण गरी सामाजिक जीवन दिनुपर्छ । त्यसरी सामान्य तालिम मात्र दिएर पठाउनु भनेको कसैमाथि आश्रित भएर बस्न बाध्य गराएको भन्ने बुझिन्छ । त्यसैले शक्ति समूहले पुनर्स्थापनालाई माथि उल्लेख गरेको कुरा मात्र नभई पुनर्स्थापना भनेको उनीहरूको अधिकार हो भन्ने कुरामा जोड दिन्छ ।

**प्रश्न** :– अधिकारवादी पुनर्स्थापना भन्नाले तपाईले कस्तोलाई भन्नुभएको हो ?

**शक्ति समूह** :– अधिकारमुखी पुनर्स्थापना भन्नाले प्रभावित ती व्यक्तिमाथि दया, माया वा क्षणिक उद्धार मात्र गर्नु नभई पुनर्स्थापित हुन पाउनु उनीहरूको अधिकार हो । उनीहरू जानेर बेचबिखनमा परेका होइनन् । उनीहरूप्रति दया वा कल्याणको व्यवहारले मात्र हेरिनुहुँदैन । समाजोन्मुख पुनर्स्थापना र अन्य नागरिक सरहको व्यवहारमुखी पुनर्स्थापना नै अधिकारमुखी पुनर्स्थापना हो ।

**प्रश्न** :– पुनर्स्थापना कति समयका लागि गर्न जरूरी छ ?

**शक्ति समूह** :– पुनर्स्थापना यति समय सम्म गर्नु पर्छ भन्ने हुँदैन । जबसम्म पुनर्स्थापनाभित्र रहेका व्यक्तिहरू आफ्नो खुट्टामा आफैं उभिन सक्दैनन्, उनीहरू सशक्त हुँदैनन् तबसम्म पुनर्स्थापना गर्नु जरूरी पर्छ र जसको आमाबुवा नभएका लागि लामो समय गर्नुपर्छ । जसको आमाबुबा छन् र उनीहरू समाजमा घुलमिल नहुन्जेल र समाजमा आई परेका समस्या प्रति जुध्न नसकुन्जेलसम्म उनीहरूलाई पुनर्स्थापना गर्न जरूरी हुन्छ ।

**प्रश्न** :– शक्तिसमूहको विचारमा पुनर्स्थापना किन आवश्यक छ ?

**शक्ति समूह** :– पुनर्स्थापना एकदमै आवश्यक छ । तर पुनर्स्थापना गर्नु मात्र सबै समस्याको समाधान हुन्छ भन्ने होइन । यसैको सन्दर्भमा कुरा गर्दा सन् १९९६ मा धेरै महिलाहरूलाई नेपाल फर्काइएको थियो । त्यसबेला कतिपय महिलालाई घर, परिवार र समाजले स्वीकार गरेको थिएन । राष्ट्रले त झन स्वीकार नगर्नुको साथै जिम्मेवारी बहन गर्ने अवस्था नै थिएन । त्यति खेर उनीहरू बिचल्लीमा परेका थिए । त्यस्तो अवस्थामा पुनर्स्थापना एकदमै जरूरी थियो । जब सम्म

घर, परिवार, समाजले स्वीकार नगरेसम्म र कुनै मुद्दा लड्नु पर्‍यो, दलालबाट सुरक्षा दिनको लागि उनीहरूलाई पुनर्स्थापनामा राखिनु पर्छ र यो आवश्यक हो ।

**प्रश्न** :- पुनर्स्थापनाका लागि न्यूनतम पूर्वाधारहरू के-के हुनुपर्दछ ?

**शक्ति समूह** :- पुनर्स्थापना भन्ने वित्तिकै एकदमै गाह्रो काम हो । हामीले पीडितहरू ल्याएर खान, लाउन दिएर मात्र पुनर्स्थापनाको पूर्वाधारहरू पूरा हुदैन । पीडितहरूको तत्कालीन आधारभूत पूर्वाधारहरूलाई निम्नरूपमा हेर्नुपर्छ :

१) गाँस, वास, कपास, स्वास्थ्य हुनुपर्दछ।

२) पुनर्स्थापनमा काम गर्ने व्यक्तिहरूको धारणामा परिवर्तन ल्याउनुपर्दछ ।

३) पुनर्स्थापनाभित्र रहेका महिलाहरू मानसिक, शारीरिक रूपमा पीडित हुन्छन् । त्यस्तो अवस्थामा वास्तविक समस्या के हो भनी पहिल्याउनको लागि परामर्श गर्न एकदमै जरूरी हुन्छ ।

४) पीडित पक्षले उचित न्याय पाउनको लागि कानुनी सरसल्लाहको व्यवस्था हुनुपर्छ ।

५) पीडितलाई घर परिवार र समाजमा जुध्नसक्ने वातावरण तयार गर्ने खालको कार्यक्रम हुनुपर्छ । पूर्ण सामाजिक सम्मान हुनुपर्छ ।

६) इच्छाअनुसारको जीवन निर्वाहको लागि उचित शिक्षा, शीप, रोजगारी र शीपको उपयोग गर्नको लागि बजारको व्यवस्था गरिनुपर्दछ ।

**प्रश्न**:- सरकारले पुनर्स्थापना सम्बन्धी नीति बनाउदै छ त्यो कस्तो हुनुपर्छ ?

**शक्ति समूह**:- पुनर्स्थापना गर्नु भनेको सरकारको दायित्व हो । गैरसरकारी संस्थाको होइन । गैर सरकारी संस्था भनेको एउटा सहयोगी मात्र हो । पुनर्स्थापना सम्बन्धी नीति बन्दैछ भन्ने सुनेका छौं तर त्यो नीति पीडितको पक्षको समस्यालाई ध्यानमा राखी बन्छ कि बन्दैन भन्ने कुरा हेर्नै बाँकी छ । त्यसरी बन्ने नीतिहरू पीडितको पक्षमा पूर्ण मानवअधिकारको दायराभित्र रहने गरी बन्नुपर्छ भन्नेमा जोड दिन्छ । ●

# जीवन कथा १

सुरेश खन्ना

मेरो नाम सुरेश खन्ना हो र म १३ वर्षको छु । परिवार भित्रको चर्को गरिबी, अशिक्षा र अज्ञानताका कारण रहर हादा हादै पनि मैले स्कुल पढ्न पाइन । म जेठो छोरो भएकोले थोर बहुत मदरसा भने पढेको छु ।

मेरा भाइबैनीहरु ८ जना छन् । बुवा एकजनाको कमाइले मात्र घर धान्न मुस्किल थियो । तसर्थ अर्को गााउको एकजना चिनेको मान्छेको साथमा १०-१५ जना जति केटाहरुसागै म पनि धन कमाउन दिल्ली जाने भएं । हिड्ने बेलामा कामलाग्छ भनेर बुवाले रु.३००।- गोजीमा राखिदिनु भयो ।

हाम्रो गाडिभाडा हामीलाई लैजाने मानिसले नै तिर्‍यो । हामी दिल्ली पुग्यौं । त्यहाँ अरु साथीहरू कहाँ-कहाँ पुगे थाहा भएन, मलाई भने जडी भर्ने काम सिकाउन लगियो । तीन बर्षसम्म खान मात्र दिने गरी राखिएकोमा मलाई सुख्खा खान मात्र दिइन्थ्यो । विहान ६:०० बजेदेखि राति ११ बजेसम्म काम गर्नुपर्दथ्यो । कहिलेकाहिं त त्यहीं निदाइदो रहेछ, पिटेपछि मात्र थाहा हुन्थ्यो ।

मलाई लिएर जाने मान्छे ६ महिना, वर्ष दिनमा एकपटक आउँथ्यो र साहुलाई भेटेर जान्थ्यो । पछि थाहा पाउँदा उसले त मैले कमाएको सबै पैसा लिएर जाँदोरहेछ।

त्यहाा बस्दा बस्दै मेरा आाखा धमिलो हुन थाल्यो । पिसाव बन्द भयो । बिरामी भएको बेलामा औषधी उपचार केही पनि गरेनन् । विरामी परेको चार महिना पछि मात्र त्यही दलाल मार्फत मलाई घर पुर्‍याइयो । आमा बुवा धेरै रुनुभयो र पछुताउनु पनि भयो ।

उपचारका लागि अरु उपाय थिएन, बुवाले चन्दा मागेर मलाई अस्पताल लैजानुभयो । मेरा दुवै किड्नी ड्यामेज भएका रहेछन् र सँगसगै मलाई जण्डिस पनि भएकोरहेछ । यसरी म तीन बर्षमा फर्कंदा आफ्नो जीवन यस्तो बनाएर फर्किएँ । ●

**सौजन्य: रिपोर्ट, महिला तथा बालबालिका बेचबिखन विरुद्ध मध्यमश्चिमाञ्चल स्तरीय धारणा स्पष्टता गोष्ठी २६-२८ मंसिर २०५८ नेपालगंज ।**

# व्यथै व्यथाको जिन्दगी

◆ विपना श्रेष्ठ, शक्ति समूह

**कुरा आजभन्दा केही दशक अगाडिको हो । वि.सं २०४१ सालमा एउटा साधारण परिवारमा सोनुले आँखा खोल्न आइपुगिन् । तर दुर्भाग्य या भाग्यको खेल, उनलाई जन्माउन नसकेर उनकी आमाले सदा-सदाको लागि कहिल्यै नआउने गरी नवजात बच्चालाई टुहुरो बनाएर यस स्वार्थी दुनियाँबाट बिदा लिन पुगिन् ।**



मानिसको जिन्दगी भनेको एउटा कुमालेको चक्र जस्तै घुम्दोरहेछ । सोचेको भन्दा जिन्दगी धेरै गुणा फरक हुँदोरहेछ । आफ्नो बच्चालाई यस्तो बनाउँछु, उस्तो बनाउँछु भनेर सपना बोकेकी सोनुकी आमाको सपना सबै चकनाचुर हुनपुग्यो । मर्ने मानिसलाई त खासै फरक पर्दैन होला तर जो जिउँदो छ, उसलाई मान्छे भएर जीउन साह्रै गाह्रो हुँदोरहेछ । सोनुको बुवा भारतमा काम गर्नुहुन्थ्यो । उनको हेरचाह बाजे-बज्यैबाट भयो । सोनुले आमाको मायाको कुरा त परै जाओस् आमाको एक घुट्को दुध समेत पनि खान पाइनन् ।

सोनु दिन प्रतिदिन बढदै गईन् । उनको हेरचाह बजैबाट भयो । बजै साह्रै बुढी भइसकेकी थिइन् । उनलाई दमको व्यथा थियो। आर्थिक अवस्था साह्रै कमजोर भएको कारणले गर्दा उनीहरूले औषधि समेत गर्न पाएनन् । आखिर रोगसँग जुध्न नसकेर बजैले पनि चटक्कै छाडेर गइन् । बिचरा दुई वर्षको बालकले के नै गर्न सक्छ र ? बाजे पनि बिरामी अवस्थामा थिए । बुढो मान्छेलाई तातो पानी समेत खुवाउने मान्छे भएन । बज्यैको मृत्युको खबर सुनेर सोनुको बुवा घरमा आए । उनी सोनुलाई साह्रै माया गर्दथे । घरमा काम गर्ने कोही नभएको कारणले आफ्नो जातीय परम्पराअनुसार उनले आफ्नै मामाको छोरीलाई बिवाह गरे । केहि समयपछि उनलाई पुनः आफ्नो काममा जानुपऱ्यो । सोनु जब चार वसन्त पार गरेर पाँच वसन्तमा मात्र के पाइला टेकेकी थिइन्, उनलाई घरमा एक्लै छाडेर उनकी सानी आमा माइत गइन् ।

बिचरा नाबालक सोनु घर कुरेर एक्लै बस्दथिन् । एक दिन घरमा कोही नभएको कारण साथीहरूसँग खेल्न गइन् । त्यही समयमा उनकी सानीआमाको आगमन भयो । उनले सोनुलाई साह्रै कुटिन् । सोनु रोइन, कराइन् तर ती निर्दोष बालिकाको आवाज कसले सुन्थ्यो र ? सानी आमाले सोनुलाई आमा टोक्वाई, अलच्छिनी आदि नराम्रा शब्दहरूले गाली गरिन् । यस्तो प्रायः चलिरहन्थ्यो ।

आफ्ना साथी स्कूल हिंडेको देख्दा सोनुको मन साह्रै रून्थ्यो । त्यतिमात्र होइन, सानीआमाको पिटाई, साँझ बिहानको कचकचले उनलाई शारीरिक र मानसिक दुवै रूपले ठूलो असर परेको थियो । समयमा खान नपाउँदा उनी बिरामी परिन् । उनलाई दिन प्रतिदिन रोगले च्याप्दै गयो । उनको अवस्था साह्रै नाजुक हुँदै गयो । उनको यस्तो नाजुक अवस्थाको कुनै वास्ता नै नगरी उनकी सानीआमाले उनलाई छाडेर फेरी माइत गईन् । उनी अब नितान्त एक्ली भइन् । विस्तारै उनलाई आफ्नी आमाको यादले सताउन थाल्यो । 'जति पोले पनि घामै जाति, जति पिटे पनि आमा नै जाति' भन्ने शब्दले सोनुलाई रातदिन पोल्न थाल्यो ।

एउटा नाटकरूपी जिन्दगीमा पात्रको भूमिका निभाउनु साह्रै कठिन पर्दोरहेछ । बलेको मात्र आगो ताप्ने यस स्वार्थी दुनियाँमा निभेको आगो बाल्ने कोशिस समेत कसैले गर्दैनन् । सोनुको लागि एउटा दियो पनि निभ्यो । समाजले पनि उनलाई नराम्रो दृष्टिकोणले हेर्न थाल्यो । संसारमा आफ्नो भन्ने कोही नहुँदा पनि बाँच्नुपर्दोरहेछ । पापी पेटको लागि कुनै न कुनै काम गर्नुपर्दो रहेछ । 'परिश्रम जीवनको पूजा हो' भन्ने बाक्यलाई मनन गरेर उनी कामको खोजीमा लागिन् । परिश्रमी मानिसको हातलाई ईश्वरले पनि चुम्दछन् । परिश्रमले समयमाथि विजय पाउन सक्छ, भाग्यलाई चुनौती दिनसक्छ । त्यसैले जोसुकैले पनि परिश्रम गर्नुपर्छ भनाइ उनी पटक पटक सम्झन्थिन् ।

भगवान पनि कत्ति निष्ठुरी र स्वार्थी हुन्छन् । 'जो होचो उसैको मुखमा घोचो' भनेझैं ती अवोध बालिकालाई एकमाथि अर्को दुःखले पटक-पटक आक्रमण गऱ्यो । उनको

जीन्दगी देख्दा लाग्छ– भगवानले शायद हतारको बेलामा सुख, हाँसो, घर-परिवार, आफन्त र रमाइलो भन्ने शब्द नै कोर्न भुलेछन होला ? आमाको काखमा रमाई-रमाई खेल्ने उमेरमा कामको खोजीमा भौंतारिनुपऱ्यो । सुख भन्ने शब्दको आभाष नहुँदा जीउन साह्रै गाह्रो हुँदोरहेछ। जे-जस्तो परे तापनि आँशु लुकाएर बाँच्नु पर्दोरहेछ ।

एक दिनको कुरा हो सोनु कामको खोजीमा भौंतारिरहेकी थिइन् । त्यसै समयमा त्यही गाउँको एकजना मानिसले सोनुलाई शहरमा लैजाने र पढाउने आश्वासन दियो । चारैतिरबाट बेदनाले पिल्सिएकी सोनुलाई त्यस मानिसको वाक्यले ढुङ्गा खोज्दा देउता मिलेजस्तो लाग्यो । त्यसबेला आफूलाई साह्रै खुशी भएको अनुभव भयो ।

कहाँ जाने हो ? के गर्ने हो ? शहर भनेको कहाँ हो ? केही थाहा नभएकी सोनुले उद्देश्यविहीन पाइला चाल्न थालिन् । माया भन्ने शब्दको छहारीबाट धेरै कोश टाढा रहन बाध्य भएकी सोनु अरूको दयारूपी शब्दलाई छिटै विश्वास गर्न पुगिन् । मसिनो मीठो शब्द आफूमाथि पाउँदा उनी साह्रै खुशी भइन् र अन्जान व्यक्तिको पछि लागेर हिँडिन् ।

मौकाको फाइदा उठाउने हाम्रो यो स्वार्थी समाज सोनुमाथि पनि फाइदा उठाउन थाल्यो । त्यो मानिसले सोनुलाई एउटा होटलमा काम गर्नको लागि राखिदियो । बिहान भालेको डाकसँगै उठेर राती बाह्र/एक बजेसम्म उनले काम गर्नुपर्थ्यो । बिहान दश बजे एक गिलास चिया र कति दिनको वासी दुईवटा पाउरोटी दिइन्थ्यो। खाली पेटलाई पटुकीले कसेर आफूभन्दा ठूला ठूला भाँडाहरू मोल्नुपर्ने, आफूभन्दा ठूला गाग्रीमा पानी ल्याउनुपर्ने, यति मात्र होइन होटलको साहुदेखि लिएर खाना खान आउने मानिसहरूले समेत उनलाई विभिन्न प्रकारले शोषण गर्नथाले । आफूमाथि यति ठूलो अन्याय पर्दा उनको दु:ख सुनिदिने कोही थिएन ।

समयले कोल्टो फेरिसकेको थियो । उनको जवानीमाथि धेरैको गिद्दे आँखा परिसकेको थियो । उनले आफ्नो ईज्जत बचाउन सकिनन् । पुरुष भनाउँदा ब्वाँसाहरूले चारैतिरबाट गिद्धलेझैं घेरेपछि बिचरा ती अबोध बालिकाले के नै गर्न सक्थिन् र ? आफ्नो अस्मिता बचाउन कति रोईन् कति गुहार मागिन् तर यो समाजमा उनको कुरा कसले सुन्थ्यो र ? समाजले मुर्कुट्टाजस्तै दिउँसै निदाएको नाटक गरिदिएपछि, समाजै यस्तै भइदिएपछि कसको के लाग्छ । जसको परिणाम स्वरूप सोनुजस्ता नेपाली आमाका कति छोरीहरूले अकालमै आफ्नो अमूल्य जीवनलाई मृत्युको मुखसम्म धकेल्न बाध्य भएका छन् ।

जसलाई माया-ममता के हो भन्ने शब्दसम्म थाहा छैन त्यो व्यक्तिलाई किन यसरी पटक-पटक भाग्यले ठक्कर दिन्छ कुन्नि ! किन उसलाई मात्र यस्तो समस्याले चारैतिरबाट घेरिराखेको हुन्छ कुन्नि ? आखिर उनको के नै दोष थियो र ? भगवान पनि कत्ति निष्ठुरी र स्वार्थी हुँदारहेछन् । कोही नहुनेको भगवान आफ्नो हुन्छ भन्थे तर सोनुको लागि भगवान पनि निष्ठुरी भइदिए ।

जो मानिससँग प्रसस्त धनसम्पति, ठूला-ठूला व्यक्ति, नेताहरू कोही साथमा छैनन्, त्यस्ता व्यक्तिको लागि सहारा पनि कोही नहुनेरहेछ । आखिर मान्छे-मान्छेमा यसरी किन भेदभाव ? के गरीब, अनाथ, बेसहारा हुनु उनीहरूको दोष हो र ? के मानिस/मानिस सबै एक होइनौं र ? यस्तै-यस्तै संझिदै सोनु खाली आफ्नो परिस्थिति देखेर रूने मात्र गर्थिन् ।

जति दु:ख पाए पनि रोएर मात्र समस्याको समाधान नहुँदो रहेछ । सोनुले एक दिन अठोट गरेर आफूजस्तै अप्ठ्यारोमा परेका साथीहरू पनि हुन्छन् होला नि ? मलाई मात्र यस्तो परेको होइन होला भन्ने सोची साथीको खोजीमा हिँडिन् । साँच्चै सोनुले साथी पनि भेटिन् । आज सोनु साथीहरूको सहयोग पाएर जीवनका क्षण-क्षणमा संघर्ष गर्दै हिजो आफूलाई घृणा गर्ने समाजलाई मानव भएर धर्तीमा जन्म लिएपछि मानवताको व्यवहार गर्नुपर्छ भन्ने सन्देश दिँदै सुखमय जीवन बिताइरहेकी छिन् । ●

**मानव बेचबिखन यस्तो संगठित अपराध हो जसले हाम्रो देशकै बदनाम गरिरहेको छ । त्यसैले यस अपराध विरुद्ध हामी पनि एकजुट हौं यसको जोडदार विरोध र भत्सर्ना गरौं । अपराधीलाई चिनौं र अरुलाई पनि चिनाऔं ।**

# देहव्यापारका लागि महिला तथा बालबालिकाको ओसार–पसार निषेध गर्न तथा यस विरुद्ध लड्नका लागि सार्क महासन्धि

**(महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारलाई रोक्ने उद्देश्यले ११औं सार्क शिखर सम्मेलनद्वारा पारित गरिएको यस महासन्धिलाई अध्ययन, छलफल र बहस आदि प्रयोजनको लागि अंग्रेजीको मूल प्रतिलाई इन्हुरेड इन्टरनेशनलले नेपालीमा अनुवादगरी प्रकाशन गरेको छोरी पत्रिकाको अङ्क ३ बाट जस्ताकोतस्तै साभार गरी प्रस्तुत गरेका छौं । –सं.)**

देहव्यापारका लागि महिला तथा बालबालिकाको ओसार-पसार निषेध गर्न तथा यस विरूद्ध लड्नका लागि सार्क महासन्धि दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रहरू, यसका सरोकारवाला राष्ट्रहरू,

- देहव्यापारको उद्देश्यले महिला तथा बालबालिकाहरूको ओसार-पसार गर्ने घृणित कार्य मानव-जातिको इज्जत र प्रतिष्ठा अनुरूप छैनर र यो आधारभूत मानवअधिकारको हनन् हो भन्ने कुरामा जोड दिदै,
- देहव्यापारका लागि महिला तथा बालबालिकाको ओसारपोसार गर्ने अक्षम्य अपराधका विरूद्ध लड्नका लागि क्षेत्रीय महासन्धिको संभाव्यताका बारेमा नवौं सार्क शिखर सम्मेलन (मे १९९७) को निर्णयका बारेमा गहन अध्ययन गर्नुपर्ने कुरालाई पुनर्स्मरण गर्दै,
- मानव ओसार-पसारको न्यूनीकरण तथा अरूको यौनशोषणसम्बन्धी महासन्धि १९४९, महिलाविरूद्ध सबै प्रकारको भेदभाव निषेध गर्ने महासन्धि १९७९, नागरिक तथा मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६, बालअधिकारसम्बन्धी महासन्धि १९८९ लगायतका महिला तथा बालबालिकाको ओसार-पसार निषेध गर्नेसम्बन्धी समान किसिमका अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरू समेतलाई पुनःस्मरण गर्दै,
- बेइजिङ्गमा भएको चौथो विश्वमहिला सम्मेलन (१९९५) लगायतका अन्तर्राष्ट्रिय संस्थाहरू तथा सम्मेलनहरूद्वारा गरिएका सम्बद्ध सिफारिशका कार्यान्वयनलाई उचित ध्यान दिदै,
- सार्क क्षेत्रका महिला तथा बालबालिका ओसार-पसार गर्नेहरूबाट भइरहेको बढ्दो शोषण तथा यी राष्ट्रहरूलाई बढ्दो मात्रामा उद्गम, गन्तव्य तथा पारवाहन विन्दुका रूपमा प्रयोग भइरहेकोमा रूचीपूर्वक चासो राख्दै,
- देहव्यापारका लागि हुने महिला तथा बालबालिकाको ओसार-पसारलाई निषेध गर्न प्रभावकारी क्षेत्रीय सहयोग तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिहरूका बारेमा अनुसन्धान गर्ने, पत्ता लगाउने, केरकार गर्ने, मुद्दा चलाउने तथा दण्डित गर्ने कुराको महत्वलाई आत्मसात गर्दै,
- देहव्यापारका निम्ति ओसार-पसार गरिएका पीडितहरूलाई सर-सहयोग, पुनर्स्थापना तथा क्षतिपूर्ति दिलाउनका लागि क्षेत्रीय सहयोग अभिवृद्धि गर्ने कुरामा जोड दिदै,

निम्नानुसार सहमत भएका छन् :

## धारा–१
## परिभाषाहरू

यस महासन्धिका निमित्त :

१. "बालक" भन्नाले १८ बर्ष उमेर नपुगेको ब्यक्ति भन्ने जनाउँछ ।

२. "देहव्यापार" भन्नाले व्यवसायिक उद्देश्यले गरिने व्यक्तिको यौनशोषण तथा दुरूपयोग भन्ने जनाउँछ

३. "ओसार-पसार" भन्नाले ओसार-पसार गरिएको

व्यक्तिको स्वीकृति लिई वा नलिई आर्थिक वा अन्य उद्देश्यबाट देशभित्र र बाहिर देहव्यापारका लागि महिला तथा बालबालिका लैजाने, बेच्ने तथा किन्ने कार्यलाई बुझाउँछ ।

४. "दलाल" भन्नाले कुनै पनि किसिमको ओसार-पसारमा संलग्न व्यक्ति, एजेन्सी तथा संस्थाहरू भन्ने जनाउँछ ।

५. "ओसार-पसारबाट पीडित व्यक्तिहरू" भन्नाले छलछाम, धम्की, बलजफ्ती, अपहरण, बेचबिखन, नक्कली विवाह, बाल-विवाह वा अन्य कुनै अवैध तरिकाबाट दलालहरूबाट देहव्यापारका लागि पीडित वा बाध्य पारिएका महिला तथा बालबालिका भन्ने बुझाउँछ ।

६. "संरक्षण गृह" भन्नाले ओसार-पसारबाट उद्धार गरिएका, वा समातिएका व्यक्तिहरूको प्राप्ति, हेरचाह, उपचार तथा पुनर्स्थापनाका लागि सदस्य राष्ट्रका सरकारहरूबाट स्थापित वा मान्यता प्राप्त गृह भन्ने बुझिन्छ ।

७. "स्वदेश पुनरागमन" भन्नाले सीमापार ओसार-पसार गरिएका व्यक्तिहरूलाई उद्गम राष्ट्रमा फर्काउनु भन्ने बुझिन्छ ।

## धारा – २

### महासन्धिको क्षेत्र

विशेष गरी सार्क क्षेत्रका राष्ट्रहरू उद्गम, पारवहन तथा गन्तव्य भएका ओसार-पसारबाट पीडित महिला तथा बालबालिकाको ओसार-पसारको रोकथाम, निषेध तथा दवाव दिनेजस्ता कतिपय प्रभावकारी कार्य गर्न सक्ने गराउन, ओसार-पसारबाट पीडितको स्वदेश पुनरागमन तथा पुनर्स्थापना गर्न र महिला तथा बालबालिकालाई अन्तर्राष्ट्रिय देहव्यापार सञ्जालमा प्रयोग निषेध गर्न सदस्य राष्ट्रहरूका बीचमा सहयोग प्रवर्द्धन गर्नु यो महासन्धिको उद्देश्य हो ।

## धारा–३

### कसुरहरू

१. यस महासन्धिका राज्यपक्षहरूले जुनसुकै प्रकारका ओसार-पसारलाई आ-आफ्ना सम्बन्धित फौजदारी कानुन अनुसारका कसुरका रूपमा निश्चित गर्न प्रभावकारी कदम उठाउने छन् र यसको गम्भीर प्रकृतिलाई मनन गर्दै उचित सजायका साथ त्यस्ता कसुरलाई दण्डनीय बनाउने छन् ।

२. यस महासन्धिका राज्यपक्षहरूले आफ्नो भूमिमा ओसार-पसारको प्रयोजनका लागि कुनै पनि स्थान छुट्याउने, संरक्षण गर्ने, व्यवस्था गर्ने वा जानी-जानी लगानी गर्ने वा लगानीमा संलग्न हुने तथा ओसार-पसारका लागि कुनै पनि भवन वा ठाउा दिने, भाडामा दिने कुनै पनि व्यक्ति दण्डका निम्ति उपलब्ध गराउने छन् ।

३. पहिलो तथा दोस्रो अनुच्छेदमा उल्लेखित कुनै पनि अपराध गर्ने कोशिस गर्नु वा दुरूत्साहन गर्नु वा तिनीहरूलाई आर्थिक सहयोग गर्नु पनि दण्डनीय हुनेछ ।

## धारा – ४

### गम्भीर परिस्थितिहरू

१. यस महासन्धिका राज्यपक्षहरूले त्यस्ता कसुरहरूलाई विशेष गम्भीर बनाउने तथ्यगत परिस्थितिहरूलाई मध्यनजर गर्न आफ्ना अदालतहरू कानुनी हैसियतमा सक्षम छन् भन्ने निश्चित गर्नेछन्, जस्तै–

क) कसुरदार संलग्न रहेको संगठित अपराध गिरोहको कसुरमा संलग्नता

ख) अन्य अन्तर्राष्ट्रिय संगठित आपराधिक क्रियाकलापमा कसुरदारको संलग्नता

ग) कसुरदारद्वारा हिंसा वा अस्त्रको प्रयोग

घ) कसुरदारको सार्वजनिक कार्यालय छ तथा उक्त कसुर सो कार्यालयको दुरूपयोगगरी गरिएको छ भन्ने तथ्य

ङ) बालबालिका पीडित भएको वा ओसार-पसार गरिएको

च) यातनागृह वा शैक्षिक संस्थान वा सामाजिक सुविधाका स्थलहरू वा तिनका छेउछाउका स्थानहरूमा वा बालबालिका तथा विद्यार्थीहरूले शैक्षिक, खेलकुद, सामाजिक तथा साँस्कृतिक क्रियाकलापका निम्ति भ्रमण गर्ने स्थानहरूमा त्यस्ता कसुरहरू घट्दछन् भन्ने तथ्य

ज) सदस्य राष्ट्रमा वा अन्य कुनै मुलुकमा पहिले अभियोग लागेको, विशेष गरी उस्तै खाले कसूरहरूमा ।

## धारा – ५

### न्यायीक कारवाही

१. यस महासन्धि अन्तर्गतका कसुरको छानविन गर्ने क्रममा सदस्य राष्ट्रका न्यायिक निकायले पीडित महिला तथा बालबालिकाको गोपनीयता कायम राखिएको र उनीहरूलाई उचित सरसल्लाह र कानुनी सहायता उपलब्ध गराइएको निश्चित गर्नेछन् ।

## धारा – ६

**पारस्परिक कानुनी सहायता**

१. यस महासन्धिका राज्यपक्षले यस महासन्धि अन्तर्गतका कसुरहरूको छानविन, सोधखोज, सुनुवाइ वा अन्य प्रक्रियाका लागि अनुरोध गर्ने राष्ट्रलाई वृहतरूपमा पारस्परिक कानुनी सहायता पुऱ्याउने छन् । ती सहयोगहरू यस प्रकार रहने छन् :

क) प्रमाण जुटाउन तथा व्यक्तिहरूको बयान लिन,

ख) सूचना, कागजात तथा आपराधिक तथा कानुनी अभिलेखलगायतका अभिलेखहरूको उपलब्धता,

ग) व्यक्ति तथा बस्तुको अवस्थिति तथा तिनको पहिचान,

घ) खोजविन तथा जफत,

ङ) प्रदर्शनयोग्य सामग्रीहरू उपलब्ध गराउने लगायतका सम्पत्ति हस्तान्तरण,

च) प्रमाण जुटाउन तथा अनुसन्धानमा सहयोग गर्न व्यक्तिहरूको गिरफ्तारी तथा अन्य कुराहरूको उपलब्धता,

छ) व्यक्तिको उपस्थिति जनाउने कागजात लगायतका कागजात सम्बन्धी सेवा तथा,

ज) यस महासन्धिको उद्देश्य अनुरूपका अन्य कुनै सहयोग।

२. सम्बन्धित देशका राष्ट्रिय कानुनहरू तथा अनुरोध गर्ने राष्ट्रले अनुरोध गरेबमोजिम सहयोगको निम्ति गरिएका अनुरोधहरू तुरून्त कार्यान्वयन गरिनेछन । कुनै कारणवश अनुरोध गरिएको राष्ट्रले अनुरोध गरिएको सहयोगको पूर्ण वा आंशिक रूपमा कार्यान्वयन गर्न असमर्थ भएमा अथवा त्यस्तो कारवाही स्थगित गर्ने निर्णय गरेमा सो को जानकारी अनुरोध गर्ने राष्ट्रलाई तुरून्त दिने तथा सो को कारणहरूसमेत उपलब्ध गराउने छ ।

## धारा – ७

**सुपुर्दगी वा मुद्दा चलाउने**

१. यस महासन्धिका कुनै पनि राज्यपक्षहरूबीचमा यसअघि सम्पन्न भएका वा भविष्यमा सम्पन्न हुने कुनै पनि सुपुर्दगीसम्बन्धी सन्धिहरूमा उल्लेखित सुपुर्दगीयोग्य कसुरहरूलाई यस महासन्धि अन्तर्गतका सुपुर्दगीयोग्य कसुरहरूका रूपमा मानिनेछ ।

२. कुनै साविक सन्धिका आधारमा एउटा राज्यपक्षले अर्को राज्यपक्षसँग सशर्त सुपुर्दगी गर्न खोजेमा सुपुर्दगी सम्बन्धी सन्धि नभएको मुलुकबाट सुपुर्दगीसम्बन्धी अनुरोध प्राप्त गरेमा, त्यस्तो अनुरोध प्राप्त गर्ने मुलुकले आफ्नो कानुन अनुसार हुने गरी यस महासन्धिको धारा ३ मा उल्लिखित कसुरहरूको हकमा यस महासन्धिलाई सुपुर्दगीको आधार मानिनेछ ।

३. अनुरोध प्राप्त गर्ने देशको कानुनअनुसार नै सुपुर्दगी गरिनेछ ।

४. कुनै पनि मुलुकले आफ्नो भू-भागमा कसुरदार छँदाछँदै सुपुर्दगी नगरेमा, कुनै पनि अपवाद वा ढिलासुस्तीबिना, आफ्नो देशको कानुनअनुसार कानुनी कारवाहीका निम्ति सक्षम अधिकारीसमक्ष पेश गर्नेछ ।

५. आफ्ना राष्ट्रिय कानुनले आफ्ना नागरिकलाई कुनै पनि राष्ट्रसमक्ष सुपुर्दगी गर्न मिल्दैन भने त्यस्ता राष्ट्रले यस महासन्धिमा उल्लेख भए अनुसारका अपराध गर्ने अपराधीलाई आफ्नो देशको अदालतसमक्ष मुद्दा चलाउने तथा दण्डित गर्नेछन् ।

## धारा – ८

**महिला तथा बालबालिका ओसार-पसार रोक्ने तथा निषेध गर्ने प्रावधानहरू**

१. यस महासन्धि अन्तर्गतका कसुरहरूको सोधखोज, अनुसन्धान तथा कानुनी कारवाहीलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका निम्ति महासन्धिका राज्यपक्षहरूले आफ्ना सम्बन्धित अधिकारीहरूलाई समर्थ बनाउन पर्याप्त साधन, तालिम तथा सहयोग प्रदान गर्नेछन् ।

२. यस महासन्धिका राष्ट्रपक्षहरूले महासन्धि अन्तर्गतका कसुरहरू एवं महिला तथा बालबालिकाको ओसार-पसारलाई दुरूत्साहन दिने अन्य कारक तत्वका बारेमा आफ्ना कानुन कार्यान्वयन इकाइ तथा न्यायपालिकालाई सम्वेदनशील बनाउनेछन् ।

३. यस महासन्धि अन्तर्गतका प्रावधानहरूको कार्यान्वयन तथा आवधिक पुनर्मूल्याङ्कनका निम्ति यस महासन्धिका राज्यपक्षले आफ्ना सदस्य राष्ट्का अधिकारीहरू सम्मिलित एउटा क्षेत्रीय कार्यदल गठन गर्नेछन् ।

४. यस महासन्धिका प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न तथा देहव्यापारका लागि हुने महिला तथा बालबालिकाको ओसारपसार निषेध गर्न यस महासन्धिका राज्यपक्षहरूले आपसी समझदारीका आधारमा द्विपक्षीय संयन्त्र स्थापना गर्न सक्नेछन् ।

५. यस महासन्धिका राज्यपक्षहरूले यस क्षेत्रमा ओसार-पसारमा संलग्न निकाय, संस्था तथा व्यक्तिहरूका

बारेमा नियमित रूपमा जानकारी आदान-प्रदान गर्नेछन्, तथा दलालहरूले प्रयोग गर्ने तरिका एवं जमिन, जल वा हवाईमार्गको पहिचान गर्नेछन् । यसरी उपलब्ध गराइने जानकारी अन्तर्गत कसुरदारहरूको औंठाछाप, तस्विर, काम गर्ने तरिका, प्रहरी कार्यालयको अभिलेख र अभियोगका अभिलेखहरू पर्दछन् ।

६. रोजगारीको बहानामा महिला तथा बालबालिकाको ओसार-पसार रोक्न त्यस्तो काम गर्ने रोजगारदाता निकायहरूको सुपरीवेक्षणका लागि यस महासन्धिका राज्यपक्षहरूले आवश्यक कदम चाल्न बिचार गर्न सक्नेछन् ।

७. यस महासन्धिका राज्यपक्षहरूले ओसार-पसारको उद्‌गमक्षेत्र भनेर चिनिएका स्थानहरूमा निरोधात्मक तथा विकास प्रयासलाई केन्द्रित गर्न कोशिस गर्नेछन् ।

८. यस महासन्धिका राज्यपक्षहरूले महिला तथा बालबालिकाको ओसार-पसारको समस्या तथा महिलाका बारेमा गरिने नकारात्मक प्रचारलगायत यसमा अन्तर्निहित कारणहरूका बारेमा अन्य कुराका अतिरिक्त संचारमाध्यमको प्रयोग गरी जनचेतना अभिवृद्धि गर्नेछन् ।

## धारा – ९

### पीडितको हेरचाह, उपचार, पुनर्स्थापना तथा स्वदेश पुनरागमन

१. यस महासन्धिका राज्यपक्षहरूले पीडितलाई उद्‌गम राष्ट्रमा पुनरागमनका निम्ति उपायहरू अवलम्बन गर्नेछन् ।

२. अन्तर्देशीय ओसार-पसारका हकमा यस महासन्धिका राज्यपक्षहरूले पीडितहरूको स्वदेश पुनरागमनको व्यबस्था गर्ने कार्यलाई स्थगित गर्दै उनीहरूको हेरचाह तथा पालनपोषणमा उपयुक्त व्यवस्था गर्नेछन । त्यस्ता पीडितलाई कानुनी सल्लाह र स्वास्थ्य उपचारको सुविधा समेत उपलब्ध गराइनेछ ।

३. यस महासन्धिका राज्यपक्षहरूले ओसार-पसारबाट पीडितको पुनर्स्थापनाका लागि संरक्षण गृह तथा आश्रयको स्थापना गर्नेछन् । पीडितलाई कानुनी सरसल्लाह, रोजगारमूलक तालिम तथा स्वास्थ्य हेरचाहको उचित सुविधासमेत प्रदान गर्नेछन् ।

४. यस महासन्धिका राज्यपक्षहरूले ओसार-पसारबाट पीडितलाई संरक्षण गृह तथा आश्रयमा उचित हेरचाह तथा पालनपोषणका लागि स्थापित भइसकेका गैरसरकारी संस्थाहरूलाई अधिकार प्रदान गर्न सक्नेछन्।

५. यस महासन्धिका राज्यपक्षहरूले आधिकारिक गैरसरकारी संस्थाहरूलाई ओसार-पसारका पीडितहरूलाई संरक्षण गृह तथा आश्रयहरूको स्थापना गरी उचित हेरबिचार तथा संरक्षण गर्नलगायत ओसार-पसार रोक्न, मध्यस्थता गर्न तथा पुनर्स्थापना गर्न प्रोत्साहन गर्नेछन् ।

## धारा – १०

### कार्यान्वयन

यस महासन्धिका राज्यपक्षहरूले यस महासन्धिलाई कार्यान्वयन गर्नका लागि आफ्ना संविधानबमोजिम आवश्यक कानुन तथा प्रावधानहरू ग्रहण गर्नेछन् ।

## धारा – ११

### विशिष्ट प्रावधानहरू

यस महासन्धिका प्रदत्त प्रावधानहरू कुनै पुर्वाग्रहबिना सम्बन्धित राष्ट्रिय कानुनहरू तथा अन्तर्राष्ट्रिय सम्झौताहरू अनुसार विशिष्ट प्रावधानका रूपमा लागू गरिने तथा संरक्षण गरिनेछन् ।

## धारा – १२

### हस्ताक्षर तथा अनुमोदन

सदस्य राष्ट्रहरूबाट हस्ताक्षर गरिनका लागि यो महासन्धि काठमाडौंमा सम्पन्न हुने एघारौं सार्क शिखर सम्मेलनको समयमा तथा त्यसपछि सार्क सचिवालय काठमाडौंमा खुला रहनेछ । यो अनुमोदनयोग्य हुनेछ । अनुमोदनका लागि दस्तावेज महासचिवसमक्ष रहनेछ ।

## धारा – १३

### लागू

महासचिव समक्ष अनुमोदन गरिएको सातौं लिखत हस्तान्तरण भएको पन्ध्र दिनपछि यो महासन्धि लागू हुनेछ ।

## धारा – १४

### हस्तान्तरण

यो महासन्धि महासचिव समक्ष रहने छ र उनले यस महासन्धिमा भएका हस्ताक्षर तथा हस्तान्तरण भएका दस्तावेजहरूको बारेमा सदस्य राष्ट्रहरूलाई सूचित गर्नेछन् । महासचिवले प्रत्येक सदस्य राष्ट्रलाई त्यस्ता

दस्तावेजहरूको प्रमाणित प्रतिलिपिहरू प्रवाहित गर्नेछन् । महासचिवले धारा १३ अनुसार यो महासन्धि कुन मितिदेखि लागू हुने हो, सो बारेमा सदस्य राष्ट्रहरूलाई जानकारी गराउने छन् ।

८ निम्न हस्ताक्षरकारीहरूले साक्षी भई, आ-आफ्ना सरकारका तर्फबाट आधिकारिक रूपमा यस महासन्धिमा हस्ताक्षर गरेका छन् ।

८ इस्वी सन् दुईहजार दुई जनवरी पांचका दिन अंग्रेजी भाषामा लेखिएका नौ प्रति सक्कल, जो उत्तिकै आधिकारिक छन्, मा काठमाडौंमा गरियो ।

**एम. मोर्सेद खान**
**परराष्ट्र मन्त्री**
**जनगणतन्त्र, बंगलादेश**

**जसवन्त सिंह**
**परराष्ट्र मन्त्री**
**गणतन्त्र, भारत**

**रामशरण महत**
**अर्थमन्त्री तथा नेपाली टोलीका नेता**
**नेपाल अधिराज्य**

**टाइरोन फर्नान्डो**
**परराष्ट्र मन्त्री**
**प्रजातान्त्रिक समाजवादी गणतन्त्र, श्रीलंका**

**जिग्मी वाइ थिन्ले**
**परराष्ट्र मन्त्री**
**भुटान अधिराज्य**

**फथुल्ला जमिल**
**विदेश मन्त्री**
**गणतन्त्र माल्दिभ्स**

**अब्दुल सत्तार**
**परराष्ट्र मन्त्रीक**
**इस्लामिक गणतन्त्र पाकिस्तान**

विजया दशमी तथा दीपावली २०५९ को शुभ-उपलक्ष्यमा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

graphic WORKSHOP

**ग्राफिक वर्कसप परिवार**
**बागबजार**
**फोन** : २४२०७२
**इमेल** : graphic_workshop@yahoo.com

# मानव, बिशेष गरी महिला तथा बालबालिकाहरूको बेचविखनलाई रोक्न, दबाउन र सजाय गर्न, अन्तरदेशीय रूपमा हुने सांगठित अपराध विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको परिपूरक उप–लेख २०००

**(मानव बेचबिखन तथा ओसार पसार विरूद्धमा बनेका अन्तर्राष्ट्रिय दस्तावेजहरूमा यो उप-लेख एउटा महत्त्वपूर्ण ब्यवस्था हो । यो उपलेखले सर्वप्रथम, ओसार पसारको प्रष्ट परिभाषा गर्न सकेको छ । हाल राष्ट्रहरू समक्ष हस्ताक्षरको लागि खुला गरिएको यस उप-लेख क्रियाशील हुन कम्तिमा ६० राष्ट्रको हस्ताक्षर आवस्यक हुनेछ । नेपालले यसलाई हालसम्म यो उप-लेखमा हस्ताक्षर गरेको छैन । हाम्रो सवालगत अभियानमा यो उप-लेख विशेष प्रभावकारी साधन बन्नसक्ने भएकाले पाठकले नेपाली भाषामा पनि सजिलै अध्ययन गर्न सक्ने बनोस् भन्ने उद्देश्यले यस उप-लेखलाई नेपालीमा अनुवाद गरी प्रकाशित गरिएको छ । सं.)**

**प्रस्तावना**

**यस उपलेखका राज्य पक्षहरू,**

मानव बेचविखन विशेषगरि महिला तथा बालबालिकाको बेचविखन रोक्न र त्यसको विरूद्ध लड्न प्रभावकारी कार्य गर्नकोलागि उदगम स्थल मार्ग र गन्तव्य राज्यहरूमा बेचबिखनबाट बचाउने, बेचबिखनका अपराधीहरूलाई सजायगर्ने र पीडितहरूलाई उनीहरूको मानव अधिकारको सुरक्षा संरक्षण गर्ने ब्यवस्था भएको सहित विस्तृत अन्तराष्ट्रिय प्रयासको आवस्यकता पर्दछ भन्ने घोषणा गर्दै,

विभिन्न खालका अन्तर्राष्ट्रिय दस्तावेजहरू मानव बिषेशगरी महिला बालबालिकाहरूको शोषण विरूद्ध लड्न नीति, नियम र उपयोगी उपायहरू भए पनि अहिलेसम्म मानव बेचविखनका सबै पक्ष समेट्ने बिश्वव्यापी कानुन छैन भन्ने यथार्थलाई मनन गर्दै,

यस्तो कानुनको अभावमा बेचबिखन/ओसारपसारको सम्भावित जोखिममा रहेका व्यक्तिहरूलाई पूर्णरूपमा बचावट गर्न सकिदैन भन्ने कुरामा ध्यान दिंदै,

९ डिसेम्वर १९९८ को महासभाको प्रतिबद्धता ५३/१११ लाई संरक्षण गर्दै । यस प्रतिवद्धतामा सभाले विस्तृत अन्तर-देशीय संगठित अपराध विरूद्ध अन्तराष्ट्रिय महासन्धि ब्याख्या गर्न र यसको साथै महिला तथा बालबालिको बेचविखन तथा ओसारपसारको पनि ब्याख्या र छलफल गर्न खुला अन्तर सरकारी तदर्थ समितिको निर्माण गर्ने निर्णयलाई मान्दै ।

विभिन्न व्यक्तिहरू बिशेषगरी महिला तथा बालबालिकाहरूको बेचविखनबाट तिनीहरूलाई बचाउन, त्यस्ता गतिविधी दवाउन र बेचविखनमा संलग्न व्यक्तिलाई सजाया गर्न,अन्तरदेशीय रूपमा हुने संगठित अपराध विरूद्धको यो दस्तावेज अन्तरदेशीय संगठित अपराध बिरूद्धको राष्ट्रसंघीय महासन्धिको पूरक लिखतकोरूपमा अपराध नियन्त्रण तथा रोकथामकोलागि उपयोगी हुनेछ भन्ने कुरामा सहमत हुँदै,

निम्न बमोजिम सहमत भएका छन–

## परिच्छेद १. सामान्य प्रावधानहरू

**धारा १**

**अन्तरदेशीय संगठित अपराध विरूद्ध**

**संयुक्त राष्ट्र संघीय महासन्धिसँगको सम्बन्ध**

१. यस उप-लेखले अन्तरदेशीय सांगठित अपराध विरूद्ध संयुक्त राष्ट्र संघीय घोषणाको परिपूरकको कार्य गर्ने छ । यसलाई सोही अनुसार व्याख्या गरिनेछ ।

२. यस उपलेखले अन्यथा व्यवस्था गरेकोमा बाहेक यसलाई महासन्धिकै परिमार्जनकोरूपमा अङ्गिकार गरिनेछ ।

३. यस उपलेखको धारा ५ अनुसार अपराधिक कार्यहरू महासन्धिले निर्दिष्ट गरे बमोजिम कै अपराध गरेको मानिनेछ ।

**धारा - २**

**उद्देश्यहरू**

**यस उपलेखको उद्देश्यहरू निम्नलिखित छन्:-**

१. मानिसहरूको ओसारपसार/बेचबिखन, विशेषगरी

महिला तथा बालबालिकाहरूको ओसार(पसारलाई विशेष ध्यान दिदैं रोकथाम र त्यसको विरूद्ध जुभ्ने

२. ओसार-पसारबाट पीडित व्यक्तिहरूलाई उनीहरूको मानव अधिकारको पूर्ण सम्मानका साथ संरक्षण गर्ने एवं सहयोग पुऱ्याउने, र

३. यी उद्देश्यहरूलाई पूरा गर्न राज्य पक्षहरूको बीचमा आपसी सहयोग अभिवृद्धि गर्ने ।

**धारा-३**

**शब्दको प्रयोग**

**यस उपलेखको प्रयोजनको लागि-**

१. "मानिसहरूको ओसार-पसार" भन्नाले शोषण गर्ने उद्धेश्यले मानिसहरूलाई धम्कि, बल प्रयोग गरेर वा अन्य तरिकाले जवर्जस्तिपूर्वक बन्धक बनाएर, जालसाजी गरेर ढाँटेर , शक्ति वा ओहदाको दुरूपयोग गरी, लोभ देखाएर, पैसा दिएर वा अन्य कुनै फाईदाको आशा देखाएर भर्ति गर्ने, सहमति गराई अर्को व्यक्ति माथि नियन्त्रण कायम गरी गौरव गर्ने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा लैजाने, एक ठाउँबाट अर्को ठाउँमा लगेर राख्ने, आश्रयमा लिने कार्यलाई बुझाउँदछ । शोषण भन्नाले न्यूनतम मूल्यमा अरूलाई देहव्यापारमा लगाई शोषण गर्ने वा अन्य प्रकारको यौन शोषण, जबरजस्ती श्रम वा सेवा दासता वा त्यस्तै प्रकृतिका काम, नोकर/दास बनाउने, अङ्गहरू निकाल्ने कार्यलाई समेट्दछ ।

२. शोषणको मनसायले सहमतिपूर्वक बेचबिखन वा ओसार पसार भएपनि यस धाराको उप अनुच्छेद (क) मा उल्लेख भएका उपायहरूको प्रयोग भएको अवस्था सम्म सहमतिको कुरा मेल खाने छैन ।

३. उप-धारा (१) मा जुन सुकै कुरा उल्लेख गरिएको भए पनि शोषण गर्ने उद्देश्यले कुनै पनि बालबालिकाको निकृष्ट भर्ति गर्ने, ओसार पसार गर्ने, स्थानान्तरण गर्ने, आश्रयमा लिने वा उनीहरूलाई आफ्नो नियन्त्रणमा राखी छोड्ने जस्ता कार्यले मानिसहरूको ओसार-पसारलाई नै बुझाउने छ ।

४. 'बालबालिका' भन्नाले अठार वर्ष मुनिका व्यक्तिहरूलाई बुझाउने छ ।

**धारा - ४**

**प्रयोगको क्षेत्र**

यसमा अन्यथा लेखिएको बाहेक उपलेखको धारा ५ अनुसारको अपराधहरूको, जव ती अपराधहरू अन्तरदेशिय प्रकृतिका र संगठित अपराधी समूहको सहभागितामा भएको छ भने रोकथाम, अनुसन्धान र उपचार गर्न साथै यस्ता अपराधबाट पीडितहरूको संरक्षण गर्न यस उपलेखको प्रयोग हुनेछ ।

**धारा-५**

**अपराधिकरण**

१. यस उपलेखको धारा ३ मा उल्लेख भए अनुसारको अपराधहरू जब नियोजित ढंगले गरिन्छ भने, यसको विरूद्धमा हरेक राज्यपक्षहरूले आवश्यकता अनुसार यस्ता कानुन र अन्य उपायहरू अनुमोदन गर्नेछन् ।

२. प्रत्येक देशले अपराध दण्ड व्यवस्था गर्न आवश्यकता अनुसार उल्लेखित कानुन र अन्य उपायहरू ल्याउनेछ ।

क. कानुनी प्रक्रियामा व्यवस्था भए अनुसार जो व्यक्ति अपराध गर्न आटीरहेको छ उसका लागि यस धाराका अनुच्छेद १ अनुसार हुने,

ख. अपराध कार्यमा संलग्न हुनेलाई यस धाराको अनुच्छेद १ अनुसार हुने,

ग. अपराध कार्यमा सगठित गर्ने वा निर्देशन गर्नेलाई यस धाराको अनुच्छेद १ अनुसार हुने ।

२. मानव बेचविखनबाट पीडितलाई संरक्षण गर्ने ।

**धारा - ६**

**बेचविखन /ओसार-पसारबाट पीडित ब्यक्तिहरूकोलाई सहयोग तथा संरक्षण**

१. सम्बन्धित घटनाहरू (मुद्दा) मा घरेलु कानुनले भ्याएसम्म, प्रत्येक देशले बेचबिखन हुन पुगेकाहरूको व्यक्तिगत, परिचय लगायत योसँग सम्बन्धित प्रक्रियाहरूलाई गोप्य राख्ने छन् ।

२. सम्बन्धित घटनाहरूमा प्रत्येक देशले बेचबिखन सम्बन्धमा आन्तरिक कानुन वा प्रशासन प्रणाली अन्तरगत विविध उपायहरू प्रदान गर्ने कुरा सुनिश्चित गर्नेछन् ।

क. सम्बन्धित अदालत र प्रशासनिक प्रक्रियाको सम्बन्धमा जानकारी प्रदान गर्नेछन् ।

ख. बचावटको अधिकारप्रति पूर्वाग्रही मात्र नभएर पीडितहरूको तर्कलाई बलियो बनाउन, प्रस्तुत गर्दा ख्याल राख्नु पर्ने कुराहरू र अपराध गर्नेका विरूद्ध जानको लागि उपयुक्त चरणहरू प्रक्रियागत ढंगमा जान सहयोग गर्ने ।

३. हरेक राज्यले उपयुक्त घटनाहरूमा विशेष रूपमा तल उल्लेखित प्रावधान अनुसार गैर सरकारी संस्था अन्य सम्बन्धित संघ संगठन र नागरिक समाजका अन्य पक्षहरूको आपसि सहयोगमा बेचविखनबाट पीडितहरूलाई शारीरिक, मानसिक र सामाजिक रूपले स्वास्थ्यलाभ प्रदान गर्ने गरी उपायहरूको कार्यान्वयन गर्न ध्यानदिने छन् ।

(क) उपयुक्त बसोबास,

(ख) खास गरेर वेचविखनबाट पीडितहरूको कानुनी अधिकार बारे उनीहरूले बुझ्ने भाषामा परामर्श र जानकारी,

(ग) औषधी, मनोवैज्ञानिक र सामाग्रीको सहयोग र,

(घ) रोजगारी, शिक्षा र तालिमका अवसरहरू ।

४ प्रत्येक राज्यले यस धाराका प्रावधानहरूलाई लागू गर्ने सन्दर्भमा उमेर, लिंग र पीडितको विशेष आवश्यकता, खास गरेर बालबालिकाहरूको उचित बसोबास, शिक्षा र हेरचाह लगायतका विशेष आवश्यकताहरूलाई ख्याल गर्नेछन् ।

५. प्रत्येक राज्यले आफ्नो क्षेत्र भित्र रहेसम्म बेचबिखनमा परेका व्यक्तिहरूको शारिरिक सुरक्षाका लागि प्रयास गर्नेछन् ।

६. प्रत्येक राज्यले आन्तरिक कानुनी प्रक्रियामा पीडित व्यक्तिको अङ्गभङ्ग भएमा क्षतिपूर्ति पाउने व्यवस्था हुने कुरा सुनिश्चित गर्नेछन् ।

**धारा - ७**

**(प्रापक) गन्तब्य राज्यहरूमा बेचबिखनबाट पीडितको हैसियत**

१. यस उपलेखको धारा ६ ले स्वीकार गरेको उपायको साथै प्रत्येक राज्यले बेचविखनमा परेकाहरूले सोही देशमा स्थायी वा अस्थायी रूपमा बस्न चाहेमा स्वीकृति दिन आवश्यक कानुनी एवं अन्य उपयुक्त उपाय अनुमोदन गर्ने सन्दर्भमा ध्यान दिनेछन् ।

२. यस धाराको अनुच्छेद १ मा भएको व्यवस्थालाई लागू गर्न प्रत्येक राज्यले मानवीय र क्षतिपूर्तिको पक्षलाई उपयुक्त ध्यान दिनेछन् ।

**धारा - ८**

**बेचविखनमा परेका पीडितहरूको हस्तान्तरण**

१. बेचविखनबाट पीडित व्यक्ति जुन देशको नागरिक हो वा जहाँ ऊ बेचबिखनको समयमा स्थायी रूपले बसोबास गर्ने अधिकार राख्दथ्यो उक्त राज्यले उसलाई पूर्ण सुरक्षाका साथ स्वीकार्न र फर्किन सहयोग गर्नेछ । पीडितको स्वदेशागमन बिना कारण ढिला हुनेछैन ।

२. जब कुनै राज्यले बेचविखनबाट पीडित व्यक्तिलाई उसको स्वदेशमा फर्काउदछ, त्यस्तो पुनरागमन प्रकृया पीडित व्यक्तिको पूर्ण सुरक्षा र बेचबिखनबाट पीडित भएको आधारमा अपनाउन पाउने कानुनी प्रकृया प्राप्त गर्नसक्ने हैसियत कायम गरेको हुनेछ र यो स्वयंसेवी भावनाले भएमा अझ श्रेयस्कर हुनेछ ।

३. प्रापक (गन्तव्य) राज्यको अनुरोधमा, अनुरोध गरिएको राज्यले अनावश्यक ढिलाई नगरीकन पीडित व्यक्ति आफ्नो देशको हो वा होइन भन्ने कुरा छानबिनगरी प्रमाणीकरण गर्नेछ ।

४. आवश्यक कागजात नरहेका बेचविखनमा परेकाहरूलाई उसको स्वदेश फिर्तामा सघाउ पुर्‍याउन बेचविखनमा परेको व्यक्ति जुन देशको नागरिक हो वा गन्तव्य देशमा प्रवेश गर्नुअगाडि जहाँ उसको स्थायी रूपमा बसोबास गर्ने अधिकार थियो, सो देशले प्रापक देशको अनुरोधमा सो पीडित व्यक्तिलाई यात्रा तथा स्वदेश फिर्तिका लागि आवश्यक कागजपत्र वा अन्य सरकारी सघाउ पुर्‍याउनेछन् ।

५. यो धारा अनुसार बेचविखनबाट पीडित व्यक्तिको अधिकार प्रति उद्‌गम देशको आन्तरिक नियमबाट पूर्वाग्रही रूपमा प्रभावित हुनछैन ।

६. यो धारा बेचविखनबाट पीडितहरूको स्वदेश फिर्तीलाई आंशिक वा पूर्णरूपमा नियमन गर्ने द्विपक्षीय वा बहुपक्षीय सम्झौता तथा व्यवस्था प्रति पूर्वाग्रही हुनेछैन ।

iii) बचावट, पारस्परिक सहयोग र अन्य उपायहरू

**धारा - ९**

**मानवको बेचविखनबाट बचावट**

१. राज्यले नीति, कार्यक्रम र अन्य उपायहरू निर्माण गर्ने :

क. मानव बेचविखनबाट बचाउने र बेचविखन विरूद्ध लड्ने, र

ख. वेचविखनबाट पीडित विशेषगरि महिला तथा बालबालिकालाई पुनः पीडित हुनबाट संरक्षण गर्ने ।

२. अनुसन्धान, सूचना तथा आमसंचार परिचालन र सामाजिक तथा आर्थिक कार्यद्वारा सम्बद्ध देशहरूले बेचविखनबाट बचाउन र यस विरूद्ध लड्न विभिन्न

उपायहरू अबलम्बन गर्न प्रयास गर्नेछन् ।

३. यस धारा अनुसार बनाइएका नीति, कार्यक्रम र अन्य उपायहरूमा उपयुक्त हिसावले गैर सरकारी संस्था, अन्य सम्बन्धित संस्था र नागरिक समाजका पक्षलाई समेत समावेश गर्नेछन् ।

४.राज्यहरूले द्विपक्षीय अथवा बहुपक्षीय सहयोग मार्फत मानिसको विशेष गरी महिला तथा बाल बालिकाहरूको बेचबिखनको सम्भाव्य जोखिममा पुऱ्याउने तत्वहरू जस्तै गरीबी, अल्पविकास र समान अवसरको अभाव आदिलाई न्यूनिकरण गर्न विविध उपायहरू अवलम्वन र सबलीकरण गर्ने ।

५. राज्यपक्षले बेचबिखनतर्फ अभिप्रेरित गर्ने मानिसको, विशेषगरी महिला र बालबालिकाको शोषणलाई प्रोत्साहन गर्ने मागलाई निरूत्साहित गर्न द्विपक्षीय र बहुपक्षीय पारस्परिक सहयोगमार्फत लगायत कानुनी र शैक्षिक, सामाजिक वा सांस्कृतिक जस्ता उपायहरू अवलम्वन वा सशक्त पार्नेछन् ।

**धारा - १०**
**सूचनाको आदान-प्रदान र तालिम**

१. राज्यका कानुन कार्यान्वयन, अध्यागमन र अन्य सम्बन्धित निकायहरूले तल उल्लेखित कुराहरू निर्धारण गर्न सवल हुनको लागि आफ्नो आन्तरिक कानुन अनुसार उपयुक्त हिसाबले सूचनाको आदान, प्रदानद्वारा पारस्परिक सहयोग गर्ने छन् ।

क) अन्तर्राष्ट्रिय सिमाना वारपार गर्ने वा गर्न खोज्ने व्यक्तिहरू, जो अरूको यात्रा गर्ने कागजात प्रयोग गर्छन वा उनीहरूसाग यात्राको कागजातै छैन, त्यस्ता व्यक्तिहरू या त अपराधी हुन अथवा बेचबिखनबाट पीडित,

(ख) बेचबिखन गर्ने उदेश्यले अन्तर्राष्ट्रिय सीमाना पार गर्ने बेलामा प्रयोग गरिएका यात्राका कागजात वा प्रयोग गर्न खोजिएका कागजातका किसिम, र

(ग) पीडितहरूको भर्ति र ओसार-पसार, मार्ग र बेचबिखनमा संलग्न व्यक्तिहरूको सम्पर्क, सम्बन्ध तथा उनीहरूको पहिचानका सम्भाव्य उपाय, संगठित अपराधिक समूहले व्यक्तिको किनबेच गर्ने उद्देश्यले प्रयोग गरेका साधन र तरिकाहरू ।

२. नागरिकहरूको बेचविखन हुनबाट बचाउन राज्यले कानुन अध्यागमन र अन्य सम्बन्धित निकायका अधिकारीहरूलाई तालिम उपलब्ध गराउने छ र तालिम सवलीकरण गर्नेछन् । तालिमले बेचविखनबाट बच्ने उपायहरू, बेचविखन गर्नेलाई दिइने दण्ड र पीडितका अधिकार बचावट लगायत पीडितलाई बेचविखनकर्ताबाट जोगाउने उपायहरूमा केन्द्रित गर्नुपर्नेछ । तालिमले मानव अधिकार, बालबालिका र लैङ्गिक संवेदनशील विषयहरूलाई मध्यनजर गर्नुपर्ने आवश्यकतालाई ख्याल गर्नेछ, गैर सरकारी संस्थाहरू अन्य सम्बन्धित संघ/संस्थाहरू र अन्य नागरिक समाजबाट प्राप्त सहयोगलाई प्रोत्साहित गर्नुपर्नेछ।

३. जानकारी दिने राज्य पक्षले अनुरोध गरी जानकारी पाउने राज्य पक्षलाई सूचनाको प्रयोग गर्न निषेध गर्ने अनुरोध पठाएमा सूचना पाउने राज्यले सूचनाको प्रयोग गर्नेछैन ।

**धारा ११**
**सीमाना मापदण्ड**

१. स्वतन्त्र रूपले आवतजावत गर्न पाउने सम्बन्धमा अन्तराष्ट्रिय प्रतिबद्धता प्रति पूर्वाग्रही नभई, संनागरिकको बेचबिखन हुनबाट बचाउने र बेचविखन हुने संभाव्यताको खोजी गर्न राज्यहरूले संभव भएसम्म सिमानाको नियन्त्रण गर्ने,

२. विभिन्न यातायातको साधनहरू उपयोग गरेर व्यापारिक सामानहरूको ओसार-पसार गर्ने नाममा अपराधीहरूले यस उपलेखको धारा ५ ले भनेजस्तै अपराध गर्नसक्नेहुँदा प्रत्येक देशले संभव भएसम्मको कानुनी तथा अन्य उपायहरूको अवलम्बन गरी यसको दुरूपयोग हुनबाट बचाउने छन् ।

३. अन्तर्राष्ट्रिय महासन्धिको प्रतिकूल नहुने गरी संभव भए सम्म व्यापारिक सामानको ओसार पसार गर्ने यातायातको कम्पनी, मालिक वा यातायातको साधनहरू संचालन गर्ने संचालकमा यात्रुहरूको गन्तव्य देशमा प्रवेश गर्नकालागि आवश्यक कागजात हुनुपर्ने बाध्यात्मक नियम लागू गर्नेछन् ।

४. राज्यले यसको अनुच्छेद ३ मा भनेको व्यवस्था उल्लघन गरेमा सजाय दिने सहमती कायम गर्न आन्तरिक कानुन अनुसार आवश्यक उपाय अवलम्बन गर्नेछन् ।

५. प्रत्येक देशले आफनो देशको कानुन अनुसार यस उपलेखले भने अनुसार अपराध गर्नेलाई प्रवेशाज्ञा रोक्न वा छोटयाइदिन सक्ने उपाय अवलम्वन गर्न ध्यान दिनेछन् ।

६ महासन्धिको धारा २७ को प्रतिकुल नहुने गरी, सहभागी देशहरूले सिमाना नियन्त्रण निकायहरूबीच सिधा संचार सम्पर्कको माध्यमको स्थापना गरेर आपसी सहयोग अभिबृद्धि गर्नेछन् ।

**धारा १२**

**सुरक्षा र नियन्त्रण**

राज्यपक्षले संभव भएसम्म उपलब्ध साधन अन्तरगत निम्न उपायहरू अबलम्बन गर्नेछन् :

(क) यात्रा वा परिचय कागजातहरू सजिलैसाग दुरूपयोग, गलत हुन वा गैरकानुनी तरिकाले उपयोग हुन वा मिलाउन संभव नहुने गरी गुणस्तरिय छन् भन्ने कुरा सुनिश्चित गर्ने, र

(ख) राष्ट्रको तर्फबाट इजाजत गरिएको यात्रा वा परिचयात्मक कागजातहरूको गैरकानुनी सृजना, इजाजत वा उपयोग बाट बचाउ र सुरक्षा सुनिश्चित गर्ने ।

**धारा १३**

**कागजातको बैधता र मान्यता**

अर्को देशको अनुरोधमा एउटा देशले आफ्नो देशको कानुन अनुसार उपयुक्त समयमा यात्रा वा परिचयका लागि इजाजत गरिएका कागजातहरू कसका नाममा इजाजत दिइएको हो र नागरिकको बेचविखन गर्ने खालका शंकास्पद कागजातहरू भए प्रमाणीकरण गर्नेछन् ।

## परिच्छेद-४ : अन्तिम व्यवस्थाहरू

**धारा १४**

**बचाऊसम्बन्धी ब्यवस्था**

१. यस उपलेखले एउटा राष्ट्रको अधिकार, कर्तव्य र जिम्मेवारीहरूलाई र व्यक्तिको अधिकार, मानवीय पक्ष र मानव अधिकारलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन विशेष गरी १९५१ को महासंधि र १९६७ को शरणार्थीको अवस्था सम्बन्धी उपलेख अनुसार त्यसमा रहेमा पुन दोषारोपित नगर्ने सिद्धान्तहरू लगायत अन्तराष्ट्रिय नियम अनुसार प्रभावित पार्ने छैन

२. यस उपलेखमा व्यवस्था गरिएका उपायहरू बेचविखनमा परेको पीडित भन्ने आधारमा भेदभाव नगरी ब्याखा गरिने र लागू गरिने छ । उपायहरूको ब्याख्या र कार्यान्वयन अन्तर्राष्ट्रिय रूपमा परिचित भेदभाव रहित सिद्धान्तअनुसार हुनेछ ।

**धारा १५**

**विवादहरूको समाधान**

१. राज्यहरूले यस उपलेखको ब्याख्या वा कार्यान्वयन गर्ने बारेको विवाद आपसी सहमतीको आधारमा सुल्झाउने प्रयास गर्नेछन् ।

२. यस उपलेखको ब्याख्या अथवा कार्यान्वयन गर्ने सम्बन्धी दुई वा दुइभन्दा बढी देश बीच रहेको विवाद आपसी सहमतिमा उपयुक्त समयमा सुल्झाउन नसके कुनै एउटा देशको अनुरोधमा मध्यस्थतामा प्रस्तुत गर्ने । यदि मध्यस्तता अनुरोधको ६ महिनाभित्र मध्यस्तता अन्तरगत पनि सहमति कायम नभए सम्बन्धित कुनै पनि देशले त्यस विवादलाई कानुन अनुसार अन्तराष्ट्रिय न्यायालयमा पठाउन सक्नेछ ।

३. प्रत्येक देशले उपलेखमा हस्ताक्षर गर्ने समयमा, स्वीकृति गर्दा, अनुमोदन गर्दा वा प्रस्तुत गर्दा यस धाराको अनुच्छेद २ ले उसलाई अनुबन्धित गर्नेछैन भनेर घोषणा गर्न सक्नेछन् । यस धारालाई कुनै देशले स्थगन शर्त राखेको अवस्थामा अरू देशहरू यस अनुच्छेदलाई मान्न बाध्य हुनेछैनन् ।

४. कुनै पनि देशले यस धाराको अनुच्छेद ३ अनुसार राखेका शर्तहरू संयुक्त राष्ट्र संघका महासचिवलाई कुनै पनि बेला जानकारी दिई फिर्ता लिन सक्नेछन् ।

**धारा १६**

**हस्ताक्षर, स्वीकार, अनुमोदन, ग्रहण र प्राप्ति**

१. यो उपलेख हस्ताक्षरका लागि सन् २००० को डिसेम्बर १२-१५ सम्म इटालीको पलेर्मो र पछि संयुक्त राष्ट्रसंघको मुख्य कार्यालय न्यूयोर्कमा सन् २००२ को डिसेम्बर १२ सम्म खुला राखिने छ ।

२. यो उपलेख क्षेत्रीय आर्थिक एकीकरण संस्थाहरूका लागि पनि खुला रहनेछ, यसका लागि न्यूनतम संस्थाको एउटा राष्ट्रले यस धाराको अनुच्छेद १ अनुसार हस्ताक्षर गरेको हुनुपर्दछ ।

३. यो उपलेख हस्ताक्षर, स्वीकार वा अनुमोदनको विषय हो । हस्ताक्षर, स्वीकार वा अनुमोदनका आधारशीलाहरू संयुक्त राष्ट्र संघका महासचिवलाई जिम्मा दिइने छ । क्षेत्रीय आर्थिक एकीकरण संगठनले हस्ताक्षर स्वीकार वा अनुमोदनको आधारशीला बनाउन सक्दछ तर यसका लागि कम्तीमा एउटा सदस्य राष्ट्रले त्यस मर्म मुताविक काम गरेको हुनु पर्दछ । यसको स्वीकार वा अनुमोदन गर्दा संगठनले पहिला नै घोषणा गर्नु पर्छ कि यस उपलेखले ओगटेको कति हदसम्म काम पूरा हुन्छ । यस्ता संगठनले काम पूरा गर्ने क्रममा चाहिने सम्बन्धित सुधारको बारेमा जानकारी दिनेछन् ।

४. यो उपलेख ग्रहण गर्न कुनै पनि देश वा क्षेत्रीय

आर्थिक एकीकरण संगठनलाई खुला गरिएको छ, संगठनका हकमा भने कुनै एक देश, यस उपलेखको सहभागी सदस्य हुनुपर्दछ । ग्रहण गर्नका लागि आवश्यक कागजातहरू संयुक्त राष्ट्रसंघका महासचिवलाई बुझाउनु पर्नेछ । ग्रहण गर्ने समयमा क्षेत्रीय आर्थिक एकीकरण संगठनले यस उपलेखले ओगटेको कुराहरू पूरा गर्ने आफ्नो क्षमताका साथ घोषणा गर्नु पर्दछ । यस्ता संगठनले काम पूरा गर्ने क्रममा चाहिने सम्बन्धित सुधारको बारेमा सूचना दिनेछन् ।

**धारा १७**

**कारवाहीमा प्रवेश**

१. हस्ताक्षर स्वीकार अनुमोदन गरेको चालिसौं दस्तावेज बुझाएको नब्बे औं दिनमा कार्यवाहीमा प्रवेश गर्नेछ तर पहिले महासंधि कार्यवाहीमा प्रवेश नगरीकन, यो कार्यवाहीमा जाने छैन । यस अनुच्छेदको उद्देश्यका खातिर कुनै क्षेत्रीय आर्थिक एकीकरण संगठनले बुझाएको दस्तावेज सम्वद्ध सदस्य देशहरूले बनाएको दस्तावेजमा अतिरिक्त भनी मान्य हुने छैन ।

२. हरेक राज्य वा क्षेत्रीय आर्थिक एकीकरण संगठनहरूले यस उपलेखको अनुमोदन, स्वीकार, ग्रहण र प्राप्ति गरेर त्यस्तो कार्यको ४०औं दस्तावेज बुझाएपछिको ३०औं दिनदेखि वा यस धाराको अनुच्छेद १ अनुसार, जुन ढिलो हुन्छ, त्यस दिनदेखि यस उपलेख कार्यवाहीमा प्रवेश गर्नेछ ।

**धारा १८**

**संसोधन**

१. यो उपलेख लागू भएको पाँच वर्षपछि, सम्बद्ध देशले संशोधनको प्रस्ताव महासचिवसमक्ष ल्याउन सक्छ र यसरी आएको प्रस्तावलाई महासचिवले महासन्धिको राज्य पक्ष र सभामा प्रस्तुत गर्नेछन् र निर्णयको लागि अनुरोध गर्नेछन् । सम्वद्ध देशहरूले यस उपलेखको छलफल सम्मेलनमा संसोधनको प्रत्येक बुँदामा जोड दिई आम सहमति बनाउन सक्दछन् । यदि गर्दा पनि सहमतिमा आउन नसकेमा, सम्मेलनमा उपस्थित सदस्य राष्ट्रहरूका बीच चुनाव गराई उपस्थित राष्ट्रहरूको दुई तिहाइ बहुमतका आधारमा संसोधन लागू गरिनेछ ।

२) क्षेत्रीय आर्थिक एकीकरण संगठनहरू, तिनीहरूको प्रतिस्पर्धाको मामिलामा, तिनीहरूले आफ्नो यस उपलेखका राज्य पक्ष भएका सदस्य राष्ट्रको संख्या जति छ त्यति नै मत बराबरको मताधिकार प्रयोग पाउने छन् । यदि तिनीहरूका सदस्य राज्यले मत प्रयोग गरे भने यस्ता संगठनले ती मत प्रयोग गर्न पाउँदैनन् तर संगठनले मत खसालेमा, सदस्य राज्यले खसाल्दैन ।

३) यस धाराको अनुच्छेद १ अनुसार संसोधन गरिएको बुँदाहरूलाई सहभागी सदस्य राष्ट्रहरूको हस्ताक्षर गर्ने, स्वीकार्ने वा अनुमोदन गर्नुपर्नेछ ।

४ यस धाराको अनुच्छेद १ अनुसार लागू गरिएको संसोधन, संयुक्त राष्ट्रसंघका महासचिवलाई हस्ताक्षर, स्वीकार वा अनुमोदनसहितको संसोधन दस्तावेज बुझाएको नब्बे औं दिनमा कुनै पनि सहभागी सदस्य राष्ट्रका लागि कार्वाहीमा प्रवेश गर्नेछ ।

५. जब संशोधन जारी गरिन्छ, यसले ती देशहरूलाई मात्र नियममा बाध्य राख्नेछ, जसले यसमा सहमति दिएका छन् । अरू देशहरूलाई यस उपलेखमा भएको व्यवस्थाले अझै बाध्य राखेको हुनेछ र कुनै अघिल्लो शंसोधन गर्दा तिनीहरूले हस्ताक्षर गरेको, स्वीकारेका वा अनुमोदन भए त्यसमा पनि बाध्य हुनेछ ।

**धारा १९**

**असहमति**

१. कुनै पनि देशले यस उपलेख प्रति संयुक्त राष्ट्र संघका महासचिवलाई लिखित सूचना दिएर असहमती जनाउन सक्दछ । यस्तो असहमती संयुक्त राष्ट्र संघका महासचिवले जानकारी पाएको एक वर्ष पछि मात्र प्रभावकारी हुनेछ ।

२. यसका सम्पूर्ण सदस्य राष्ट्रहरूले यस उपलेखलाई अस्वीकार गरेमा कुनै पनि क्षेत्रीय आर्थिक एकीकरण संगठनले यस उपलेखलाई अस्वीकार गर्न सक्नेछन् ।

**धारा २०**

**संरक्षक र भाषाहरू**

१. संयुक्त राष्ट्र संघका महासचिव यस उपलेखका संरक्षकको रूपमा रहनेछन् ।

२. यस उपलेखको सक्कल प्रति अरेबिक, चाइनिज, अंग्रेजी, फ्रेन्च, रसीयन र स्पेनिश भाषामा उत्तिकै मान्य रहने छन र तिनीहरूलाई संयुक्त राष्ट्र संघका महासचिवसँगै राखिने छ ।

साक्षीको रूपमा सम्बन्धित राज्यका सरकारको तर्फबाट उपस्थित सर्वाधिकार सम्पन्न प्रतिनिधिहरूले यस उप-लेखमा हस्ताक्षर गरेका छन् । ●

"मानवअधिकार तथा मानवीय प्रतिष्ठाका निम्ति अन्तर्राष्ट्रिय ऐक्यवद्धता"

**Himalayan Human Rights Monitors**

# इन्हुरेड इन्टरनेशनल

**INHURED INTERNATIONAL**

**संक्षिप्त परिचय :**

विश्वमा मानवअधिकार तथा जनअधिकारको संरक्षण एवं सम्वर्द्धन, कानुनी राज, आर्थिक तथा सामाजिक न्यायमा आधारित प्रजातान्त्रिक समाजको निर्माण, जनमुखी विकास नीतिको कार्यान्वयन र स्वस्थ वातावरणको जगेर्ना गर्दै न्यायपूर्ण विश्व-शान्तिका निमित्त कार्य गर्ने उद्देश्यले तत्कालीन तथा दीर्घकालीन कार्यक्रमहरूकासाथ यस प्रतिष्ठानको स्थापना २०४४ सालमा भएको हो । संस्थाको प्रारम्भिक संरचनामा व्यापक परिवर्तन ल्याउने कार्य बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि २०४७ सालमा भयो। इन्हुरेडको सहकर्मी संस्था हिमराइट्सको स्थापना २०५६ सालमा भएको हो ।

यसले अन्तराष्ट्रिय, क्षेत्रीय (एशिया-प्रशान्त) र राष्ट्रिय स्तरका कार्यक्रमको तर्जुमा गरी आफ्ना गतिविधिहरू संचालन गरिआएको छ । मानवअधिकार, वातावरण र विकाससँग सम्वन्धित सवाल नै यसले राष्टिय र अन्तराष्ट्रियस्तरमा उठाउने प्रमुख सवालहरू हुन् ।

नेपालको विगत र वर्तमान अवस्था मानवअधिकार, वातावरण र विकाससँग सम्बन्धित विभिन्न समस्या र चुनौतीहरूको समिश्रण भएको हुनाले यहाँ सञ्चालित कार्यक्रमहरूको सफलता र असफलता अरू देशहरूको निम्ति समेत अनुकरणीय हुनसक्छ । नेपालमा हाल सञ्चालित कार्यक्रमहरूमा मानवअधिकार शिक्षा र तालिम तथा नेपालले अनुमोदन गरेका २० वटाभन्दा बढी मानवअधिकार र वातावरण सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि- सम्झौताहरूको नेपालमा प्रभावकारी कार्यान्वयन भए-नभएको अध्ययन गरी प्रतिवेदन तयार गर्ने तथा नेपालका मानवअधिकार उल्लंघनकारी कानुन, नियम र व्यवहारका विरूद्ध आवाज उठाउने एवं मल्लिक प्रतिवेदनका आधारमा मानवअधिकार उल्लंघनकारी र दोषीहरूमाथि कारवाही चलाउने अभियान प्रमुख छन् । साथै विभिन्न मानव अधिकारकर्मी संस्थाहरूसाग कार्यगत एकता कायम गरी मानवअधिकार तथा न्यायपूर्ण शान्ति आन्दोलन सुदृढ बनाउने अभियानमा संकल्पित छ ।

हालका बर्षहरूमा महिला तथा बालबालिका बेचविखन विरूद्धको अभियानमा पनि इन्हुरेड इन्टरनेशलन सक्रिय रूपमा लागिपरेको छ । मकवानपुर, बारा र रौतहटमा विशेष अभियान संचालन गरिआएको यस संस्थाले मानव बेचविखन सम्बन्धमा राष्ट्रिय अन्तराष्ट्रिय कार्यशाला गोष्ठी सफलता पूर्वक संचालन गरिसकेको छ भने वेचविखन विरूद्धको सचेतना अभियानलाई सघाउ पुऱ्याउन फिल्म तथा गीतको क्यासेटसमेत उत्पादन गरेको छ । "छोरी र अधिकार" जस्ता यसका विशेष प्रकाशन रहेका छन् भने अध्ययन / अनुसन्धान जस्ता खोजमूलक कार्यहरू पनि यसका कार्यक्षेत्र भित्र पर्दछन्।

संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद् (ECOSOC) को विशेष परामर्श हैसियत (Special Consultative Status) प्राप्त संस्था नेपालको मानव अधिकार आन्दोलनमा अग्रपंक्तिमा रहेर आफ्ना गतिविधिहरूलाई अगाडि बढाइरहेको छ । ●

विस्तृत जानकारीको लागि सम्पर्क
**डा. गोपालकृष्ण सिवाकोटी / अन्जना शाक्य**
**इन्हुरेड इन्टरन्याश्नल् / हिमराइट्स**
**पत्रमञ्जुषा ४६९०, काठमाडौं**
**इनार, पुल्चोक, ललितपुर**
फोन: ५२००५४, ५२००४२ फ्याक्स: ५२००४२, ५२११८०
Email: info@inhured.wlink.com.np,
Website: www.inhured.org


**बेचबिखनबाट पीडित / प्रभावित व्यक्तिलाई उचित क्षतिपूर्तिको ग्यारेण्टीसहित जनमुखी कानूनको निर्माण गरौं ।**

# एटविन गतिविधिहरू

## धारणागत स्पष्टता गोष्ठीहरू सम्पन्न

### मध्य पश्चिमाञ्चल क्षेत्र नेपालगंज

मध्य पश्चिमाञ्चल क्षेत्रीय स्तरको धारणागत स्पष्टता गोष्ठी मानव अधिकार तथा सामाजिक न्याय मञ्च साग समन्वय गरी उक्त संस्थाको आयोजकत्व र **एटविन**को संयोजकत्वमा २००१ डिसेम्बर ११देखि १३ गते नेपालगञ्जमा सम्मन्न भयो । यस क्षेत्रका २८ वटा संस्थाहरूको प्रतिनिधित्व रहेको उक्त ३ दिने गोष्ठीमा सम्बन्धित सरकारी निकायहरूको पनि उत्साहबर्धक सहभागिता रहेको थियो । एटविनका तर्फबाट एटविन संयोजक भगवती नेपाल र सदस्य संस्था महिला हित समाजबाट तुलसा दाहालले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो ।



### पूर्वाञ्चल क्षेत्र बिराटनगर

फेब्रुअरी २००२ को ६ देखि ८ तारिखसम्म पूर्वाञ्चल क्षेत्र स्तरीय धारणागत स्पष्टता गोष्ठी विराटनगरमा सम्पन्न भयो । यस क्षेत्रका ३९ वटा संघसंस्थाहरूले भाग लिएको उक्त कार्यक्रम एटविनको सम्योजकत्व र इन्सेक बिराटनगर आयोजनामा भएको थियो । मानव बेचविखनका विभिन्न पक्षहरूमाथि विस्तृत छलफल गरिएको उक्त कार्यशाला गोष्ठीमा सहजकर्ताको रूपमा एटविन संयोजक भगवती नेपाल, महिला हित समाजका तुलसा दहाल र शक्ति समूहकी अध्यक्ष पूजा मिजार हुनुहुन्थ्यो ।

### सदस्य संस्थाहरूबीच धारणागत स्पष्टता गोष्ठी सम्पन्न

एटविन सदश्य संस्थाहरू बीच तीनदिने धारणागत स्पष्टता गोष्ठी मार्च २५-२७, २००२ मा काठमाण्डौंमा सम्पन्न भयो । प्रत्येक सदश्य संस्थाबाट २ जनाको



सहभागिता रहेको उक्त कार्यक्रममा GAATW का बन्दना पटनायक स्रोत व्यक्तिका रूपमा हुनुहुन्थ्यो । मानव बेचबिखन, बसाईंसराइ, युएन प्रोटोकल र अन्य सम्बन्धित विषयमा व्यापक छलफल चलाइएको उक्त कार्यक्रम सबैकालागि लाभप्रद रहेको महशुस गरिएको थियो ।

## एटविन सहभागिता

**विडेक** बाराद्वारा शिक्षकहरूको लागि धारणागत स्पष्टताकालागि आयोजित २ दिने कार्यशाला गोष्ठी २ समूहकालागि एटविनका तर्फबाट संयोजक भगवती नेपाल र शक्ति समुहका अध्यक्ष पूजा मिजारले प्रशिक्षकको भूमिका निर्वाह गर्नु भएको थियो ।

अक्सफाम जि.बि. नेपालको सहयोग र नारी शीप श्रृजना केन्द्र मकवानपुरको आयोजनामा जनवरी ३०-३१ र फरवरी ०१, २००२ मा सम्पन्न भएको मानव बेचविखन सम्बन्धी कार्यशालामा एटविन संयोजक भगवती नेपालको




स्रोत व्यक्तिको रूपमा सहभागिता रहेको भयो ।

इन्हुरेड/हिम राईटसद्धारा स्थानीय प्रतिनिधिहरू र शिक्षकहरूको लागि जनवरी १७ देखि १९, २००२ मा हेटौडामा आयोजित मानव बेचविखन सम्बन्धी गोष्ठीमा एटविनका संयोजक भगवती नेपालले स्रोत व्यक्तिको

भूमिका निर्वाह गर्नु भएको थियो ।

महिला तथा समाज कल्याण मन्त्रालयद्वारा चैत्र ०४, २०५८ मा मानव बेचविखनको सन्दर्भमा संचालित प्रशिक्षण कार्यक्रममा एटविन संयोजक भगवती नेपाल स्रोत व्यक्तिको रूपमा सहभागि हुनुभएको थियो ।

## स्मरण-पत्र हस्तान्तरण

**मानवअधिकार आयोगमा स्मरण-पत्र**

**एटविन**ले जीउ मास्नेबेच्ने कार्य नियन्त्रण विधेयक २०५७ को सन्दर्भमा अगष्ट ७, २००१ का दिन मानव अधिकार आयोगमा स्मरण-पत्र बुझाई आफ्नो धारणा स्पष्ट गर्‍यो । उक्त विधेयकमा थुप्रै कमजोरी रहेको सन्दर्भमा २ अगष्ट २००१ का दिन प्रेस वक्तव्य प्रकाशितगरि आफ्नो धारणा सार्वजनिक गरेको थियो ।


**सार्क सम्मेलनको सन्दर्भमा स्मरण-पत्रहरू**

सार्क सम्मेलनको पूर्व सन्ध्यामा प्रस्तावित चेलिबेटी बेचविखन सम्बन्धको सार्क महासन्धिलाई अझ प्रगतिशील बनाउन दवाव सिर्जना गर्ने उद्देश्यले एटविनले सार्क सचिवालय लगायत परराष्ट्र मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, श्रम मन्त्रालय, गृह मन्त्रालय र मानवअधिकार आयोगमा पुनर्स्मरण-पत्र प्रेषित गर्‍यो ।

## बैठकहरू

**रणनीतिक योजना तर्जुमा बैठक सम्पन्न**

अप्रिल २१, २००२ का दिन **एटविन**को रणनीतिक




योजना तर्जुमा बैठक स्टाफ कलेज, जावलाखेलमा बस्यो । बैठकले समय सापेक्ष **एटविन**का रणनीतिहरू तय हुनुपर्ने कुरामा जोड दिएको थियो ।

**दोस्रो सार्क पिपुल्स फोरमको निरन्तरता बैठक सम्पन्न**

एघारौं सार्क शिखर सम्मेलनको पूर्वसन्ध्या जनवरी ३, २००२ का दिन दोस्रो सार्क पिपुल्स फोरमको फलोअप बैठक सम्पन्न भयो । आसन्न शिखर सम्मेलनमा पारित हुन गैरहेको महिला तथा बालबालिका बेचबिखन र ओसार-पसार सम्बन्धको महासन्धिलाई सकारात्मक प्रभाव पार्ने उद्देश्यले आयोजित उक्त फलोअप बैठक पछाडि चेलिबेटी बेचबिखन र ओसार पसारमा फोरमको चासो र सरोकारहरू सार्क सचिवालय लगायत सार्क राष्ट्रका सरकार प्रमुखहरूलाई हस्तान्तरण गरिएको थियो । ●

**बेचिएका व्यक्तिलाई न्याय**
**अपराधीलाई कडा सजायँ ।**

---

**बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिलाई सम्मान र**
**अपराधीलाई सामाजिक वहिष्कार गरौं ।**

---

**संसदमा एक तिहाई महिला**
**आमाको नामबाट नागरिकता पहिला ।**

# एटविन गतिविधिका झलकहरु



















शुभ विजया दशमी तथा दीपावली

२०५९ को

सुखद उपलक्ष्यमा

संपूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा

## हार्दिक मंगलमय

# शुभकामना

महिला तथा बालबालिका बेचविखनविरुद्ध सहकर्मी समूह

**एटविन परिवार**

पो.ब.नं.: २१०८०, काठमाडौं, नेपाल ।

फोन: ४६९१७१, इमेल: aatwin@wlink.com.np